महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

पत्र संख्याः २०७९।८०
च.नं.

मितिः २०७९।१२।३०

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ०१-५९१९१६१ फ्याक्स नम्बर ०१-४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको व्यहोरा**	८
	मन्त्रालय र निकायगत व्यहोरा	१७
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२१
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रलय	२९
	४. आर्थिक मामिला मन्त्रालय	३५
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४८
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	५७
	७. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	७०
	८. सामाजिक विकास मन्त्रालय	८५
	९. प्रदेश लोक सेवा आयोग	१०१
	१०. मुख्य न्यायाधिवक्ताको कार्यालय	१०२
	११. प्रदेश नीति तथा योजना आयोग	१०३
	परिच्छेद ४ प्रतिवेदन कार्यान्वयनको स्थिति	१०६
	परिच्छेद ५ सुधारका क्षेत्रहरू	१०७
	अनुसूचीहरू	११२

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकारतर्फ पाँचौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ तवरले यो प्रतिवेदन तयार गरिएको छ । यो वर्ष जोखिमका आधारमा उच्च तथा न्यून जोखिम कार्यालय निर्धारण गरी लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षदेखि लेखापरीक्षण कार्यलाई विद्युतीय प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग समेत १५७ निकायको रू.३५ अर्ब ६२ करोड ३ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भई रू.९१ करोड ९५ लाख ७३ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.५८ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको २.१८ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन ।

यो वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । उक्त विषयहरूको परीक्षणबाट मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन हुन नसकेको, प्रदेशको बजेटमा संघीय अनुदानको अंश उच्च रहेको, विनियोजित बजेटको तुलनामा न्यून खर्च हुने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण र अभिलेख अद्यावधिक हुन नसेकेको, आयोजना बैङ्कमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन हुन नसकेको, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यसम्पादन भई कार्यक्रमहरू दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्तिमा नियन्त्रण हुन

नसकेको, वितरणमुखी कार्यक्रममा बजेट नियन्त्रण हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । देखिएका कैफियतमा सुधारका लागि प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित, अनुत्पादक खर्च नियन्त्रण गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिनिधिहरू र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३० चैत्र २०७९

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिए बमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १५७ निकायको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च

जोखिमयुक्त ८५ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ७२ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरीएको छ । गत वर्ष देखि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग सफ्टवेयर मार्फत लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा लेखापरीक्षण गर्न सम्बन्धित सरोकारवालाहरूलाई भर्चुअल माध्यमबाट जानकारी समेत गराइएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र सङ्ख्याः २०७९।८० मितिः २०७९।१२।२९
च.नं.: ४८७

श्री सचिव,
आर्थिक मामिला मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषयः प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

१. कैफियत सहितको रायः

हामीले सुदूरपश्चिम प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

२.१. प्रदेश सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखाप्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेट्नु पर्ने सबै सूचना, कारोबार समेट्न सकेको छैन ।

२.२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.८० करोड ५६ लाख ८१ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.३ करोड ९० लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५७ करोड ५१ लाख ५९ हजार, नियमित गर्नुपर्ने रू.९ करोड ४० लाख २५ हजार र पेस्की बाँकी रू.९ करोड ७४ लाख ७२ हजार रहेको छ । त्यसै गरी अन्य संस्था एवम् समितितर्फ रु.११ करोड ३८ लाख ९२ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ४२ लाख ६२ हजार, प्रमाण पेश गर्नुपर्ने रु.६ करोड ९ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ८६ लाख ४३ हजार र पेश्की बाँकी रु.५० हजार रहेको छ ।

२.३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पत्तिको बिस्तृत विवरण खुलासा नगरेको कारण विश्लेषण गर्न सक्ने अवस्था रहेन ।

२.४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँट गर्नुपर्ने सवारी साधन कर सङ्कलन वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा

दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यस वर्ष जम्मा रु.५६ करोड ४४ लाख ५१ हजार आय देखिएकोमा यस आर्थिक वर्षमा रु.५४ करोड ४७ लाख ३० हजार विभाजन गरेको र बाँकी रु.१ करोड ९७ लाख २१ हजार आर्थिक वर्ष २०७९।८० मा विभाजन गरेको छ। त्यस्तै आर्थिक वर्ष २०७७।७८ को रु.३ करोड १९ लाख ९३ हजार यस आर्थिक वर्षमा विभाजन भएको छ। सवारी साधनहरूको लगत अद्यावधिक गरी यथार्थ हिसाब प्रस्तुत गर्नुपर्दछ ।

२.५. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व कोषमा रू.७२ करोड ८९ लाख प्राप्त भएको छ । प्राप्त हुनुपर्ने सबै रकमको अद्यावधिक विवरण समेत तयार भएको पाइएन ।

२.६. प्रदेश सरकारको स्रोतबाट ८८ स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदानमा यस वर्ष रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार हस्तान्तरण गरेको छ । मन्त्रालयले स्थानीय तहलाई गरेको निकासा, खर्च र खर्च नभई बाँकी रहेको हिसाब तयार गरेको छैन । सो रकम समेत प्रदेश सञ्चित कोषको हिसाबमा समावेश भएकोले प्रस्तुत खर्च यर्थाथपरक रहेको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७९ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकमको अभिलेख राखेको छैन। यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्दछ।

२.७. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्तालेसामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु बिष्ट)
उप-महालेखापरीक्षक

परिच्छेद - १
लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण -** यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १४४ (१ निकायको विनियोजन तर्फको बक्यौता समेत) निकायको रू.३१ अर्ब ८५ करोड ८९ लाख २९ हजार, अन्य संस्था तथा समितितर्फ १३ निकायको रू.३ अर्ब ७६ करोड १४ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण अनुसूची-१, १(क), २ र ३ मा उल्लेख छ।

लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रू.हजारमा)
१. सरकारी कार्यालय (१ निकायको विनियोजन तर्फको बक्यौता समेत)	१४४	३१८५८९२९
२. समिति र अन्य संस्था	१३	३७६१४३२
जम्मा	**१५७**	**३५६२०३६१**

१. **सरकारी निकाय -** यो वर्ष १४४ (१ निकायको विनियोजन तर्फको बक्यौता समेत) सरकारी निकायको विनियोजन राजस्व धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ ।

(रू.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७८।७९ को खर्च रकम	बक्यौता	जम्मा
१.	विनियोजन	१९५२२१४६	२०२९१	१९५४२४३७
२.	राजस्व	९४४७६४२	०	९४४७६४२
३.	धरौटी	२२७२०९०	०	२२७२०९०
४.	अन्य	५९६७६०	०	५९६७६०
जम्माः		**३१८३८६३८**	**२०२९१**	**३१८५८९२९**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण अनुसूची—२ मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था -** आर्थिक वर्ष २०७८/७९ मा विकास समिति अन्य संस्था तथा समिति १३ को रू.३ अर्ब ७६ करोड १४ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची ३ र ४ मा समावेश छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा **परिच्छेद-३** को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन**

३. **प्रदेश बजेट कार्यान्वयन स्थिति-** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ ।

(रू.हजारमा)

शीर्षक/क्षेत्र	२०७८/०७९		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	१२५७३५९६	८९२५३००	७०.९८
पुँजीगत खर्च	१८६०२०९४	११९५२०५९	६४.२५
वित्तीय व्यवस्था	३०००००	०	०
जम्मा	३१४७५६९०	२०८७७३५९	६६.३३

नोटः सोझै भुक्तानी भएको रकम रू.५६ लाख २० हजार प्रदेश सरकारको निकासा खर्चमा समावेश छ ।

४. **खर्चको स्थिति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल चालु र पुँजिगत खर्चको विवरण निम्नानुसार छ ।

(रू.हजारमा)

क्र. सं.	निकाय	बजेट			यथार्थ खर्च		
		चालु तर्फ	पुँजीगत तर्फ	जम्मा	चालु तर्फ	पुँजीगत तर्फ	जम्मा
१	प्रदेश सभा सचिवालय	१७८५२५	११३५०	१८९८७५	१३१३०७	१०४८७	१४१७९४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	३०६९७४	८७८०८	३९४७८२	१६३५४६	२८७४९	१९२२९५
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३८२६०८	३२५८४०	७०८४४८	३३१५८९	२११२१०	५४२७९९
४	आर्थिक मामिला मन्त्रालय	२२७७८७	९००७७	३१७८६४	८४०३८	४२४६३	१२६५०१
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	९५२१८९	१३०७६०२	२२५९७९१	६६७१७२	१०६२४६३	१७२९६३५
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२६०४५४७	३१३९३१	२९१८४७८	१९९४२३२	२१५४००	२२०९६३२
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	४२६६८३	१२४९७७७४	१२९२४४५७	३२५५५६	८६९४१४१	९०१९६९७
८	सामाजिक विकास मन्त्रालय	४१३६६२९	२३७६७०४	६५१३३३३	३२६१६७९	१६६९७१७	४९३१३९६
९	प्रदेश लोकसेवा आयोग	७९६७४	१६०८५	९५७५९	३८०६५	१२३०५	५०३७०
१०	प्रदेश नीति तथा योजना आयोग	२५०५३	५८१३	३०८६६	१६३७०	५१२४	२१४९४
जम्मा		**९३२०६६९**	**१७०३२९८४**	**२६३५३६५३**	**७०१३५५४**	**११९५२०५९**	**१८९६५६१३**
अर्थ वित्तीय व्यवस्था							
११	अर्थ विविध	९३१२९९	१५६९१०९	२५००४०८	०	०	०
१२	स्थानीय तह	२३२१६२८	०	२३२१६२८	१९११७४६	०	१९११७४६
१३	वित्तीय व्यवस्था			३०००००			
	जम्मा	**३२५२९२७**	**१५६९१०९**	**५१२२०३६**	**१९११७४६**	**०**	**१९११७४६**
	कुल जम्मा	**१२५७३५९६**	**१८६०२०९३**	**३१४७५६९०**	**८९२५३००**	**११९५२०५९**	**२०८७७३५९**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रू.७ अर्ब १ करोड ३५ लाख ५४ हजार अर्थात् विनियोजनको ३६.९८ प्रतिशत र पुँजीगततर्फ रू.११ अर्ब ९५ करोड २० लाख ५९ हजार अर्थात् विनियोजित बजेटको ६३.०२ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रू.२६ अर्ब ३५ करोड ३६ लाख ५३ हजार मध्ये ७१.९७ प्रतिशत अर्थात् रू.१८ अर्ब ९६ करोड ५६ लाख ११ हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रू.२ अर्ब ३२ करोड १६ लाख २८ हजार व्यवस्था गरेकोमध्ये रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार अर्थात् ८२.३५ प्रतिशत खर्च गरेको छ। समग्रमा प्रदेश सरकारको सञ्चित कोषबाट रू.३१ अर्ब ४७ करोड ५६ लाख ९० हजार विनियोजन

भएकोमा रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार खर्च भई विनियोजनको तुलनामा ६६.३३ प्रतिशत खर्च गरेको देखियो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउन प्रदेशले विनियोजन गरेको बजेटबाट स्थानीय सरकारका कार्यक्रम संचालन गर्न वित्तीय समानीकरण अनुदान तर्फ रू.७२ करोड ४५ लाख, सर्शत अनुदान तर्फ रू.४७ करोड ७१ लाख ८२ हजार, विशेष अनुदान तर्फ रू.३४ करोड ३३ लाख १३ हजार र समपुरक अनुदान तर्फ ३६ करोड ६७ लाख ५१ हजार समेत रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार हस्तान्तरण गरेको छ ।

५. **स्रोतगत अनुमान र यथार्थ खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.हजारमा)

स्रोत	२०७८।७९ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
संघीय सरकार तर्फ				
समानीकरण अनुदान	८५४४०००	८५४४०००	५१११२३१	५९.८२
सशर्त अनुदान (वैदेशिक सहयोग समेत)	५०८७३९३	५२५३४४६	३९०८२५५	७६.८२
समपूरक अनुदान	१२२९४००	१२२९४००	१९६६७३	१६.००
विशेष अनुदान	६१३५००	६१३५००	५७०१६३	९२.९४
प्रदेश सरकारतर्फ	**९२२६८१५**	**९४४९४०२**	**११०९१०३७**	१२०.२०
जम्मा	**२४७०११०८**	**२५०८९७४८**	**२०८७७३५९**	८४.५२

***नोटः** सोझै भुक्तानी भएको रकम रू.५६ लाख २० हजार सशर्त अनुदानमा समावेश छ ।*

आर्थिक वर्ष २०७८।७९ मा प्रदेश सरकारको कुल खर्चको ४६.८८ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ५३.१२ प्रतिशत रहेको छ।

६. **राजस्व असुली -** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व सङ्कलन र परिचालन रहेको छ। २०७८।७९ मा प्रदेश सरकारको प्राप्ति अवस्था निम्न अनुसार छन्:

(रू.हजारमा)

सि.नं.	स्रोत	अनुमान	प्राप्ति	प्रतिशत
१.	कर राजस्व	८८०८६८५	८८२४५७६	१००.१८
२.	अन्य राजस्व (बेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता समेत)	४१८१६०	६२४८२६	१४९.४२
	जम्मा	**९२२६८४५**	**९४४९४०२**	**१०२.४१**

- आर्थिक बर्ष २०७८।७९ मा प्रदेशले प्राप्त गरेको राजस्व रू.१० अर्ब १७ करोड ८३ लाख २ हजार रहेको छ । प्रदेश सरकारले वन क्षेत्रको रोयल्टी वापत रू.१६ करोड ४४ लाख ४८ हजार र सवारी साधन करबाट रू.५६ करोड ४४ लाख ५२ हजार असुल गरेकोमा सवारी साधन करतर्फ रू.३३ करोड ८६ लाख ७१ हजार प्रदेश संचित कोषमा आम्दानी देखाएको छ ।
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको रहेको छ। साथै प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सञ्चित कोषको आर्थिक विवरणमा उल्लेख भए अनुसार घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना समेतबाट यो वर्ष कुल रू.१० अर्ब १७ करोड ८३ लाख २ हजार राजस्व असुल गरेको छ । शीर्षकगत राजस्व असुलीको विस्तृत विवरण **अनुसूची-८** मा उल्लेख गरिएको छ ।

७. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७८।७९ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न अनुसार छ ।

(रू.हजारमा)

क्र.सं.	अनुदानको विवरण	बार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	७२४५००	७२४५००	१००
२	सशर्त अनुदान	५९७१२८	४७७१८२	७९.५८
३	विशेष अनुदान	४०००००	३४३३१३	८५.८३
४	समपूरक अनुदान	६०००००	३६६७५१	६१.१३
	जम्मा	**२३२१६२८**	**१९११७४६**	**८२.३५**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो बर्ष ८८ स्थानीय तहमा रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार उपलव्ध गराएको छ । माथि समावेश भएको हस्तान्तरण रकममा फिर्ता गरेको रकम घटाई खुद प्राप्ति रकम समावेश गरिएको छ । उल्लिखित हस्तान्तरित रकम प्राप्त गरेका सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

८. **संघीय कार्यालयलाई अख्तियारी** - प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका ४६ कार्यालयलाई रू.४० करोड ८८ लाख ५५ हजार बजेट उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.९१ करोड ९५ लाख ७३ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रू.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**८०५६८१**	**११३८९२**	**९१९५७३**	**१०० **
१. असुल गर्नुपर्ने	**३९०२५**	**१४२६२**	**५३२८७**	**५.७९**
२. नियमित गर्नुपर्ने	**६६९१८४**	**९९५८०**	**७६८७६४**	**८३.६१**
• अनियमित भएको	९४०२५	३८६४३	**१३२६६८**	१४.४३
• प्रमाण कागजात पेस नभएको	५७५१५९	६०९३७	६३६०९६	६९.१७
• जिम्मेवारी नसारेको	०	०	०	०
• शोधभर्ना नलिएको	०	०	०	०
३. पेस्की	**९७४७२**	**५०**	**९७५२२**	**१०.६०**
• कर्मचारी पेस्की	१९५५	५०	२००५	०.२२
• मोबीलाइजेसन पेस्की	०	०	०	०
• प्रतितपत्र पेस्की	०	०	०	०
• संस्थागत पेस्की	९५५१७	०	९५५१७	१०.३८

सुदूरपश्चिम प्रदेशमा यस वर्ष मोविलाइजेशन पेश्की रू.५१ करोड ५७ लाख ४५ हजार वर्षान्त सम्म फर्स्यौट गर्न बाँकी छ । बेरुजु वर्गीकरणको विवरण अनुसूची ९ र १० मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समिति तर्फ गत वर्षको बाँकी रू.१ अर्ब ५४ करोड ९६ लाख २० हजार बेरुजु रहेकोमा यो वर्ष रू.७ करोड ७२ लाख ३३ हजार सम्परीक्षण भई रू.१ अर्व ४७ करोड २३ लाख ८७ हजार बाँकी रहेको र यो वर्षको रू.९१ करोड ९५ लाख ७३ हजार थप भई जम्मा बेरुजु रू.२ अर्ब ३९ करोड १९ लाख ६० हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-११ मा रहेको छ।

(रू.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष सम्म	यस वर्ष	जम्मा रकम
१	प्रदेश सरकारी कार्यालयको बेरुजु	११३९७३२	८०५६८१	१९४५४१३
२	अन्य संस्था तथा समितिको बेरुजु	३३२६५५	११३८९२	४४६५४७
	जम्मा	**१४७२३८७**	**९१९५७३**	**२३९१९६०**

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

३.१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पालना गर्दा समेत २०७८।७९ को बेरुजु फर्स्यौंट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन । तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची -१३ मा समावेश गरिएको छ ।

३.२. सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

(रू. हजारमा)

क्र. स.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	आन्तरिक मामिला मन्त्रालय	८८४०८१	१४७७	२७४९५१	३६५४	२८००८२	३०.४६	३१.६८
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०४७०७५२	२०२५९	१४३८२९	६८१३१	२३२२१९	२५.२५	२.२२
३	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२४१६८४०	१०६६२	१६१६६५	४५००	१७६८२८	१९.२३	७.३२
४	सामाजिक विकास मन्त्रालय	७४८०४६६	१७२१६	१०३०९१	१७१००	१३७४०७	१४.९५	१.८४
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	२६२२९२५	२८९७	७५५७०	४१३७	८२६०४	८.९८	३.१५
६	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	३३०१५७	२६१	९०२२	०	९२८३	१.०१	२.८१
७	प्रदेश सभा सचिवालय	१४३९३६	५१५	२८१	०	७९५	०.०८	०.५५
८	आर्थिक मामिला मन्त्रालय	१११७१२३१	०	२१३	०	२१३	०.०२	०.००२
९	प्रदेश लोकसेवा आयोग	७८४७९		१४२	०	१४२	०.०२	०.१८
१०	प्रदेश नीति तथा योजना आयोग	२१४९४	०	०	०	०	०.००	०.००
	जम्मा	३५६२०३६१	५३२८७	७६८७६४	९७५२२	९१९५७३	१००	२.५८

सरकारी कार्यालयतर्फ आन्तरिक ममिला तथा कानुन मन्त्रालय सबै भन्दा बढी बेरुजु हुने निकायको रुपमा रहेको र प्रदेश नीति तथा योजना आयोग सबैभन्दा कम बेरुजु हुने निकायको रुपमा रहेको छ।

३.३. यो वर्ष १४४ प्रदेश कार्यालय (१ समितिको विनियोजन तर्फको बक्यौता समेत) र १३ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ३० कार्यालय (१९.११ प्रतिशत) मा बेरुजु देखिएन ।

३.४. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४४(१ समितिको विनियोजन तर्फको बक्यौता समेत) को लेखापरीक्षण गरेकोमा ६५ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था तर्फ भने सबै कार्यालयमा लगती बेरुजु देखिएको छ ।

३.५. यो वर्ष १४४ प्रदेश कार्यालयको २ हजार ८६ दफा बेरुजु कायम रहेकोमा १ हजार २०५ दफा सैद्धान्तिक र ८८१ दफा लगती बेरुजु कायम भएको छ ।

३.६. प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समिति तर्फको गत वर्षसम्मको पेस्की रू.३७ करोड ५६ लाख १५ हजार बाँकी रहेकोमा यो वर्ष रू.४ करोड २२ लाख ६५ हजार फर्स्यौट भई रू.३३ करोड ३३ लाख ५० हजार बाँकी रहेकोमा यस वर्ष रू.९ करोड ७५ लाख २२ थप भई रू.४३ करोड ८ लाख ७२ हजार बाँकी रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.७. सरकारी कार्यालय तथा समिति एवं अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रू.५२ लाख २२ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.३ लाख ५५ हजार र सम्परीक्षणको क्रममा रू.३७ लाख ३५ हजार समेत रू.९३ लाख १२ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

३.८. सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ १८ निकायको रू.१८ लाख ३३ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.९. प्रदेश कार्यालयतर्फ ५ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु रकम	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
दोस्रो २०७७	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
तेस्रो २०७८	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१
चौथो २०७९	३५४९७८४५	७७२४८१	२.१८	४८४२१२	१.३६
पाचौं २०७९	३५६२०३६१	**९१९५७३**	२.५८	८२२०५१	२.३१

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

१. **ऐन नियमको पालना** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कार्यमध्ये प्रदेश सरकारका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना बेगर नै खरिद कार्य सञ्चालन गर्ने, सम्झौता अनुसारको तोकिएको समयमा काम सम्पन्न नगर्ने, मालसामान वा निर्माण कार्यको उच्चतम प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी प्याकेज नबनाउने, कतिपय कार्यमा त्रुटी सुधार गर्ने अवधिसम्म बहाल नरहने जमानत लिने, कार्यालयबाटै हुन सक्ने कार्यका लागि समेत परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेस्की दिनुपर्नेमा पूरै पेस्की दिने, पूर्बानुमान गर्न सकिने काममा पनि भेरियसन आदेशबाट थप काम गराउने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण तोकिएको समयमा काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता वमोजिम काम शुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने, निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने, फरक सूचकांक प्रयोग गरी मुल्य बृद्धि बढी भुक्तानी दिने र निर्माणस्थलको तयारी वेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको देखिएको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद गर्न, उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेस्की फर्स्यौट नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाण र मुल्य अभिवृद्धि कर समायोजन पत्र बेगर फिर्ता दिने गरेको देखिएको छ । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्दछ।

२. **वार्षिक नीति तथा कार्यक्रम** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयहरूलाई प्राप्त कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकार गठन भएको ४ वर्ष भन्दा बढी अवधिमा सरकार गठन पश्चात तुरुन्त गर्नुपर्ने प्रदेश निजामती सेवा ऐन, नियम तर्जुमा, सार्वजनिक सेवा वितरण र गुणस्तर मापदण्ड निर्धारण, स्थानीय तहका कर्मचारीहरूको कानुन तर्जुमा, कार्यसम्पादन करार कार्यान्वयन, मन्त्रालयगत एकीकृत तथ्याङ्क केन्द्रको स्थापना, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन, विद्यालयहरूको पाठ्यक्रम सुधार, प्रदेश प्रहरी सञ्चालन, प्रदेश भित्रका सडक सुरक्षा मापदण्ड तर्जुमा तथा कार्यान्वयन लगायतका कार्यहरू हालसम्म गरेको देखिएन। कार्यान्वयन योग्य कार्यक्रममात्र नीति तथा कार्यक्रममा समाबेश गरी कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३. **सेवा प्रवाह** - सुदूरपश्चिम प्रदेशको २०७८/७९ को बजेट वक्तव्यको बुँदा २२७ देखि २३५ सम्ममा उल्लिखित सुशासन र सार्वजनिक सेवा प्रवाह अन्तर्गत प्रदेशमा कार्यरत कर्मचारीलाई आवास

निर्माणका लागि सहुलियत दरमा ऋण उपलव्ध गराउने, हेलो मुख्यमन्त्री कार्यक्रमलाई निरन्तरता दिने, सार्वजनिक पदाधिकारीमा सदाचार एवम सुशासनको कार्य संस्कृति प्रवर्द्धन गरिने, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको क्रममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण त्रैमासिकरुपमा जानकारी गराउने, प्रदेश अर्न्तगतका निकायबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलव्धी समेतका सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने, नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक समाज लगायत बहु-सरोकारवालाको निगरानी बढाउने जस्ता विषयहरू कार्यान्वयन गरेको देखिएन ।

प्रदेश सरकारबाट सञ्चालन हुने सबै कार्यक्रमको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, घुम्ती सेवा प्रदान गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई संयन्त्रको व्यवस्था मिलाई कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

४. **दरबन्दी र पदपूर्ति** - यो प्रदेश २०७४ मा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति गर्नुपर्नेमा प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहतका कार्यालयमा कुल २ हजार ६९९ दरबन्दी स्वीकृत भएकोमा १ हजार ६०८ पदपूर्ती भई १ हजार ९१ पद रिक्त रहेका छन् । रिक्त दरबन्दी पदपूर्ति नहुँदा सेवा प्रबाहमा प्रत्यक्ष प्रभाव परेको छ । आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण समेत गरी दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाई कार्यसम्पादन गर्नुपर्दछ ।

५. **प्रादेशिक विकास समस्या समाधान समिति** - बजेट वक्तव्य २०७८/७९ को बुँदा नं २५१ मा प्रादेशिक विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा देखिने नीतिगत समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रत्येक तीन-तीन महिनामा बैठक बस्ने गरी प्रादेशिक विकास समस्या समाधान समिति गठन गर्ने उल्लेख भएकोमा गठन भएको देखिदैन।त्यस्तै बजेट कार्यान्वयनको सिलसिलामा देखिने समस्या समाधानका लागि आर्थिक मामिला मन्त्रीको संयोजकत्वमा प्रत्येक दुई-दुई महिनामा बैठक बस्ने र बजेट कार्यान्वयन अनुगमन निर्देशन समिति गठन गरी बजेट कार्यान्वयनमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतलाई समग्र रूपमा जिम्मेवार बनाउने उल्लेख भएकोमा सो समिति समेत गठन भएको छैन । बजेट वक्तव्यमा उल्लिखित व्यहोरा तोकिएको प्रकृया पुरा गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **प्रदेश समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । उक्त परिषद्ले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था भए पनि कार्यविधि निर्धारण गरेको देखिएन । परिषद्को यो वर्ष २०७७।९।२८ मा बसेको एकमात्र बैठकले २० निर्णय र ५ प्रतिबद्धता गरेको देखियो । बैठकले गरेका निर्णयमा कोभिड-१९ को व्यवस्थापनमा सहकार्य र समन्वय गर्ने, प्रदेश र स्थानीय सरकार बीचको वित्तीय सम्बन्धलाई थप सरल र प्रभावकारी बनाउने, बेरुजुको अवस्थामा सुधार ल्याउने, कर्मचारीको अभाव पूर्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने, यस बर्ष सम्पन्न गर्नुपर्ने

योजनाको कार्यतालिका बनाई जेठमसान्तमा सम्पन्न गर्न प्रयास गर्ने लगायतका निर्णय गरेको थियो । उक्त बैठक पश्चात यस बर्ष परिषदको थप बैठक बसेको देखिएन । परिषद्को कार्यविधि तयार गरी आवश्यकता अनुसार बैठक बसी प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई समेत थप बिश्वसनीय, प्रभावकारी र जनमुखी बनाउन परिषद्ले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

७. **दिगो विकास लक्ष्यको कार्यान्वयन** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रवन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयार गरेको छैन । राष्ट्रिय योजना आयोगको मार्गदर्शन अनुसार प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । आवश्यक संस्थागत व्यवस्था गरी प्रादेशिक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्दै दिगो विकासले निर्धारण गरेका लक्ष्य हाँसिल गर्नुपर्दछ ।

८. **आयोजना बैंक** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५क मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको कार्य प्रदेश सरकार मातहतका मन्त्रालय तथा कार्यालयबाट भएको देखिएन। ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मकरुपमा उच्च परिणाम देखिन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजानु पर्दछ ।

९. **योजना तथा कार्यक्रम तर्जुमा** - प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलव्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । जिल्लास्तरीय आयोजना, आर्थिक मामिला मन्त्रालयको नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिव र प्रदेश स्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू

दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

१०. **कार्यक्रममा दोहोरोपना** - संघ, प्रदेश र स्थानीय तहले सीप तथा रोजगारमूलक लगायतका तालिम सञ्चालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । श्रम, शिक्षा, कृषि, पशु, युवा, सहकारी तथा स्वास्थ्य जस्ता निकायहरूले सरोकारवालालाई दिने तथा ती निकायमा सम्बद्ध व्यक्तिहरू आफै सहभागी हुने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा सञ्चालन भएको देखिन्छ । तीन वटै सरकारी निकायबीच समन्वय गरी दोहोरो नपर्ने तथा दिइने सेवा सुबिधामा एकरुपता हुने गरी मितव्ययी तथा प्रभावकारी हुने गरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

११. **संघीय कार्यालयलाई अख्तियारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको नीति निर्माण, कार्यान्वयन र व्यवस्थापन गरी कार्यसम्पादन गर्ने कार्य प्रदेश सरकारको हो । यसै अनुसार प्रदेश सरकारले घोषणा गरेका कार्यक्रमहरू स्रोतको सीमितताका कारणले सम्पन्न हुन नसकेको अवस्था बिद्यमान रहेको अबस्थामा ४७ संघीय कार्यालयलाई रू.६३ करोड ८८ लाख ७४ हजार बजेट विनियोजन गरेको मध्ये रू.४८ करोड ६१ लाख ९६ हजार खर्च गरेको देखिन्छ । संघीय सरकार मातहत कार्यालयले खर्च हुन नसकेको रकम वर्षान्तमा प्रदेश सञ्चित कोषमा दाखिला गरेतापनि सामाजिक विकास मन्त्रालयले संघीय सरकार मातहतका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका ६ स्वायत्त निकायलाई निकासा दिएको रू.३४ करोड १९ लाख ५२ हजारमध्ये खर्च नभएको रकम यकिन गरी फिर्तासमेत गराउने व्यवस्था मिलाउनु पर्दछ ।

१२. **अन्यत्र कार्यालय स्थापना** - प्रदेश सरकारले भौगोलिक र प्रादेशिक सन्तुलनका लागि सामाजिक विकास, पूर्वाधार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय गरेको छ। तर उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालय अन्तर्गतको प्रदेश वन निर्देशनालयले मासिक रू.१ लाख २० हजार र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको मासिक रू.५६ हजार घरभाडामा लिई कार्यालय र कर्मचारी आवासकालागि प्रयोग गर्ने गरी कैलाली जिल्लाको धनगढीमा कार्यालय सञ्चालन गरेको छ । प्रदेश सरकारको निर्णय विपरित तोकिएको स्थान बाहिर कार्यालय खोली प्रदेश सरकारलाई थप व्ययभार पार्ने कार्य नियन्त्रण गर्न सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३. **सरकारी सम्पत्तिको लगत** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने, उपनियम (२) मा प्रत्येक कार्यालयले कार्यालयमा रहेको सवारी साधनको लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहतका कार्यालयले नियमानुसार सरकारी घरजग्गा र सवारीसाधनको लगत अद्यावधिक गरेको नदेखिएकोले नियमानुसार लगत अद्यावधिक गर्नुपर्दछ ।

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी आर्थिक मामिला मन्त्रालयलाई तोकेको छ । सङ्घीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण भएको तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी लगत तयार गर्ने कार्य भएको पाइएन भनि औल्याउँदै आएकोमा उक्त स्थितिमा सुधार भएको पाइएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ।

१४. **प्रदेश राजधानीको पूर्वाधार निर्माण -** सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले २०७५।६।१२ मा कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राख्ने निर्णय गरेको छ । राजधानी स्थापनाको लागि बिस्तृत आयोजना अध्ययन प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक परामर्शदाता नियुक्त गरी गत बर्ष रू.८ लाख २५ हजार भुक्तानी गरेको र यस बर्ष रू.२ करोड ७२ लाख ८० हजार बजेट विनियोजन गरे पनि कुनै काम नभएकोले खर्च भएको देखिएन । राजधानी स्थापनाको निर्णय गरेको करिब ५ वर्षको समय सकिँदा पनि सो सम्बन्धी उल्लेखनीय प्रक्रिया अघि नबढनु मनासिब देखिदैन ।

१५. **अनुदान -** प्रदेश सरकारबाट वितरण हुने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्न एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरिने भनि २०७७।७८ र २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएको थियो । यो बर्ष प्रदेश मातहतका विभिन्न कार्यालयले अनुदान सम्बन्धी नीति तथा कानुनी व्यवस्था बेगर अनुदान सम्बन्धी चालू र पुँजीगतका बिभिन्न बजेट शीर्षकबाट रू.९ करोड ८५ लाख ८६ हजार अनुदान खर्च लेखेको देखिन्छ। यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रू.१ करोड ७९ लाख ८१ हजार र सामाजिक विकास मन्त्रालयले रू.४ करोड ५५ लाख ४४ हजार खर्च गरेको देखिएको छ । सो रकमका अतिरिक्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका १८ कार्यालयले कार्यक्रम शीर्षकबाट रू.८० करोड ५९ लाख खर्च गरेको मध्ये अधिकांश खर्च कृषि उपकरण, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया लगायतका लागि अनुदान र सहायताका लागि खर्च लेखेको देखिएको छ । संघीय सरकार मातहतको प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना लगायत स्थानीय तहले समेत त्यस्ता कार्यक्रममा अनुदान दिएको अवस्था छ । अनुदान वितरण गर्दा तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, वितरित अनुदानको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन नहुने र सालवसाली दिएको अनुदानको एकीकृत अभिलेख नरहँदा अनुदान पाउने निकाय दोहोरिन सक्ने अवस्था छ। अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भएको भनि प्रगति प्रतिवेदन तयार गर्ने गरेकै आधारमा वितरित रकमको उच्चतम सदुपयोग भएको भनि बिश्वस्त हुने अवस्था छैन । बजेट वक्तव्यमा उल्लेख भए अनुसार अनुदान दिँदा उत्पादनमा बृद्धि हुने, राजस्वमा योगदान पुग्ने, रोजगारी तथा स्वरोजगारीमा बृद्धि हुने एवं लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थालेसमेत सो कार्यक्रमको अनुशरण गर्ने गरी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गर्नुपर्दछ ।

१६. **कारागार कार्यालयलाई अनुदान** - आन्तरिक तथा कानुन मन्त्रालयले संघीय सरकार अन्तर्गतका कार्यालयलाई बिभिन्न कार्यको लागि दिएको निकासा रकमबाट भएको खर्चको फाँटवारी तथा लेखापरीक्षण प्रतिवेदन समयमै प्राप्त गर्नुपर्दछ। नौ जिल्लाका कारागार कार्यालयमा रहेका कैदीबन्दीहरूको लागि तालीम दिन चालुतर्फ रू.४० लाख ५० हजार अनुदान निकासा दिएकोमा ४ कारागार कार्यालयको विवरण प्राप्त भई बाँकी ५ कार्यालयको रू.२० लाख ५० हजारको तथा पुँजीगततर्फ भवन मर्मत सम्भार गर्न ५ जिल्लाको लागि दिएको रू.४५ लाख समेत जम्मा रू.६५ लाख ५० हजारको सम्बन्धित कार्यालयबाट खर्चको फाँटवारी र लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश भएको छैन । समयमै लेखापरीक्षण प्रतिवेदन र फाँटवारी प्राप्त गरी खर्च नभएको रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१७. **उपचार खर्च** - सामाजिक विकास मन्त्रालयले आर्थिक रुपमा विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ बमोजिम माननीय सामाजिक विकास मन्त्रीस्तरको निर्णयले प्रति व्यक्ति बढीमा रू.५० हजारसम्म, माननीय मुख्यमन्त्रीस्तरको निर्णयले प्रति व्यक्ति बढीमा रू.१ लाखसम्म औषधी उपचार खर्च दिन पाउने व्यवस्था अनुसार रू.३ करोड २१ लाख ४० हजार र मन्त्रिपरिषदको निर्णयले दुई कर्मचारी र एक पत्रकारलाई रू.१० लाख ५० हजारसमेत ७०० व्यक्तिलाई रू.३ करोड ३१ लाख ९० हजार उपलव्ध गराएको छ । उक्त खर्चको अतिरिक्त मन्त्रिपरिषद्को पटके निर्णय अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत १२ सांसदलाई रू.९ हजार ६०८ देखि रू.६८ हजार ४१८ सम्म गरी कुल रू.४ लाख ३० हजार ६७३ उपचार खर्च उपलव्ध गराएको छ। विपन्न नागरिकलाई निर्देशिका अनुसार उपचार खर्च उपलव्ध गराउने गरे पनि मन्त्री, सांसद लगायत अन्यलाई उपचार खर्च उपलव्ध गराउने निर्देशिकामा नभएकोले यस्ता प्रकारको सहायता उपलव्ध गराउनु मनासिब देखिदैन । निर्देशिकाको व्यवस्था अनुसार उपचार खर्च उपलव्ध गराउने व्यवस्था हुनुपर्दछ।

१८. **विशेष परिस्थितिमा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्न वा गराउन सक्ने व्यवस्था छ । सो अनुसार खरिद गर्दा एक तह माथिको अधिकारीलाई जानकारी दिनुपर्ने, खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार खुलाउनुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने एवं खरिद कार्यको अभिलेख राख्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीबाट विशेष परिस्थितिको लागि बजेट तथा कार्यक्रम माग गरेकोले मन्त्रालयले २०७९।३।२३ मा आपतकालिन शीर्षकमा रहेको बजेटबाट रू.२ करोड निकासा गरेको छ । सो बजेटबाट ३१ खानेपानी र अन्य १४ आयोजनाका लागि पाइप र फिटिङ्स खरिद गरी रू.१ करोड ६३ लाख ६ हजार खर्च गरेको छ । मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए अनुसार आपतकालिन परिस्थितिमा खरिद कार्य गरेको कार्यालयको भनाई रहेतापनि नियमानुसारको विधि र प्रक्रिया अवलम्बन गरेको छैन । विशेष परिस्थितिका लागि तोकिएको प्रक्रिया पूरा नगरी र प्रतिस्पर्धा सीमित हुने गरी गरिने खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिकरुपमा राजश्व, वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेत देखिने विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रू.३१ अर्व ४७ करोड ३१ लाख १४ हजार बजेट विनियोजनमध्ये रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार खर्च भएको छ । सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांकन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन । तोकिए अनुसार प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

२०. **रकमान्तर** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १७ मा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको हुने व्यवस्था छ । वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्रियाकलापलाई मन्त्रालयले कार्यक्रममा समावेश गरेपछि सोअनुसार कार्यान्वयन गर्नुपर्नेमा तदनुसार नगरी निश्चित आधार वेगर मन्त्रालय स्वयंले पटक-पटक रकमान्तर गर्नु औचित्यपूर्ण देखिएन। यो वर्ष प्रदेश मन्त्रालय र मातहतको चालु तर्फको सुरु बजेट रू.१२ अर्व ६२ करोड ९९ लाखमा रकमान्तरबाट रू.३ अर्व ११ करोड २ लाख थप र रू.३ अर्व १६ करोड ६५ घट गरी रू.१२ अर्ब ५७ करोड ३६ लाख अन्तिम बजेट कायम गरेको छ । त्यस्तै पूँजीगत तर्फको सुरु बजेट रू.१८ अर्व ५४ करोड ५८ लाखमा रकमान्तरबाट रू.६ अर्व ९० करोड ६३ लाख थप र रू.६ अर्व ८५ करोड घट गरी रू.१८ अर्व ६० करोड २१ लाख बजेट कायम गरेको देखियो । जस अनुसार चालु खर्च तर्फ २५.०७ प्रतिशत र पूँजीगत खर्च तर्फ ३६.९४ प्रतिशत रकमान्तर भएको देखिन्छ । वर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने तथा पुष्ट्याई वेगर पटके र पहुँचको भरमा बजेट थपघट गरी विभिन्न कार्यक्रममा रकमान्तर गर्दा बजेट कार्यान्वयन चरणको समयावधिको कारणले खर्चको उपलब्धी सार्थक हुन सक्ने देखिंदैन । संसदीय जानकारी बाहिर गई रकमान्तर गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

२१. **कार्यसम्पादन करार** - प्रदेश सरकारको २०७८।७९ बजेट वक्तव्य अनुसार सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख छ । तर सो व्यबस्था अनुसार कार्यसम्पादन करार गरेको पाइएन। ऐन र बजेट वक्तव्यमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी निकाय प्रमुख, लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्रीले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । सुदूरपश्चिम प्रदेशमा यो वर्ष विनियोजनतर्फको रू.३१ अर्व ४७ करोड ५७ लाख बजेट व्यबस्था भएकोमा रू.२० अर्व

८० करोड ४७ लाख अर्थात ६६.३३ प्रतिशतमात्र खर्च भएको अवस्था छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनु पर्दछ ।

२२.१. **लेखा दाखिला -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २५(२) बमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक बर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकार मुख्यमन्त्रीको कार्यालयलगायत सबै मन्त्रालयले २०७८।७९ को एकीकृत वित्तीय विवरण २०७९।१०।३० सम्म तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गरेका छैनन्। सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२३. **आन्तरिक लेखापरीक्षण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३२ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई राख्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्लास्थित कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.५६ लाख १३ हजार, अनियमित रू.७ करोड ४१ लाख ९५ हजार, म्याद नाघेको पेश्की बाँकी रू.२१ करोड ४६ लाख ३४ हजार समेत रू.२९ करोड ४४ लाख ४२ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म सम्पूर्ण बेरुजु फर्स्यौंट तथा सम्परीक्षण भएको देखिएन । कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजुहरू समयमै फर्स्यौंट गर्नुपर्दछ ।

२४. **बेरुजु लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३६ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नु पर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । उक्त व्यहोरा अनुसार प्रदेश मन्त्रालयहरूले उक्त व्यहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी सोको अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको पाइएन । ऐनले तोकेको व्यहोरा कार्यान्वयमा यथोचित ध्यान नदिँदा बेरुजु सम्परीक्षणमा उदाशिनता बढ्न गई प्रदेशको समग्र आर्थिक सुशासन कमजोर रहन सक्ने हुँदा बेरुजुको अभिलेख र सम्परीक्षण कार्य प्रभावकारी तुल्याउनु पर्दछ ।

२५. **अनुगमन मूल्याङ्कन** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, प्रदेश सरकार र मातहतबाट सम्पादित कामको अनुगमन र मूल्याङ्कन प्रदेश मन्त्रालयहरूले गर्नुपर्नेमा अनुगमन मूल्याङ्कनको सूचाकाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरेको छैन । अनुगमन मूल्याङ्कनको अभावमा कार्यान्वयनमा देखिएका समस्या र यसले पारेको असर सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक सुधार गर्न नसकिने भएकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

२६. **लेखापरीक्षण बक्यौता -** प्रदेश सरकार अन्तर्गत यो आर्थिक वर्षको १ निकायको विनियोजन रू.४७ लाख ४२ हजारको लेखापरीक्षण बक्यौता रहेको छ । विस्तृत विवरण ***अनुसूची -२ (क)*** मा उल्लेख छ ।

- **पाँच वर्षको समग्र कार्यसम्पादन स्थिति —** प्रदेशका ७ मन्त्रालयको २०७४।७५ देखि २०७८।७९ सम्म (पाँच वर्षको अवधिमा) चालुतर्फ रू.३७ अर्ब ९४ करोड १५ लाख (३९.९८ प्रतिशत) र पुँजीगततर्फ रू.५६ अर्ब ९४ करोड ८८ लाख (६०.०२ प्रतिशत) गरी जम्मा रू.९४ अर्ब ८९ करोड ४ लाख विनियोजन भएको देखिन्छ । उक्त विनियोजित रकमबाट रू.६५ अर्ब ७८ करोड ८० लाख खर्च भएको मध्ये चालुतर्फ रू.२५ अर्ब १७ करोड १२ लाख (३८.२६ प्रतिशत) र पुँजीगततर्फ रू.४० अर्ब ६१ करोड ६७ लाख (६१.७४ प्रतिशत) रहेको छ । पाँच वर्षको औसत खर्च ६९.३३ प्रतिशत रहेको छ । समग्रमा सो अवधिमा न्युन वजेट खर्च भएको देखिन्छ । आवधिक योजना, बजेट र कार्यक्रमको बीचमा समुचित सामञ्जस्यता र तादाम्यता कायम गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चमा बढोत्तरी गर्नुपर्ने देखिन्छ ।

  पाँच वर्षको अवधिमा प्रदेशको नामाकरण र राजधानी रहने स्थान तोकेको, प्रदेश सरकारले नौ वटै जिल्लामा आवश्यक प्रदेश कार्यालयहरू खोलेको, प्रदेश सरकार तथा स्थानीय तह सञ्चालनको लागि आवश्यक ६७ ऐन लगायतका कानुनहरू बनाएको, प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजना तयार गरी प्रादेशिक योजनाको प्राथमिकता, क्षेत्र र गन्तव्य निर्धारण गरेको, कोभिड- १९ को व्यवस्थापन, बाली तथा पशु बीमा लगायतका कार्यहरू गरेको, प्रदेशस्तरको कृषि तथा पशु विकास, खाद्य पोषण, कृषि सामाग्री उत्पादन, सहकारीको व्यवस्थापन, अनुदान वितरण, प्राकृतिक स्रोत र साधनको बाँडफाँट लगायतका क्षेत्रहरूमा काम गरेको, प्रदेशका जिल्लाका सडकलाई प्रदेश गौरवका आयोजना घोषणा गरी कार्यान्वयन गरेको एवं सिँचाई, खानेपानी तथा स्वास्थ्य र शिक्षा क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माण लगायतका कामहरू गरेको छ ।

  प्रदेश निजामती सेवा ऐन, प्रदेश प्रहरी ऐन लगायतका कानुनहरू निर्माण हुन नसकेको, प्रदेश अनुदान नीति, चालु खर्चको मापदण्ड, आयोजना कार्यान्वयन निर्देशिका बन्न नसकेको, प्रदेश आयोजना बैङ्क तयार गरी सञ्चालन गर्न नसकेको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, व्यवस्थापन परीक्षण जस्ता कार्यहरू हुन नसकेकोले सङ्गठन र कर्मचारीको संख्या चुस्त दुरुस्त हुन नसकेको, आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी कार्यान्वयन गर्न नसकेको, प्रदेशस्तरमा सञ्चालित कार्यक्रमहरूको एकीकृत रुपमा प्रतिफल सूचक सहितको अनुगमन मूल्याङ्कन हुन नसकेको, कार्य विवरण सहितको कार्य सम्पादन करार गरी सोको आधारमा नतिजामुलक मूल्याङ्कन गरी वृत्ति विकाससँग आवद्ध गर्न नसकेको कारण सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व कमजोर रहेको देखिन्छ ।

  नेपालको संविधान र प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समीक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ५३ सदस्य छनौट भई प्रदेश सभा गठन भएको छ । प्रदेश सभाले जनताका अपेक्षा एवं आवश्यकता अनुसार प्रदेश कानुनहरू निर्माण, सरकार गठन र नियन्त्रण गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । संविधानको अनुसूची बमोजिम ९ जिल्ला समावेश गरी सुदूरपश्चिम प्रदेशको गठन भएको छ ।

यो वर्ष सचिवालयको विनियोजन रू.१४ करोड १७ लाख ९५ हजार, राजस्व रू.१ लाख ५८ हजार, धरौटी रू.१९ लाख ७५ हजार र अन्य कारोबार रू.८ हजारसमेत रू.१४ करोड ३९ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **विधेयक पारित** – सुदूरपश्चिम प्रदेश सभाको हालसम्म दशौं अधिवेशन सम्पन्न भई ६८ विधेयक दर्ता भएकोमा प्रदेश सरकारले एक विधेयक फिर्ता लिएकोले ६७ विधेयक पारित भएको छ। प्रदेश सभाको पहिलो कार्यकाल २०७९।५।१७ बाट समाप्त भएको छ । प्रदेश सभाको अवधिभर २४३ दिनमा २६२ बैठक ३०१ घण्टा ५ मिनेट संञ्चालन भएको छ । प्रदेश सभाको कार्यकालमा पेश भएका सबै विधेयकको लागि आवश्यक प्रक्रिया पुरा गरी पारित भएको छ।

२. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा उल्लिखित व्यहोरामध्ये प्रदेश सभाको गरिमालाई कायम राख्दै सचिवालय व्यवस्थापन, प्रदेश सभाका विषयगत समितिहरूको सुदृढीकरण लगायत भौतिक स्रोत साधन सम्पन्न बनाउने, प्रदेश सभालाई थप अत्याधुनिक तथा सौन्दर्यीकरणका लागि पर्याप्त बजेट विनियोजन गरेको उल्लेख गरेकोमा विभिन्न बैठक कक्ष, पदाधिकारी तथा कर्मचारीको कार्यकक्ष लगायत रंगरोगन तथा अन्य मर्मत सुधारका कार्य गरेको र प्रदेश सभा तथा विषयगत समितिहरूको काम कारबाहीलाई व्यवस्थित गर्न सूचना प्रविधिको अधिकतम् उपयोग अन्तर्गत माइक खरिद तथा अन्य सामान्य निर्माण सुधारका कार्य गरी सूचना प्रविधिको अधिकतम उपयोग गरेको जनाएको छ । प्रदेश सभाको गरिमा अनुसार भवनमा आधुनिक प्रविधिका यन्त्र उपकरण जडान गरी प्रदेश सभाको कार्यलाई प्रविधि मैत्री बनाउनु पर्दछ ।

३. **कार्यसम्पादन करार** - प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि यस सचिवालयमा उक्त कार्यसम्पादन करार गरेको पाइएन । वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **दरबन्दी र पदपूर्ति** - सचिवालयको लागि स्वीकृत दरबन्दी अनुसारका पदहरू पूर्ति हुनुपर्नेमा स्वीकृत ३६ दरबन्दी मध्ये स्थायी १० र करारमा ५ समेत १५ पदपूर्ति भई २१ पद रिक्त रहेकोछ । कम्प्युटर अपरेटर ४, क्यामेरा मेन २, फोटोग्राफर १, पुस्तकालय सहायक १, इलेक्ट्रिसियन १, अ हे ब १, माली १, सवारी चालक १, स्वीपर १, कार्यालय सहयोगी ८ सहित २१ पदमा करारमा

नियुक्त गरी सेवा परामर्शबाट रू.४८ लाख २१ हजार खर्च लेखेको छ । यसरी नियुक्त गरी खर्च गर्नु प्रचलित कानुन अनुकुल देखिएन। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी स्वीकृत गर्नुपर्ने तथा सो अनुसार पदपूर्ती हुनुपर्दछ ।

५. **पदाधिकारी लगायतको सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा प्रदेश सभाका सभामुख, विपक्षी दलको नेता, उपसभामुख, सत्ता पक्षको प्रमुख सचेतक/ सभापति, सत्ता पक्षको सचेतक/ विपक्षी दलको प्रमुख सचेतक र सदस्यहरूले पाउने सुविधा सम्बन्धमा उल्लेख छ । त्यस्तै अनुसूची - २ मा ती पदाधिकारीहरूको स्वकीय सचिवालयमा कर्मचारीको व्यवस्था गर्न, अतिथि सत्कार वापत तोकिए बमोजिम सुविधा दिन सकिने, प्रदेश सभाको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा दैनिक तथा भ्रमण भत्ता, बीमा सुविधा एवं तोकिए बमोजिम उपचार सुविधा पाउने उल्लेख छ । अनुसूची १ र २ मा उल्लेखित सुविधा बाहेक पदाधिकारी र सदस्यहरूलाई अन्य सुविधा दिने व्यवस्था छैन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न स्थानमा भ्रमण गर्दा ऐनमा तोकिए अनुसारका सुविधा दिए पछि रू.२ लाख २१ हजार खाजा खर्च, स्वास्थ्य उपचार गर्न जाँदा र आउँदाको खर्च रू.१ लाख २ हजार, प्रदेश सभासँग असम्बन्धित डेलिगेसनमा जाँदाको खर्च रू.१६ हजार लगायत प्रदेश बाहिर विभिन्न कार्यक्रममा जाँदाका खर्च भनी विभिन्न सदस्य तथा स्वकीय सचिवालयमा कार्यरत व्यक्तिहरूलाई समेत दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिने गरेको देखिएको छ । ऐनले तोकेको भन्दा बढि हुने गरी सुविधा दिन मिल्ने नदेखिएकोले यस्ता खर्च नियन्त्रण हुनुपर्दछ ।

६. **कार्यव्यवस्था परामर्श समिति** - सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३ मा प्रदेश सभाको बैठकमा पेश हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढंङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरू समावेश हुने गरी एक कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने उल्लेख छ । उक्त व्यवस्था बमोजिम गठन भएको यस समितिको यस आर्थिक बर्षमा दश बैठक बसी प्रदेश सभा संञ्चालनका लागि सहजिकरणका कार्य गरेको छ ।

७. **विषयगत समितिहरू** - नेपालको संविधान, २०७२ को धारा १९३ अनुसार प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन, सरकारलाई सभाप्रति उत्तरदायी एवं जवाफदेही बनाउन र सरकारले सम्पादन गरेका काम कारबाहीको अनुगमन एवं मूल्याङ्कन गरी निर्देशन तथा राय सल्लाह दिन विषयगत समिति गठन गर्नसक्ने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ मा प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरू रहने व्यवस्था छ । उक्त समितिबाट भएका केही कार्य यस प्रकार छन् :

७.१. **विधायन तथा प्रदेश मामिला समिति** - प्रदेश मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सरकारका कामकाजको अनुगमन गर्नु यस समितिको कार्यक्षेत्र रहेको छ ।यस समितिको यस बर्ष कुल ३८ बैठक बसेकोमध्ये २०७८।१२।१ मा बसेको बैठकको निर्णय अनुसार प्रदेश अर्न्तगतका कार्यालयहरूलाई समयमा अख्तियारी नपठाई निर्माण सुचारु हुन नसकेका योजना यथाशिघ्र संञ्चालनका लागि व्यवस्था गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिएको छ ।

त्यस्तै २०७८।७।२२ मा बसेको बैठकको निर्णय अनुसार कैलाली र कन्चनपुर जिल्लामा बर्षातबाट भएको क्षतिको अनुगमन गरी प्रतिवेदन दिएको छ । उल्लिखित निर्देशन सहित समितिले गरेका निर्णय कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन भएको पाइएन । समितिले गरेको निर्णयको कार्यान्वयन अवस्थाको समितिबाट मूल्याङ्कन हुनुपर्दछ ।

७.२. **सार्वजनिक लेखा समिति -** प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा महालेखापरीक्षकको प्रतिवेदन र बेरुजु फर्स्यौट सम्बन्धमा छलफल गरी भएका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायलाई जानकारी गराउने कार्य यस समितिले गर्दै आएको छ । समितिको यस बर्ष ३१ वटा बैठक बसेको देखिन्छ । महालेखापरीक्षकले हालसम्म चार वटा प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गरेकोमा आर्थिक बर्ष २०७४।७५ र २०७७।७८ को प्रदेश सभामा पेश भई नसकेको देखिएको छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ (आर्थिक बर्ष २०७५।७६) सम्बन्धमा छलफल गरी निर्णय गरिसकेको र वार्षिक प्रतिवेदन २०७८ (आर्थिक बर्ष २०७६।७७) को लेखापरीक्षण गरी दिएको प्रतिवेदन समितिमा पेश भए पनि छलफल सुरु भएको छैन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन लगायत यस समितिसँग सम्बन्धित सबै निकायको प्रतिवेदन उपर छलफल गरी निर्णय हुन आवश्यक देखिन्छ ।

७.३. **अर्थ, विकास तथा प्राकृतिक स्रोत समिति -** आर्थिक मामिला मन्त्रालय, भौतिक विकास मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय सम्बन्धी कार्यको छलफल तथा निर्णय हुने गरेको छ । यस समितिको यस बर्ष कुल २३ बैठक बसेकोमा २०७८।१०।१३ को निर्णयले चुरे क्षेत्र, भजनी, बसन्ताक्षेत्र लगायत अन्य क्षेत्रका वन जङ्गलमा विभिन्न बहानामा भएको अतिक्रमण नियन्त्रणका लागि दिर्घकालिन योजना तयार गरी कार्य थालनी गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई र २०७८।१०।१९ को निर्णयले जोगबुडाको पुन्दुरा नदीमा तटबन्ध निर्माणको तत्काल व्यवस्था गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने लगायतका निर्णय गरेकोमा भएका कार्यको प्रगति अवस्था अनुगमन मूल्याङ्कन गरेको पाइएन। समितिले गरेको निर्णयको कार्यान्वयन अवस्थाको मूल्याङ्कनका लागि अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

७.४. **सामाजिक विकास समिति -** यस समितिको कार्य क्षेत्रमा सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकार सम्बन्धी विषयहरू रहेका छन्। यस समितिको यस बर्ष २३ वटा बैठक बसेकोमा २०७८।९।२६ मा बसेको बैठकको निर्णयमा जिल्ला स्वास्थ्य कार्यालय कैलालीले खर्कौला नाकामा बनाएको हेल्प डेक्स गुणस्तरहीन भएकोले पुन: निर्माण गर्नुपर्ने निर्णय गरी जानकारी गराएको, २०७८।१०।१४ को निर्णय अनुसार दार्चुला जिल्लाको किमतीमा ५० जनाले बाखाको खोर निर्माण गरेको भनी कार्यक्रम सञ्चालन गरे पनि ३९ जनाले मात्र खोर निर्माण गरेको, कृषितर्फका कार्यक्रमबाट अनुदान वितरण गर्दा पँहुचवाला फर्मले मात्र रकम प्राप्त गरी ७० प्रतिशतमात्र खर्च भएको, महाकाली नदीको नेपालतर्फ निर्माण भएका तटबन्ध टुटफुट लगायत अन्य समस्या औल्याएको भए पनि उल्लेखित समस्या समाधान लगायतमा अन्य निर्णय कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन भएको पाइएन । समितिले गरेका निर्णयको कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

८. **नपाउने रकम भुक्तानी** - सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्था सम्बन्धी ऐन, २०७५ को दफा ८ मा प्रदेश सभा सचिवको नियुक्ति हुँदा ४५ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ । प्रदेश सभाले २०७६।२।२८ मा सचिवमा नियुक्ति गरेका एक व्यक्तिको उमेर नियुक्ति मितिमा नै ६० वर्ष पूरा भइसकेको र निजको राजिनामा २०७८।११।१ मा स्वीकृत भई सेवा सुविधा वापत रू.६ लाख ८८ हजार भुक्तानी भएको सम्बन्धमा गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याएकोमा यस बर्ष २०७८ श्रावणदेखि माघसम्मको सेवा सुविधा वापत रू.४ लाख २३ हजार भुक्तानी गरेको छ। प्रदेश मन्त्रालयका सचिवले नेपाल सरकार र मन्त्रिपरिषदको निर्णय अनुसार राजपत्र अनंङ्कित द्वितिय श्रेणीको एक कर्मचारीको थप सेवा सुविधा पाए सरह प्रदेश सभाका सचिवलाई समेत उक्त सुविधा दिएको भनी यस बर्ष रू.५७ हजार भुक्तानी दिएको समेत रू.४ लाख ८० हजार नियम विपरित भुक्तानी दिएको छ । सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ मा राजपत्र अनङ्कित द्वितीय श्रेणीको एक कर्मचारीको सुविधा पाउने व्यवस्था नरहेको र उमेर हदले नियुक्ति नै दिन नमिल्ने व्यक्तिलाई नियुक्ति गरी सुविधा दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

९. **सवारी साधन सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ६ मा सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक र समितिको सभापतिलाई मात्र सवारी साधन सुविधा उपलब्ध गराउने व्यवस्था छ । प्रदेश मन्त्रिपरिषद्ले उक्त ऐनको अनुसूची संशोधन गरी सत्ता पक्षको सचेतक/ विपक्षी दलको प्रमुख सचेतकलाई समेत सवारी सुविधा उपलब्ध गराउने निर्णय गरेता पनि ऐनको दफा ६ मा ती पदाधिकारीले सवारी सुविधा पाउने व्यवस्था छैन । यो वर्ष ती २ पदाधिकारीको लागि हलुका सवारी चालकको वार्षिक पारिश्रमिक रू.५ लाख ४ हजार र इन्धन रू.३ लाख ८४ हजारसमेत कुल रू.८ लाख ८८ हजार भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०. **बैठक भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ अनुसार सरकारी खर्च गर्दा मितव्ययिता अपनाउनु पर्दछ। सचिवालयका पदाधिकारी तथा कर्मचारीको बैठक भत्तामा रू.३० लाख ४१ हजार खर्च भएको छ। सचिवालयको मुख्य कार्य नै कानुन निर्माण तथा तर्जुमा गर्नु हो। प्रदेश सभाबाट यस बर्ष ७ वटा विधेयक पारित भएको छ । सचिवालयको नियमित कामको लागि बैठक भत्ता भुक्तानी दिनु मनासिव देखिदैन भनी गत बर्षको प्रतिवेदनमा समेत औल्याएकोमा सुधार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

- **बेरुजु स्थिति-** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रू.७ लाख ९५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नभएकोले उक्त बेरुजु फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्य क्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृती तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत १ कार्यालयको विनियोजन रू.९ करोड ८१ लाख ४० हजार, राजस्व रू.१ लाख २४ हजार, धरौटी रू.१३ लाख ३ हजार, कार्य सञ्चालन कोष रू.४ करोड ७ लाख ७७ हजार समेत रू.१४ करोड ३ लाख ४४ हजार तथा २ समितिको रू.१८ करोड ९८ लाख १३ हजार समेत रू.३३ करोड १ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस कार्यालयलाई तोकिएका २४ कार्यमध्ये अन्य मन्त्रालयहरूको नियमित सुपरिवेक्षण अनुगमन, प्रदेश मन्त्रिपरिषदका निर्णय कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन, मानव अधिकारको संरक्षण र प्रबर्द्धन, संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सम्झौता कार्यान्वयनको अभिलेखाङ्कन, प्रदेशस्तरमा सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थासम्बन्धी कानुन तर्जुमा जस्ता व्यहोरा कार्यान्वयन भएका छैनन् । नियमावलीले तोकेका विषयहरूको कार्यान्वयन तालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ।

२. **नीति तथा कार्यक्रम -** प्रदेश सभामा प्रस्तुत २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भए मध्ये सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि अधिकृतदेखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिने, प्रदेश एकीकृत तथ्याङ्क केन्द्र स्थापना गरिने, प्रदेशमा सञ्चालित सबै आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने, नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी शैक्षिक अभियानमार्फत यसै आर्थिक वर्षभित्र पूर्ण साक्षर प्रदेश घोषणा गरिने, विभिन्न निकायहरूसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाहरूको उद्धार, संरक्षण र व्यवस्थापन गरिने, प्रदेशको स्थायी राजधानी गोदावरी, कैलालीमा भौतिक पूर्वाधार विकास निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन र जग्गा प्राप्तिको कार्यलाई निरन्तरता दिइने, प्रदेश प्रहरीलाई दक्ष, व्यावसायिक र उच्च मनोवलयुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने जस्ता व्यहोरा कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा कार्यान्वयन गरिने व्यहोरामात्र उल्लेख गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०७८।७९ मा उल्लिखित व्यहोरामध्ये यस कार्यालयसँग सम्बन्धित व्यहोरामध्ये मुख्यरुपमा प्रदेश राजधानी निर्माणको कार्य अगाडि नबढेको, प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीहरूको एकीकृत प्रदेश

कर्मचारी सूचना व्यवस्थापन प्रणाली निर्माण नगरेको, प्रदेशभित्र कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको दक्षता एवम् व्यावसायिकता वृद्धि गर्दै मनोवल बढाउन उत्कृष्ट ५ कर्मचारी छनौट गरी निजामती सेवा दिवसको दिन पुरस्कृत गर्ने कार्य नभएको, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको काममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण त्रैमासिक रुपमा जानकारी गराउने व्यवस्था कार्यान्वयनमा नल्याएको, प्रदेश सरकार अन्तर्गतका निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास नगरेको, सरकारी सेवाका उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार नगरेको व्यहोरा देखिएको छ । बजेट वक्तव्यमा उल्लिखित व्यहोरा उच्च प्राथमिकतासाथ कार्यान्वयन गर्नुपर्दछ ।

४. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता –** सुदरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । यो वर्ष यस कार्यालयलाई सुरु बजेट रू.१ अर्ब ४५ करोड २ लाख २४ हजार विनियोजन भएकोमा रकमान्तरबाट घटाई अन्तिम बजेट रू.३९ करोड ४७ लाख ८२ हजार कायम भई रू.१९ करोड २२ लाख ९४ हजार खर्च भएको छ। पुर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा सुरु विनियोजित बजेटको १३.२६ प्रतिशत र खुद बजेटको ४८.७१ प्रतिशतमात्र खर्च भएको छ । त्यस्तै यो आर्थिक वर्षमा मन्त्रिपरिषद्को २० बैठक सञ्चालन भई विभिन्न १०८ निर्णय गरेकोमा निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । ऐनमा भएका व्यहोरा पूर्णपालना हुन नसकेको, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अनुगमन गरी प्रतिवेदन तयार नगरेको लगायतका आधारमा यस कार्यालयबाट भए गरेका कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको कार्यान्वयन पक्ष कमजोर रहेको देखियो । ऐनमा भएको व्यवस्था पूर्ण कार्यान्वयन हुने गरी काम गर्दै विनियोजन दक्षता बढाउने तथा मन्त्रिपरिषद्बाट भए गरेका निर्णय लगायत सबै कार्यको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने व्यवस्था हुनुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५.(१) मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्नेछ । यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति

इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकिकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले उक्त व्यहोरा कार्यान्वयनमा ल्याई सकेको पाइएन । उक्त व्यहोरा कार्यान्वयनमा ल्याई कार्यान्वयनमा लगिने सबै योजनालाई प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र सो अनुसार कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **आयोजना बैंक** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ दफा १५क मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको कार्य यस कार्यालयबाट भएको अभिलेख रहेको पाइएन । ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मकरुपमा उच्च परिणाम देखिन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजानु पर्दछ ।

७. **योजना तथा कार्यक्रम तर्जुमा** - प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी. एल. एम. बी. आई. एस.) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्लास्तरिय आयोजना, आर्थिक मामिला मन्त्रालयको नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेशस्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ। तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

८. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षक, प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग लगायतका संवैधानिक निकायले तयार गरेको प्रादेशिक प्रतिवेदन प्रदेश सरकारमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले विगतमा प्रदेश प्रमुखज्यू समक्ष पेश भएका चार प्रतिवेदनमध्ये २०७४।७५ र २०७७।७८ को लेखापरीक्षण गरी तयार गरेको वार्षिक प्रतिवेदनबाहेक अन्य प्रतिवेदन प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी आवश्यक निर्देशन दिने प्रक्रिया सुरु भए पनि उल्लिखित दुई प्रतिवेदन प्रदेश सभामा पेश हुन सकेको छैन । सबै संवैधानिक निकायले पेश गरेका प्रतिवेदन प्रदेश सभामा पेश गरी प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने कार्यमा यस कार्यालयबाट आवश्यक पहल हुन आवश्यक देखिन्छ ।

९. **प्रदेश राजधानी -** सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले २०७५।६।१२ मा कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राख्ने निर्णय गरेको देखिन्छ । उक्त निर्णय पश्चात प्रदेश मन्त्रिपरिषद्को २०७५।१०।१७ को निर्णयले गोदावरी नगरपालिकाको तेघरीभित्र पर्ने ३० लाख ७ हजार २३७ वर्गमिटर वन क्षेत्र प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाण्डौंमा पत्राचार गरे पनि कुनै प्रगति भएको देखिएन । राजधानी स्थापनाको लागि विस्तृत आयोजना अध्ययन प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक परामर्शदाता नियुक्त गरी गत वर्ष रू.८ लाख २५ हजार भुक्तानी गरेको र यस वर्ष रू.२ करोड ७२ लाख ८० हजार बजेट विनियोजन गरे पनि कुनै काम नभएकोले खर्च भएको देखिएन । राजधानी स्थापनाको निर्णय गरेको करिब ५ वर्षको समय सकिँदा पनि सो सम्बन्धी उल्लेखनिय प्रक्रिया अघि नबढनु मनासिव देखिदैन ।

१०. **भवन निर्माण -** निजामती कर्मचारीका सन्ततिका लागि डोटी जिल्लास्थित दिपायलमा आवासीय विद्यालय भवन निर्माणका लागि रू.२ करोड ३९ लाख ५६ हजारको कार्य २०७८ जेठसम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७६।९।१ मा सम्झौता भएकोमा २०७८।५।१५ सम्म म्याद थप गरी कार्य सम्पन्न भएको उल्लेख छ । काम सम्पन्न भएको मिति नखुलाई निर्माण व्यवसायीले २०७९।२।४ मा जारी गरेको कर बिजकका आधारमा यो वर्ष रू.७ लाख १८ हजार ६७६ समेत कुल रू.२ करोड ३६ लाख ३ हजार भुक्तानी दिएको छ । निर्माण अवधि भरको लागि बीमा गर्नुपर्नेमा दुई महिना अवधिको मात्र बीमा गरेको, कार्यसम्पादन जमानत रू.३० लाख १७ हजारको अवधि त्रुटी सुधार गर्ने अवधिसम्मका लागि हुनुपर्नेमा २०७९।१०।१ सम्मको मात्र पेश गरेको छ । खरिद सम्झौता अनुसार गुणस्तर परीक्षण गरेको देखिएन। खरिद सम्झौता अनुसार सबै काम समयमै सम्पन्न गरी गुणस्तरयुक्त काम भएको सुनिश्चितता हुनुपर्दछ ।

सोही आवाशिय विद्यालय सञ्चालनको लागि व्यवस्थापन खर्च भनी गत वर्ष रू.५० लाख तथा यस वर्ष रू.२७ लाख अनुदान दिएकोमा उक्त रकमको खर्चको पुष्टयाई हुने कागजात पेस नभएकोले खर्च नियमित देखिएन । खर्चको पुष्ट्याई बेगर दिएको अनुदानको अनुगमन तथा नियमन गरी विधिसम्मत खर्च भएको सुनिश्चित हुनुपर्दछ ।

११. **उपचार खर्च -** सामाजिक विकास मन्त्रालयले आर्थिक रुपमा विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ बमोजिम माननीय सामाजिक विकास मन्त्रीस्तरको निर्णयले प्रति व्यक्ति बढीमा रू.५० हजारसम्म र माननीय मुख्यमन्त्रीस्तरको निर्णयले प्रति व्यक्ति बढीमा रू.१ लाखसम्म औषधी उपचार खर्च दिन पाउने व्यवस्था अनुसार रू.३ करोड २१ लाख र मन्त्रिपरिषद्को निर्णयले

दुई कर्मचारी र एक पत्रकारलाई रू.१० लाख ५० हजारसमेत ७०० व्यक्तिलाई रू.३ करोड ३१ लाख ९० हजार उपलब्ध गराएको छ । उक्त खर्चको अतिरिक्त मन्त्रिपरिषद्को पटके निर्णय अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत १२ सांसदलाई रू.९ हजार ६०८ देखि रू.६८ हजार ४१८ सम्म गरी कुल रू.४ लाख ३० हजार ६७३ उपचार खर्च उपलब्ध गराएको छ । बिपन्न नागरिकलाई निर्देशिका अनुसार उपचार खर्च उपलब्ध गराउने गरे पनि मन्त्री, साँसद लगायत अन्यलाई उपचार खर्च उपलब्ध गराउने व्यवस्था निर्देशिकामा नभएकोले यस्ता प्रकारको सहायता उपलब्ध गराउनु मनासिव देखिदैन । निर्देशिकाको व्यवस्था अनुसार उपचार खर्च उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ।

१२. **प्रदेश समन्वय परिषद** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । सो व्यवस्था अनुसार उक्त परिषदको ३ बैठक बसेको मध्ये पछिल्लो बैठक २०७७।९।२८ मा बसेको देखिन्छ । तत् पश्चात २०७९ पुससम्म अर्थात २ बर्षको अवधिमा बैठक बसेको देखिएन । प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वयलाई सरल र प्रभावकारी बनाउँदै प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप विश्वसनीय, प्रभावकारी र जनमुखी तथा समन्वयकारी बनाउन परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

१३. **दिगो विकास लक्ष्यको कार्यान्वयन** - दिगो विकास लक्ष्य (सन २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रवन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

१४. **अनुदान** - प्रदेश सरकारबाट वितरण हुने अनुदानलाई नतिजा एवं उत्पादनसँग आवद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमासमेत गरिने भनी २०७७।७८ र २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएकोमा हालसम्म सो सम्बन्धी कानुन बनेको देखिएन । यो बर्ष प्रदेश मातहतका विभिन्न कार्यालयले अनुदान सम्बन्धी नीति तथा कानुनी व्यवस्था बेगर सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःशर्त चालु अनुदान रू.८ लाख १ हजार, अन्य संस्थालाई शःसर्त अनुदान रू.५९ लाख ७६ हजार, सरकारी निकाय, समिति, बोर्डलाई पूँजीगत निःशर्त अनुदान रू.३ करोड ७८ लाख २४ हजार सहित रू.४ करोड ४६ लाख १ हजार तथा गैह्र वित्तीय व्यवसायलाई पूँजीगत सहायता रू.१ करोड २५ लाख ६२ हजार, शैक्षिक संस्थालाई सहायता रू.२ करोड ३२ लाख, अन्य सहायता रू.१ करोड २३ लाख ६३ हजार, अन्य सामाजिक सहायता रू.५८ लाख ६० हजार समेत रू.९ करोड ८५ लाख ८६ हजार अनुदान खर्च लेखेको देखिन्छ । सो रकमका अतिरिक्त अनुदान र सहायता शीर्षकबाहेक

विभिन्न कार्यक्रमबाटसमेत अनुदान र सहायता रकम खर्च लेखेको देखिएको छ । अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, वितरित अनुदानको पनि प्रभावकारीरुपमा अनुगमन र मूल्याङ्कन नहुने र सालवसाली दिएको अनुदानको एकीकृत अभिलेख नरहँदा अनुदान पाउने निकाय दोहोरिन सक्ने अवस्था छ। अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भएको भनी प्रगति प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । यसरी वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनी विश्वस्त हुने अवस्था छैन । बजेट वक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिँदा उत्पादनमा वृद्धि हुने, राजस्वमा योगदान पुग्ने, रोजगारी तथा स्वरोजगारीमा वृद्धि हुने एवं लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थालेसमेत सो कार्यक्रमको अनुसरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

१५. **संगठन र व्यवस्थापन -** प्रदेश अन्तर्गतका मन्त्रालय लगायत केन्द्रीयस्तरका १२ निकायका लागि २०७८।३।३० सम्ममा २ हजार ६८५ दरबन्दी स्वीकृत गरी १ हजार ६७४ (६२.३५ प्रतिशत) पदपूर्ति भई १ हजार ११ पद रिक्त रहेको विवरण उपलब्ध भएको छ । रिक्त पदमध्ये २०७८ फागुनमा विभिन्न सेवाका ७८४ पद पूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा लेखि पठाएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार खाली दरबन्दीमध्ये २०७९।८।१ सम्ममा करारबाट ६४१ र काजमा आएका १४ सहित ६५५ कर्मचारी कार्यरत रहेको देखिन्छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा प्रदेश सरकारको सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसार कर्मचारी पदपूर्तिमा तिव्रता दिई करारमा कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण -** सुदूरपश्चिम प्रदेश, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ३०(१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतहरू सरकारी निकायहरूले आफ्नो र अर्न्तगतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । दफा ३०(२) मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधिमा एकरुपता ल्याउन प्रदेश आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गर्न सक्ने व्यवस्था छ ।ऐनको दफा ३०(३) मा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था छ । ऐनको व्यवस्था अनुसार आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गरेको देखिदैन भने प्रदेशका सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको सम्बन्धमा सोको लेखा उत्तरदायी अधिकृतबाट अनुगमन गरेको समेत देखिएन ।ऐनको व्यवस्था अनुसार सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१७. **हेलो मुख्यमन्त्री कार्यक्रम** - प्रदेश सरकारले प्रदान गर्ने सार्वजनिक सेवाका सम्बन्धमा जनताका गुनासाहरू सोझै मुख्यमन्त्रीसँग राख्न हेलो मुख्यमन्त्री कार्यक्रम २०७४।७५ देखि सञ्चालन हुँदै आएकोमा यसका लागि सफ्टवेयरसमेत तयार गरेको छ । उक्त कार्यक्रम अर्न्तगत पाँच बर्षको अवधिमा १८८ गुनासो प्राप्त भएकोमा सबै फर्स्यौट गरेको उल्लेख छ । उक्त कार्यक्रममा यस बर्ष कुनै गुनासो प्राप्त नभएको देखिन्छ । प्रदेशले प्राथमिकतासाथ संञ्चालन गरेको कार्यक्रममा बर्ष भरिमा गुनासो नआउनुमा सफ्टवेयरको समस्या वा माननीय मुख्यमन्त्रीज्यू सँग गुनासो गर्न सकिने व्यहोराको

प्रचार प्रसारको कमीले हुन सक्ने अवस्था रहेकोले यसलाई प्रभावकारीरुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

१८. **कार्यालय सञ्चालन -** यस प्रदेशमा भौगोलिक र प्रादेशिक सन्तुलनका लागि विभिन्न निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय गरेकोमा प्रदेश वन निर्देशनालयले मासिक रू.१ लाख २० हजार र उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले मासिक रू.५६ हजारमा कैलाली धनगढीमा घर भाडामा लिई कार्यालय र कर्मचारी आवासका लागि प्रयोग गरेको छ । डोटी जिल्लामा सञ्चालन गर्नुपर्ने कार्यालय कैलाली जिल्लामा सञ्चालन गरेको उचित देखिएन । भौगोलिक र प्रादेशिक सन्तुलनका लागि भनी डोटी जिल्लाका नागरिकको सहयोग र सहकार्यका लागि त्यहा निर्देशनालय खोल्ने निर्णय गर्ने तर निर्णय भएकोमा अन्यत्र कार्यालय स्थापना गर्ने कार्य मनासिव देखिदैन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

१९. **कार्य सञ्चालन कोष** - यस कार्यालयमा कार्यसञ्चालन कोष तर्फ कोरोना कोष र मुख्यमन्त्री राहत कोष सहित २ कोष रहेको देखियो । उक्त कोषमध्ये कोरोना कोषमा गत वर्षको रू. १ करोड १६ लाख र यस वर्षको आय रू.२ करोड ९० लाख सहित रू.४ करोड ६ लाख मौज्दात छ । सो कोषबाट यो बर्ष खर्च भएको छैन। त्यसै मुख्यमन्त्री राहत कोषमा गत वर्षको मौज्दात रू.१ लाख ४५ हजार ५ सय खर्च नभई मौज्दात नै रहेको छ। दुवै कोषमा रहेको रकम खर्च नहुने वा खर्च गर्ने अवस्था नभए प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो बर्ष मन्त्रालय र मातहतका ४ निकायहरूमा देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।
  - सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट यो वर्ष रू.४८ लाख ८८ हजार देखिएकोमा प्रतिक्रियाबाट रू.४५ लाख ३५ हजार फर्स्यौट भई रू.३ लाख ५३ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।
  - समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट यो वर्ष रू.८९ लाख ३० हजार बेरुजु फर्स्यौट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।
- **पाँच वर्षको कार्य सम्पादन स्थिति —** कार्यालय आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म (५ वर्षको अवधिमा) कुल बजेट रू.१ अर्ब २८ करोड ११ लाख रहेकोमा रू.५५ करोड ४१ लाख खर्च भएको छ । उक्त खर्चमध्ये पूँजीगत खर्च रू.९ करोड ९६ लाख (१७.९७ प्रतिशत) र चालु खर्च रू.४५ करोड ४५ लाख (८२.०३ प्रतिशत) रहेको छ । विगत ५ बर्षको औसत खर्च ४३.२४ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये ६७ विधेयक संसदबाट पारित गरेको, प्रदेशको नामाकरण गरी स्थायी राजधानी तोकेको, प्रदेश सुशासन केन्द्रको स्थापना, प्रदेश मन्त्रालयहरूबीच समन्वय र सहकार्य, प्रदेश स्तरीय योजना निर्माण, कर्मचारी व्यवस्थापन लगायतका कार्य गरेको छ ।

नियमावली अनुसार प्रदेश मन्त्रीपरिषद् निर्णय कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन नगरेको, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, संघीय सरकारको स्विकृती बमोजिम द्विपक्षिय र वहुपक्षिय स्तरमा भएका सन्धी, सम्झौंता वा सम्झौंता कार्यान्वयनको अभिलेखाङ्कन नगरेको, प्रदेश स्तरमा सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण नै नगरेकोले दरबन्दी अनुसार पदपूर्ति हुन नसकेको, प्रादेशिक आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा नल्याएको, प्रदेशको स्थायी राजधानी गोदावरी कैलालीमा भौतिक पूर्वाधार विकास निर्माणका कार्य आरम्भ नगरेको लगायतका कार्यहरू सम्पन्न हुन सकेका छैन ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सह-प्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालयको विनियोजन रू.५४ करोड २७ लाख ९९ हजार, राजस्व रू.२२ लाख १५ हजार, धरौटी रू.१ करोड ५० लाख ८० हजार र कार्य सञ्चालन कोष रू.३२ करोड ३९ लाख ८७ हजार समेत रू.८८ करोड ४० लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** यस मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भए मध्ये सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन अधिकृतदेखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिने, मन्त्रालयगत एकीकृत तथ्याङ्क केन्द्र स्थापना गरिने, मातहतमा कार्यालयबाट सञ्चालित आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने, प्रदेश प्रहरी व्यवस्थापन सञ्चालन र नियमनको व्यवस्था मिलाउने, प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघ र स्थानीय तहको समन्वय र सहकार्य गर्ने लगायतका कार्यक्रम पुर्णरुपमा कार्यान्वयन गर्न सकेको देखिएन । पर्याप्त विश्लेषण र प्राथमिकीकरण सहित योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन योग्य नीति तथा कार्यक्रम कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ।

२. **बजेट कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये राजमार्ग क्षेत्रमा सी. सी. टी. भी. क्यामेरा जडान गर्ने, ११ इलाका प्रहरी कार्यालय र प्रदेश प्रहरी मुख्यालय भवन निर्माण, प्रहरी चौकीहरूको भवन निर्माण तथा पूर्वाधार विकास गर्ने, कारागारलाई सुधार गृहमा रुपान्तरण गर्ने र डटर (Daughter) पार्कको भवन निर्माण कार्य आंशिक रुपमा कार्यान्वयन भएको, डोटीको विपीनगर, कैलालीको घोडाघोडी, अछामको कमलबजार र पञ्चदेवल, बझाङ्गको खप्तडछान्नामा प्रहरी चौकी निर्माण गर्ने, नागरिक सहायता कक्षको निर्माण गर्ने र स्थानीय तहमा न्यायिक क्षमताको विकास गर्ने, सुरक्षा सम्मेलन गर्ने, प्रदेश सञ्चार नीतिको तर्जुमा र लोक कल्याणकारी विज्ञापन तथा अनुदान कार्यविधि परिमार्जन गर्ने व्यहोरा कार्यान्वयन हुन सकेको छैन भने कारागार भित्र रहेका कैदीबन्दीलाई उत्पादनशील क्षेत्रमा केन्द्रीत गर्ने आय आर्जन कार्यक्रम मार्फत् आत्मनिर्भरता विकास गर्ने कार्यहरू कार्यान्वयन हुन सकेको पाइएन । संघीय सरकार मातहतको जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालय लगायतका कार्यालयहरूको भौतिक पूर्वाधार विकास तथा निर्माण गर्ने कार्यक्रमलाई बजेट वक्तव्यले समेटे पनि संविधानले प्रदेशको अधिकारको सूचीमा राखेका विषयको कार्यान्वयनमा प्राथमिकता दिई प्रदेश सरकारको सेवा सञ्चालन प्रभावकारी बनाउने गरी बजेटमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ।

३. **कार्य जिम्मेवारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघ र स्थानीय तहको समन्वय र सहकार्य गर्ने लगायतका ४३ कार्य जिम्मेवारी यस मन्त्रालयको रहेको छ। नियमावलीले जिम्मेवारी दिएका कार्यमध्ये शान्ति सुरक्षा, सत्य निरुपण, मेलमिलाप तथा बेपत्ता सम्बन्धी, साइवर अनुगमन, बौद्धिक सम्पत्ति सुरक्षा, सामुदायिक प्रहरी व्यवस्थापन तथा सञ्चालन, प्रदेश प्रहरी समायोजन, प्रदेश भित्रको गैरसरकारी संघ संस्थाको अभिलेख र समन्वय लगायतका कार्य आंशिकरुपमा कार्यान्वयन भएको पाईयो। नियमावलीमा उल्लेख सबै व्यहोरा कार्ययोजना सहित कार्यान्वयन गर्नुपर्दछ ।

४. **दिगो विकास** - राष्ट्रहरूले सन् २०१५ देखि सन् २०३० सम्म हासिल गर्ने गरि गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ जीवन, शिक्षाको सुनिश्चितता, लैङ्गीक समानता, समावेशिता, जलबायु परिवर्तन न्यूनीकरण लगायतका दिगो विकासका १७ लक्ष्यहरू, १६९ परिणात्मक लक्ष्यहरू तथा उपलब्धि मापन तथा अनुगमन गर्न २३२ सूचकहरू समेत निर्धारण गरेको छ । यी सूचकहरू नेपालको सन्दर्भमा ४७९ रहेका छन् । दिगो विकाससँग सम्बन्ध राख्ने लक्ष्य प्राप्तिमा मन्त्रालयको प्रत्यक्ष भुमिका रहने हुँदा दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी नीति, योजना तर्जुमा तथा कार्यान्वयन गरेको पाईएन। प्रदेशमा दिगो विकास अर्न्तगत दिगो शान्ति, सुशासन, समृद्धि र विकास गर्ने उद्देश्य अनुसार नीति तथा कार्यक्रम तर्जुमा, बजेटमा समावेश र प्रभावकारी कार्यान्वयनतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ ।

५. **कानुन निर्माण** - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुन तर्जुमा गरी प्रदेश सभाबाट प्रारित गराउनु पर्दछ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार ४३ ऐन, ९ नियमावली, १७ निर्देशिका, कार्यविधि, मापदण्ड, कार्ययोजना तयार गरेको छ। प्रदेश प्रहरी, कृषि, पशु, उच्च शिक्षा, वन तथा वातावरण आदि संग सम्बन्धित ३२ क्षेत्रका ऐन तथा नियमहरू तर्जुमा गरेको छैन्। प्रदेश सरकारको सेवा प्रवाह व्यवस्थित गर्न आवश्यक पर्ने कानुन निर्माणका लागि मन्त्रालयबाट आवश्यक पहल हुनुपर्दछ ।

६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्ममा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ ।सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष मन्त्रालय तथा मातहतका निकाय तथा कार्यालयहरूको शुरु विनियोजित बजेट रू.४२ करोड ३५ लाख ६६ हजार रहेकोमा बजेट तथा कार्यक्रम संशोधन गरी कुल रू.१८ करोड ९ लाख ५७ हजारको रकमान्तरबाट थप गरी वार्षिक कुल बजेट रू.६० करोड ४५ लाख २३ हजार कायम गरी रू.४९ करोड ८ लाख ८ हजार मात्र खर्च गरेको छ। यो खर्च

कुल विनियोजित बजेटको ८१.१९ प्रतिशत भएकोले विनियोजन दक्षता न्यून देखिएको छ । तथ्य तथ्याङ्कको विश्लेषण सहित वास्तविक आवश्यकताको आधारमा रकमान्तर र प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेटबाट तोकिए अनुसार कार्यक्रम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ।

७. **मध्यमकालिन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(२) र (३) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । बजेट खाका, वित्त खाका र नतिजा खाका सहितको मध्यमकालिन खर्च संरचना तयार गरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता, आर्थिक अनुशासन र आर्थिक स्थायित्व कायम गर्ने कार्यमा मन्त्रालयले उल्लेखनीय कार्य गरेको पाइएन । मन्त्रालयले विद्यमान कानुनी व्यवस्था बमोजिमको मध्यकालिन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक बजेटको बीचमा समन्वय र सामाञ्जस्यता कायम गर्न तोकिएको समयमा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्दछ।

८. **घर जग्गा तथा सवारी साधनको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ बमोजिम प्रत्येक कार्यालयले मातहतको सरकारी घरजग्गा तथा सवारी साधनको लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले प्रयोग गरेको सरकारी घरजग्गा र सवारी साधनको लगत अद्यावधिक गरेको छैन। सरकारी स्रोत र साधनको स्वामित्व र अभिलेख व्यवस्थित गर्नुपर्दछ।

९. **गैरसरकारी संघ संस्था -** प्रदेशभित्रका गैरसरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने कार्य यस मन्त्रालयको हो । प्रदेशभित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरिसकेको छैन। संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भई आएता पनि संघमा दर्ता, सञ्चालन, नवीकरण भएका गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा अद्यावधिक र नियमन हुन सकेको छैन। प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नवीकरणका लागि ऐन नियमावली तर्जुमा गरी सो अनुरूप अभिलेख अध्यावधिक गर्ने र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१०. **कार्य सञ्चालन कोष मौज्दात** - प्रदेश विपद् व्यवस्थापन कोष तथा राहत वितरण निर्देशिका, २०७६ बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषमा न्युनतम रू.५० लाख आवर्ती कोष (रिभल्भिङ फण्ड) राख्ने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा विपद् व्यवस्थापनको लागि विनियोजित रू.२६ करोड ९५ लाख र गत आर्थिक बर्षको जिम्मेवारी रू.१ करोड ४८ लाख ३५ हजार समेत रू.२८ करोड ४३ लाख ३५ हजारबाट ९ जिल्ला विपद् व्यवस्थापन कोषमा रू.४ करोड ५ लाख, कृषि ज्ञान केन्द्र र भेटेरिनरी कार्यालय मार्फत् धानबाहेक अन्य बाली तथा पशुधन क्षतिको राहत वितरणको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई रू.५ करोड निकासा तथा कोषको अन्य खर्च रू.३३ लाख ५२ हजार समेत रू.९ करोड ३८ लाख ५२ हजार खर्च भई रू.१९ करोड ४ लाख ८३

हजार मौज्दात रहेको छ। भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कार्यालयमा पठाएको रकमबाट खर्च नभई बाँकी रहेको रकम यकिन गरी कार्य सञ्चालन कोषमा जम्मा गरी आवर्ती कोषमा राख्नु पर्ने न्युनतम रू.५० लाखभन्दा बढी मौज्दात रहेको रू.१८ करोड ५४ लाख ८३ हजार कोषमै मौज्दात राख्नुपर्ने औचित्यता पुष्टि नभएकोले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१०.१. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद्को २०७८।११।२९ को निर्णय बमोजिम सुदूरपश्चिम प्रदेशमा २०७८।६।३१ देखि २०७८।७।२ सम्म परेको अविरल बर्षाको कारण आएको बाढी तथा पहिरोको कारणले कृषि तथा पशुपंक्षी क्षेत्रमा क्षति पुगेको हुँदा प्रदेश सरकारले धानबाहेक अन्य बाली तथा पशु वस्तुमा भएको क्षतिका लागि राहत प्रदान गर्न कृषि एवं पशुपंक्षी व्यवसायको क्षेत्रमा पुर्याएको क्षतिमा राहत प्रदान सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ६ को (१) बमोजिम धानबाली बाहेक अन्य बालीमा राहत प्रदान गर्न रू.५ करोड भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निकासा दिई उक्त रकमबाट खर्च गरी नियमानुसार लेखा राखी, लेखापरीक्षण गराउने र खर्चको फाँटवारी यस मन्त्रालयमा पठाउने उल्लेख छ। मन्त्रालयको लेखापरीक्षण समयसम्म उक्त रकमबाट भएको खर्चको लेखापरीक्षण प्रतिवेदन, खर्चको फाँटवारी लगायत खर्च पुष्टि हुने कागजात प्राप्त भएको छैन् । तोकिए बमोजिम कार्यमा खर्च गरेको सुनिश्चित हुने प्रमाण कागजात पेश गर्नुपर्दछ।

१०.२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयलले सुदूरपश्चिम प्रदेश स्थित ९ प्रदेश लेखा ईकाइ कार्यालयमा स्थापना भएका जिल्ला विपद् व्यवस्थापन कोषमा रू.४ करोड ५ लाख निकासा दिंदा लेखापरीक्षण गराई खर्चका फाँटवारी यस मन्त्रालयमा पठाउनु पर्ने गरी निकासा पठाएकोमा मन्त्रालयको २०७८।७९ को लेखापरीक्षण अवधि सम्म तोकिए बमोजिम लेखापरीक्षण प्रतिवेदन र खर्चका फाँटवारी प्राप्त गरेको देखिएन । तोकिए बमोजिमको प्रमाण कागजात सहित खर्च भई बाँकी रहेको रकम यकिन गरी फिर्ता हुनुपर्दछ ।

११. **कारागार कार्यालयलाई अनुदान -** मन्त्रालयले अन्तर्गतका कार्यालयहरूलाई विभिन्न कार्यको लागि दिएको निकासा रकमबाट भएको खर्चको फाँटवारी तथा लेखापरीक्षण प्रतिवेदन समयमै प्राप्त गर्नुपर्दछ। नौ जिल्लाका कारागार कार्यालयमा रहेका कैदीबन्दीहरूको लागि तालीम दिन चालुतर्फ रू.४० लाख ५० हजार अनुदान निकासा दिएकोमा ४ कारागार कार्यालयको विवरण प्राप्त भई बाँकी ५ कार्यालयको रू.२० लाख ५० हजारको तथा पूँजीगततर्फ भवन मर्मत सम्भार गर्न ५ जिल्लाको लागि दिएको रू.४५ लाख गरी जम्मा रू.६५ लाख ५० हजारको सम्बन्धित कार्यालयबाट खर्चको फाँटवारी र लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश भएको छैन् । मन्त्रालयले समयमै लेखापरीक्षण प्रतिवेदन र फाँटवारी प्राप्त गरी खर्च नभएको रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१२. **कोभिड कोष** - सुदूरपश्चिम प्रदेश कोरोना भाईरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ बमोजिम स्थापित कोषको सञ्चालन तथा व्यवस्थापन यस मन्त्रालयले गरेको छ । कोषमा शुरु बजेट रू.२ करोड २४ लाख २८ हजार रहेकोमा रकमान्तरबाट रू.१ करोड ३७ लाख १८ हजार थप गरि जम्मा रू.३ करोड ६१ लाख ४६ हजार रहेको देखिन्छ । कोषबाट सामाजिक विकास मन्त्रालयलाई रू.३७ लाख ७३ हजार

निकासा दिई मन्त्रालयले गरेको खर्च रू.३९ लाख १५ हजार सहित जम्मा रू.७६ लाख ८८ हजार निकासा/खर्च पश्चात् कोषमा रू.२ करोड ८४ लाख ५८ हजार मौज्दात रहेको पाइयो । निर्देशिका बमोजिम स्थापित यस कोषको सञ्चालन तथा व्यवस्थापन कार्य यस मन्त्रालयको भए पनि कोभिड-१९ रोग सम्बन्धी विज्ञ जनशक्ति यस मन्त्रालयमा नरहेकोले कोभिड-१९ सम्बन्धी कार्यका लागि भएको खर्चको व्यवस्थापन प्रभावकारीरुपमा भएको छ भन्ने अवस्था रहेन । यसमा सुधारका लागि सम्बन्धित निकायहरूको ध्यान जान आवश्यक देखिन्छ ।

१२.१. सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ को दफा ६(१) बमोजिम गठित कोष परिचालन तथा व्यवस्थापन समितिको २०७८।८।२२ को बैठक बमोजिम सुदूरपश्चिम क्षेत्रीय प्रहरी अस्पताल, दिपायललाई कोभिड-१९ व्यवस्थापनका लागि जेनेरेटर लगायतका उपकरण खरिद गर्ने प्रयोजनका लागि रू.१० लाख निकासा गरेको छ। अस्पतालबाट उक्त रकम खर्च गरेको विवरण तथा लेखापरीक्षण प्रतिवेदन तथा खर्च पुष्टी हुने आवश्यक कागजात मन्त्रालयलाई प्राप्त भएको छैन्। यस सम्बन्धमा मन्त्रालयले आवश्यक ताकेता गरि खर्च भएको प्रमाण पेश गर्नुपर्दछ।

१३. **मुख्यालय भवन निर्माण** - प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयलाई प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, प्रदेश प्रहरी सञ्चालन, सुरक्षा निकायसँग सम्पर्क र समन्वय, विधेयक तर्जुमा र प्रमाणिकरण जस्ता जिम्मेवारी तोकेको छ । मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेश प्रहरी मुख्यालय भवन निर्माणको लागि वहुवर्षिय कार्यक्रम स्वीकृत गरी एक जे.भी.सँग २०७८।१।१९ मा रू.२३ करोड ७६ लाख ६ हजार (मुल्य अभिवृद्धि करसमेत) मा सम्झौता गरेको छ । प्रदेश प्रहरीको स्थापना तथा सञ्चालनको आवश्यक कानुन निर्माण नहुँदै, मुख्यालय भवन निर्माणको लागि रू.३५ करोड २९ लाख ९५ हजार बजेट व्यवस्थापन गरी आठौं रनिङ्ग बिलसम्मको कुल रू.१४ करोड ३९ लाख ५७ हजार भुक्तानी भएकोमा ठेक्काको म्याद २०८०।१।१८ सम्म रहेको छ । मुख्यालय भवन निर्माण हुने स्थानको जग्गाको स्वामित्व प्रदेश सरकार मातहत नरहेको तथा भवन निर्माण योजना कार्यान्वयन गर्न दक्ष प्राविधिक जनशक्ति उपलब्ध नभएको यस मन्त्रालयले कार्य सञ्चालन स्तरमा गर्नुपर्ने कामहरू मन्त्रालय नै संलग्न भई गर्नु मनासिव देखिदैन । मन्त्रालय आफ्नो भूमिका अनुसार नीति निर्माण तथा अनुगमन मूल्याङ्कन कार्यमा केन्द्रित हुनुपर्दछ ।

१४. **अनुदान** - मन्त्रालयले प्रदेश अन्तर्गतका ९ जिल्लाका ३३ एफ.एम.लाई क्षमता विकासको लागि रू.२५ लाख अनुदान दिएकोमा सो को अनुगमन मूल्याङ्कन प्रतिवेदन नरहेकोले अनुदानको प्रभावकारिता तथा उपयोगिता सम्बन्धमा यकीन हुन सकिएन। निश्चित मापदण्ड र कार्यविधि बमोजिम अनुदान दिने र सो को प्रतिफल सूचक सहितको अनुगमन मूल्याङ्कन हुनुपर्दछ।

- **बेरुजु स्थितिः**- मन्त्रालयको लेखापरीक्षणबाट रू.२८ करोड ८२ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकाले बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ ।
- **पाँच वर्षको कार्य सम्पादन स्थिति** - मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.१ अर्ब ८८ करोड ३३ लाख रहेकोमा

रू.१ अर्ब २८ करोड ८९ लाख कुल खर्च भएको छ । उक्त खर्चमध्ये पुँजीगत खर्च रू.५४ करोड ३४ लाख (४२.१६ प्रतिशत) र चालु खर्च रू. ७४ करोड ५४ लाख (५७.८४ प्रतिशत) रहेको छ। विगत ५ बर्षको औसत खर्च ६८.४४ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये कानुन निर्माण गर्ने मुख्य जिम्मेवारी रहेको मन्त्रालयले हालसम्म ६७ ऐन, ९ नियमावली, २ कार्यविधि, १ निर्देशिका र ४ आचारसंहिता निर्माण गरेको छ । प्रदेश शान्ति एवम् सु-व्यवस्थाको लागि संघीय सुरक्षा निकायहरूसँग समन्वय गरेको छ । नागरिक सिमा सहायता कक्ष निर्माण, प्रदेशमा रहेका प्रहरी कार्यालयहरूलाई सवारी साधन वितरण, अति विशिष्ट व्यक्तिका लागि सवारी साधन खरिद, प्रदेश भित्रका सडक सुरक्षा र ट्राफिक व्यवस्थापन एवम् अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोगको लागि मुख्य राजमार्गहरू र जिल्लाका महत्वपूर्ण स्थानहरूमा सी. सी. टी. भी. जडान, साइबर क्राइम नियन्त्रण सम्बन्धी तालिम, सामुदायिक प्रहरी साझेदारी कार्यक्रम, कैदिबन्दी सिपमुलक तालीम, प्रदेश प्रहरी मुख्यालयको भवन निर्माण, १३ प्रहरी चौंकीहरू निर्माण र जिल्ला स्थित कारागार कार्यालयहरूको मर्मत तथा सुधारका लागि कार्य गरेको छ । प्रदेश विपद् व्यवस्थापन कोषको सञ्चालन तथा व्यवस्थापन कार्यको लागि विगत ५ वर्ष देखिको तथ्याङ्क हेर्दा, कोभिड तथा अन्य विपद् व्यवस्थापनमा रू.११ करोड १६ हजार खर्च गरेको छ । जिल्ला स्थित विपद् व्यवस्थापन कोषहरू मार्फत् प्रदेशमा कोभिड तथा अन्य विपद् व्यवस्थापनमा यस मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ ।

यद्यपि स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसकेको, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन भइरहेको, प्रदेश प्रहरी गठन हुन नसकेको, साइबर सुरक्षा सम्बन्धिको कार्य नगरेको, कार्य सम्पादन व्यवस्थापन सम्झौता हुन नसकेको, मन्त्रालयगत एकीकृत तथ्याङ्क तयार नगरेको र संघको कार्यक्षेत्रमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपरेको लगायतका कारणले प्रचलित कानुन तथा नियमावलीले निर्दिष्ट गरेका सबै कार्यहरू सम्पादन हुन सकेको पाइएन ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश (कार्य विभाजन) नियमावली २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन गर्ने र आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने र सो को कार्यान्वयन गरी प्रदेशको आर्थिक विकास र प्रभावकारी वित्त व्यवस्थापन गर्ने लगायतका कार्य रहेका छन् ।

यो मन्त्रालय र मातहत समेत ११ कार्यालयको विनियोजन रु २ अर्ब ३ करोड ८२ लाख ४७ हजार, राजस्व रू.९ अर्ब ११ करोड १९ लाख ९६ हजार, धरौटी रू.३० लाख ५१ हजार र कार्यसञ्चालन कोषतर्फको रू.१ करोड ७९ लाख ३७ हजार समेत रु ११ अर्ब १७ करोड १२ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यस मन्त्रालयको विनियोजन अंकमा प्रदेश सरकारले स्थानीय तहलाई दिएको अनुदान रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार समेत समावेश भएको छ । सो कारोबारको लेखारीक्षणबाट देखिएको मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्य विभाजन नियमावलीको कार्यान्वयन -** सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची ३ मा आर्थिक मामिला मन्त्रालयले सम्पादन गर्ने २१ कार्य उल्लेख छ । सो अनुसारका कार्यमध्ये मन्त्रालयले हालसम्म पनि राजस्व चुहावट नियन्त्रण सम्बन्धि प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रबर्द्धन तथा विस्तार र नियमन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन सम्बन्धमा आवश्यक नीति र कानुन तर्जुमा गरी कार्यान्वयन गरेको छैन । नियमावलीमा तोकिएका विषयमा आवश्यक नीति र कानुन तर्जुमा गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनुपर्दछ ।

२. **कानुन तर्जुमा** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचि २ बमोजिम मन्त्रालयले आफ्ना कार्यजिम्मेवारी सम्पादन गर्न प्रदेश सरकारले हालसम्म ६ ऐन, ५ नियमावली र ४ कार्यविधि निर्माण गरेको विवरण प्राप्त भएको छ । नियमावलीले तोके अनुसार प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति, प्रदेशस्तरीय विकास नीति, राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति र तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा नगरेको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ। आवश्यक सम्पूर्ण ऐन, कानुन तथा नीति तर्जुमा गरी मन्त्रालयको काम कारबाहीलाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **आयव्यय स्थिति -** गत वर्षको मौज्दात, राजश्व बाँडफाँट, प्रदेश राजश्व र संघीय सरकारको अनुदानसमेत यो वर्ष कुल रू.३० अर्ब ७६ करोड ५८ लाख ७० हजार प्राप्त भएको देखिन्छ । उक्त रकमबाट रू.८ अर्ब ९२ करोड ५३ लाख चालु र रू.११ अर्ब ९५ करोड २० लाख ५९ हजार पुँजीगत खर्चसमेत कुल रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार खर्च भई संघीय सरकारलाई अनुदान फिर्ता पठाएको रू.२ अर्ब ४२ करोड १२ लाख ५५ हजार घटाउदा रू.७ अर्ब ४६ करोड ७२ लाख ५६ हजार वचत रहन गएको छ ।

४. **बजेट कार्यान्वयन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति अनुसार नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ ।मन्त्रालयले तयार गरेको विगत ४ वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छः

(रू.हजारमा)

आर्थिक वर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक व्यय	फिर्ता तथा समायोनन	बचत
२०७५/७६	२५,०६,५६,१४	२२,११,६४,३१	१४,१६,३३,९१	१,८४,७२,८८	६,१०,५७,५२
२०७६/७७	२८,१६,२०,३५	२५,६८,९४,७४	१७,६१,१९,८८	५०,१४,१४	७,५७,६०,७२
२०७७/७८	३४,६४,४९,९९	३१,४६,८५,०६	२२,९६,८२,७४	२,३५,९६,७८	६,१४,०५,५४
२०७८/७९	३१,४७,५६,९०	३०,७६,५८,७०	२०,८७,७३,५९	२,४२,१२,५५	७,४६,७२,५६

बजेट अनुमानको तुलनामा २०७५/७६मा ५६.५० प्रतिशत, २०७६/७७ मा ६२.५३ प्रतिशत, २०७७/७८ मा ६६.२९ प्रतिशत र २०७८/७९ मा ६६.३२ प्रतिशत खर्च भई चार वर्षमा औसतमा करिब ६२.९१ प्रतिशत खर्च भएको छ । बजेट अनुमान कै हाराहारीमा आय प्राप्त भएको तर खर्च न्यून भएको कारण प्रत्येक वर्ष उल्लेख्य रकम बचत रहेको छ ।खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित भएको देखिएन। खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

५. **संघीय अनुदान -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार २०७८।७९ मा नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र बाँकीको स्थिति देहायअनुसार छन्:

(रू.हजारमा)

खर्च शिर्षक	बजेट रू.	निकासा रू.	खर्च रू.	बाँकी रू.
समानीकरण अनुदान	८,५४,४०,००	८,५४,४०,००	५,११,१२,३१	३,४३,२७,६८
सशर्त अनुदान	५,३५,४१,४५	५,२५,३४,४६	३,९०,८२,५५	१,३४,५१,९१
विशेष अनुदान	६१,३५,००	६१,३५,००	१९,६६,७३	४१,६८,२६
समपुरक अनुदान	१,२२,९४,००	१,२२,९४,००	५७,०१,६३	६५,९२,३७
जम्मा	**१५,७४,१०,४५**	**१५,६४,०३,४६**	**९,७८,०७,०२**	**५,८४,४०,२४**

वित्तीय समानीकरण लगायतको अनुदान रू.१५अर्ब ६३ करोड ४७ लाख निकासा प्राप्त भएकोमा रू.९अर्ब ७८ करोड ७ लाख अर्थात ६२.५५ प्रतिशत खर्च भएको छ ।समानीकरण अनुदान रू.८ अर्ब ५४ करोड ४० लाखमध्ये रू.५ अर्ब ११ करोड १२ लाख ३१ हजार खर्च भई रू.३ अर्ब ४३ करोड २७ लाख ६८ हजार वचत रहेको छ । सोझै भुक्तानी रू.५६ लाख २० हजार निकासा तर्फ समावेश गरिएको छ । सशर्त, समपुरक र विशेष अनुदानवापत खर्च हुन नसकेको रू.२ अर्ब ४२ करोड १२ लाख ५५ हजारमध्ये रू.१ अर्ब २०७९।३।३२ मा र रू.१ अर्ब ४२ करोड १२ लाख ५५ हजार २०७९।९।३ मा संघीय सञ्चित कोषमा फिर्ता भएको छ । प्रदेश सरकारले स्वीकृत

बजेट समेत खर्च गर्न नसकेको देखिँदा कार्यसम्पादनस्तरमा सुधार गरी खर्चको दक्षता अभिवृद्धि गर्नुपर्दछ । साथै समयमै अनुदान फिर्ता गरी ऐनको पालन गर्नुपर्दछ ।

६. **नीति तथा कार्यक्रम कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रममा उद्घोष भएका विभिन्न कार्यक्रममध्ये कोरोना महामारीको कारण वैदेशिक रोजगार गुमाएर फर्किएका व्यक्तिका लागि उद्योग व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्न चाहने युवा तथा उद्यमीलाई प्रदेश स्वरोजगार विकास कोषमार्फत् सहुलियत दरमा ऋण उपलब्ध गराउने, प्रदेशको समग्र वस्तुस्थिति झल्किने गरी प्रदेश पाश्वचित्र तयार गर्ने, औद्योगिक व्यवसाय प्रबर्द्धनका लागि प्रदेश सरकारले न्यून ब्याजदरमा प्रति उद्योग रू.५० लाखसम्म ऋण उपलब्ध गराउने, आयोजना तथा कार्यक्रमहरू आयोजना बैङ्कमा राखि प्राथमिकताका साथ कार्यान्वयन गर्ने, एकल खाता कोष प्रणाली, खर्च लेखाङ्कन तथा व्यवस्थापनका लागि कम्प्युटरकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वयमा सबल र व्यवस्थित बनाउने, प्रदेश राजस्व सङ्कलन, परिचालन, वित्त व्यवस्थापन तथा प्रदेश र स्थानीय तह बीचको वित्तीय सम्बन्धलाई प्रभावकारी बनाउन स्थानीय तहसँग समन्वय र सहकार्य गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने, प्रदेशमा कार्यरत कर्मचारीहरूलाई आवास निर्माणका लागि सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने लगायतका कार्यक्रमहरू बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरेको छैन । सरकारको नीति तथा कार्यक्रममा समावेश कार्यक्रमहरूलाई बजेट व्यवस्था गरी कार्यान्वनय गर्नुपर्दछ ।

७. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिकरुपमा राजश्व, वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेत देखिने विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रू.३१ अर्ब ४७ करोड ३१ लाख १४ हजार बजेट विनियोजन मध्ये रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार खर्च भएको छ । सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांकन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन । तोकिए अनुसार प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

८. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १७ मा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको हुने व्यवस्था छ । वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्रियाकलापलाई मन्त्रालयले कार्यक्रममा समावेश गरेपछि सोअनुसार कार्यान्वयन गर्नुपर्नेमा तदनुसार नगरी निश्चित आधार बेगर मन्त्रालय स्वयमले पटक-पटक रकमान्तर गर्नु औचित्यपूर्ण देखिएन। यो वर्ष मन्त्रालय र मातहतको चालु तर्फको सुरु बजेट रू.१२ अर्ब ६२ करोड ९९ लाखमा रकमान्तरबाट रू.३ अर्ब ११ करोड २ लाख थप र रू.३ अर्ब १६ करोड ६५ लाख घट गरी रू.१२ अर्ब ५७ करोड ३६ लाख अन्तिम बजेट कायम गरेको छ । त्यस्तै पूँजीगत तर्फको सुरु बजेट रू.१८ अर्ब ५४ करोड ५८ लाखमा रकमान्तरबाट रू.६ अर्ब ९० करोड ६३ लाख थप र रू.६ अर्ब ८५ करोड घट गरी

रू.१८ अर्ब ६० करोड २१ लाख बजेट कायम गरेको देखियो । जस अनुसार चालु खर्च तर्फ २५.०७ प्रतिशत र पूँजीगत खर्चतर्फ ३६.९४ प्रतिशत रकमान्तर भएको देखिन्छ । वर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने तथा पुष्ट्याई बेगर पटके र पहुँचको भरमा बजेट थपघट गरी विभिन्न कार्यक्रममा रकमान्तर गर्दा बजेट कार्यान्वयन चरणको समयावधिको कारणले खर्चको उपलब्धी सार्थक हुन सक्ने देखिंदैन । संसदीय जानकारी बाहिर गई रकमान्तर गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

९. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयलाई रू.३१ करोड ७८ लाख ६४ हजार बजेट विनियोजनमध्ये रू.१२ करोड ६५ लाख १ हजार अर्थात ३९.७९ प्रतिशत खर्च भएको छ । त्यस्तै अर्थ विविध अन्तर्गत भैपरी आउने विकास कार्यक्रम तर्फ रू.१ अर्ब ५६ करोड ९१ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरिएका कार्यक्रम सञ्चालन गरी तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

१०. **बजेट अवण्डा** - बजेट स्वीकृत भएपछि मन्त्रालयले कार्यक्रमको आधारमा निकासा दिई खर्च गर्नुपर्नेमा यो मन्त्रालयले एकमुष्ट भैपरी आउने विकास कार्यक्रम उल्लेख गरी रू.१ अर्ब ४० करोड सुरु बजेट विनियोजन गरेकोमा रकमान्तर गरी रू.१ अर्ब ५६ करोड ९१ लाख अन्तिम बजेट कायम गरी रकम मन्त्रालयमा नै राखेकोमा वर्षान्तसम्म खर्च गरेको छैन ।प्रदेश सरकारका विभिन्न पूर्वाधारजन्य कार्यक्रम स्वीकृत गरेर कार्ययोजना बनाई समयमा नै कार्य सम्पादन गरी लक्षित वर्गमा प्रतिफल पुऱ्याउने कार्य गर्नुपर्नेमा मन्त्रालयमा नै बजेट राखी खर्च नगरेको औचित्यपूर्ण देखिएन ।

११. **स्थानीय तहमा वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ८८ स्थानीय तहलाई समानीकरण अनुदान रू.७२ करोड ४५ लाख, सशर्त अनुदान रू.४७ करोड ७१ लाख ८२ हजार, विशेष अनुदान रू.३४ करोड ३३ लाख १३ हजार र समपुरक अनुदान रू.३६ करोड ६७ लाख ५१ हजारसमेत रू.१ अर्ब ९१ करोड १७ लाख ४६ हजार अनुदान उपलब्ध गराएकोमा सशर्त, समपूरक र विशेष गरी रू.१ अर्ब १८ करोड ७२ लाख ४६ हजार खर्च भएको छ। सो खर्च पालिकालाई दिएको निकासामध्ये खर्च नभई बाँकी रहेको रकम घटाई खुद खर्च रहेको छ । मन्त्रालयले पालिकालाई दिएको निकासा पालिकाले गरेको खर्च र खर्च नभई बाँकी रकम छुट्टा छुट्टै देखाउनु पर्नेमा निकासा फिर्ता भएको रकम खर्चबाट घटाई प्रस्तुत गरेको कारण पालिकाहरूबाट भएको फिर्ताको अवस्था यकिन गर्न सकिएन ।

१२. **कार्यक्रम कार्यान्वयन -** सुदूरपश्चिम प्रदेशको २०७८।७९ को वार्षिक बजेटमा समावेश भएका विभिन्न कार्यक्रममध्ये अनुगमन तथा मुल्यांकनलाई अन्तर-निकाय र अन्तर सरकारी तहको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाई आन्तरिक तथा तेस्रो पक्षको मुल्यांकन मार्फत् विकास, नीति, योजना तथा कार्यक्रमको असर र प्रभाव अध्ययन गरी प्राप्त हुने अनुपोषणलाई लागू गर्ने, जेष्ठ नागरिकहरूको स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै सरकारी अस्पतालमा जटिल रोगहरूको उपचार सहायताको लागि जेष्ठ नागरिक प्रदेश उपचार राहत कोषको व्यवस्था गर्ने, अति विपन्न वादी समुदायमा व्याप्त रहेको गरिबी न्यूनीकरण गर्न आय आर्जनका कार्यहरू मार्फत् स्थानीय मौलिक पहिचानका क्षेत्रहरूको विकास, विस्तार विविधिकरण गर्न परम्परागत संस्कृति एवम् कलाहरूको संरक्षण गर्न वादी समुदाय लक्षित कार्यक्रमको लागि स्वरोजगार विकास कोष मार्फत कार्यान्वयन गर्ने, सुदूरपश्चिम प्रदेश सरकारको सुप एप्स महत्वपूर्ण पर्यटकीय तथा धार्मिक क्षेत्रहरूको छाँयाचित्र निर्माण गर्ने, एकीकृत प्रदेश तथ्याङ्क केन्द्र एवम् एकीकृत भौगोलिक सूचना प्रणाली तर्जुमा गर्ने, प्रदेशका २० देखि ३० वर्षका २०० एकल महिलालाई हेभि ईक्युप्मेन्ट सम्बन्धी सवारी चालक तथा मर्मत तालिम प्रदान गरी आत्मनिर्भर बनाउने, प्रदेश भित्रका कम्तिमा १ हजार युवालाई विभिन्न किसिमका सीपमूलक तथा आयमूलक प्राविधिक तालिम प्रदान गरी युवालाई सीपसँग जोड्ने र आत्मनिर्भर बनाउने, मन्त्रालयस्तरीय शासकीय सुधार इकाई स्थापना गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। बजेट वक्तव्य तथा कार्यक्रममा समावेश गरेका कार्यक्रमहरूलाई कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्दछ ।

१३. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१) मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसारका विषय समावेश गरी मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरेको छैन । मन्त्रालयबाट तयार गरी कार्यान्वयनमा लगिने सबै योजनालाई प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र सो अनुसार कार्यान्वयन भए नभएको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१४. **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५(क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको कार्य मन्त्रालयबाट भएको

देखिएन । ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मकरुपमा उच्च प्रतिफल र परिणाम हासिल हुन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ ।

१५. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राबिधिक, वाताबरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्लास्तरिय आयोजना, आर्थिक मामिला मन्त्रालय नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेशस्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ। तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित मन्त्रालय र कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

१६. **कार्यसम्पादन करार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७४ को दफा १९(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७८।७९ को बजेटमा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ ।उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएता पनि सो अनुसार कार्यसम्पादन करार भएको छैन । कानुनी व्यवस्था अनुसार कार्यसम्पादन करार गरी प्रतिफलको सुनिश्चितता हुनुपर्दछ ।

१७. **राजश्वको लेखाङ्कन र आधार**- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २१ मा विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप नगदमा आधारित हुने व्यवस्था छ । राजश्वको लेखाङ्कन गर्दा राजश्व व्यवस्थापन सूचना प्रणालीमा लेखाङ्कन भएका रकमलाई आधार मानी तयार गरेको छ । यो वर्ष प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रू.५६ करोड ४४ लाख ५२ हजार विभाजन गरी प्रदेश तथा

स्थानीय सञ्चित कोषमा ट्रान्सफर गरेको छ । त्यस्तै प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार रू.९ अर्ब २२ करोड ६८ लाख ४५ हजार आय अनुमान (संशोधित) भएकोमा रू.९ अर्ब ४४ करोड ९४ लाख २ हजार अर्थात अनुमानको १०२.४१ प्रतिशत राजश्व प्राप्त भएको छ ।

१८. **घर जग्गा तथा सवारी साधनको लगत** – प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको घर जग्गाको लगत र सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले कानुनी व्यवस्था अनुसार सरकारी घरजग्गा र सवारी साधनको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी अद्यावधिक गर्नुपर्दछ।

१९. **सम्पतिको एकीकृत विवरण** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

२०. **दिगो विकास लक्ष्यको कार्यान्वयन** - दिगो विकास लक्ष्य (सन २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रवन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक तथा समन्वय समिति गठन भएको छैन ।

प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकको प्रभावकारी कार्यान्वनको लागि आवश्यक समिति गठन गरी प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२१. **प्रदेश सञ्चितकोष** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको सञ्चित कोषको एकीकृत लेखा तयार गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले सुदूरपश्चिम प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण तयार गरी निम्नानुसार पेस गरेको छ ।

(रू.हजारमा)

प्राप्ति(क)	गत वर्षको रकम	यो वर्षको रकम
१.गत वर्षको मौज्दात जिम्मेवारी	७,५३,५७,०५	५,६७,६१,२३
२.राजश्व	८,५२,८९,२४	९,४४,९४,०२
२.१ कर राजश्व	७,८०,८६,६५	८,८२,४५,७६
२.२ अन्य राजश्व	३१,२४,४७	३६,७८,६४
२.३ संघीय सरकारतर्फको राजस्व बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकम प्रदेश सञ्चित कोषमा दाखिला हुन बाँकी	०	०
२.४ गत वर्षको नगद मौज्दात तथा बेरुजु	४०,७८,१२	२५६९६२
३.संघीय अनुदान	१५,४०,३८,७७	१५,६४,०३,४५
३.१ समानीकरण अनुदान	८,०७,६८,००	८,५४,४०,००
३.२ समपूरक अनुदान	१,२६,२९,००	१,२२,९४,००
३.३ सशर्त अनुदान	५,५७,९१,७७	५,२४,७८,२५
३.४ विशेष अनुदान	४८,५०,००	६१,३५,००
४.वित्तीय अवस्था		
५.अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	-२,३५,९६,७८	-२४२१२५५
६. चालु आर्थिक वर्षको सञ्चितकोषको खुद मौज्दात	-६,१४,०५,५४	-७,४६,७२,५६
७. प्रदेश आकस्मिक कोष खाताको अल्या	०	०
जम्मा प्राप्ति	२२,९६,८२,७४	२१,१८,५१,६०
(ख) भुक्तानी	०	०
१.चालु वर्षको भुक्तानी	०	०
१.१ सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	०	०
१.२ विनियोजन ऐनद्वारा भएको खर्च(चालु)	१०,३६,६२,९८	८,९२,५३,००
१.३ विनियोजन ऐनद्वारा भएको खर्च(पुँजीगत)	१२,६०,१९,७६	११,९५,२०,५९
१.४ बैंक समायोजन	०	०
२.वित्तीय व्यवस्था भुक्तानी	०	०
जम्मा भुक्तानी	२२,९६,८२,७४	२०,८७,७३,५९
सञ्चित कोष मौज्दात	६,१४,०५,५४	७,४६,७२,५६

प्रदेश सञ्चित कोषको सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२१.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ११२ मा प्रदेश सञ्चित कोषको हिसाब राख्ने तथा राख्न लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको यो बर्षको सञ्चित कोष हिसाबको आयतर्फ गत बर्षको वचत समेत रू.३० अर्ब ७६ करोड ५९ लाखमध्ये खर्च रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार र संघीय सञ्चित कोषमा फिर्ता भएको रू.२ अर्ब ४२ करोड १२ लाख ५५ हजार घटाउँदा कोषको मौज्दात रू.७ अर्ब ४६ करोड ७२ लाख ५६ हजार देखिन्छ।

२१.२. महालेखा नियन्त्रक कार्यालयको २०७६।४।१ को निर्णयमा २०७६।७७ को शुरुदेखि नै तीनै तहका सरकारी निकायहरूको आर्थिक कारोबारको लेखाङ्कनमा नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित स्वीकृत फारामहरूको प्रयोग गरिने उल्लेख छ । महालेखापरीक्षकबाट स्वीकृत मूल

प्रतिवेदन फारामहरूमा सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७१), बजेट तुलनात्मक विवरण र लेखा नीति तथा टिप्पणीहरू रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरेता पनि म.ले.प.फा.न.२७१ को ढाँचामा तयार गरेको देखिएन । साथै बजेट तुलनात्मक विवरण र सबै लेखा नीति तथा टिप्पणीहरू प्रतिवेदनमा समावेश छैनन् । ऐनले निर्दिष्ट गरेको लेखाको ढाँचा तथा आधार अनुसार लेखाङ्कन हुनुपर्दछ ।

२१.३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २२(४) मा प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने र सोही आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गतको स्थिर सम्पत्तिको मूल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन । तोकिएका फारामहरूको प्रयोग गरी सम्पत्ति र दायित्वको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२१.४. प्रदेश सरकारको मन्त्रालयगत राजस्व आम्दानीको विवरण अनुसार रू.१० अर्ब १७ करोड ८३ लाख राजस्व आम्दानी भएकोमा प्रदेश सञ्चित कोषमा रू.९ अर्ब ४४ करोड ९४ लाख र प्रदेश विभाज्य कोषमा रू.७२ करोड ८८ लाख आम्दानी बाँधिएको छ । यस सम्बन्धी विवरण अनुसूची — ८ मा रहेको छ ।

२१.५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा प्रत्येक कार्यालयले नेपाल सरकार अर्थ मन्त्रालय तथा आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत राजस्व वर्गिकरणको व्याख्या अनुसार लगती तथा हसवली राजस्वको लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोषको एकीकृत आर्थिक विवरण अनुसार कर तथा गैर कर राजस्व रू.९ अर्ब ४४ करोड ९४ लाख प्राप्त भएको छ । प्राप्त रकममध्ये लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अद्यावधिक गर्नुपर्दछ ।

२१.६. आर्थिक वर्ष २०७७।७८ को वर्षान्तमा प्रदेश सञ्चित कोषमा रू.६ अर्ब १४ करोड ५ लाख ५४ हजार मौज्दात कायम गरेकोमा संघीय सरकारबाट आर्थिक बर्ष २०७७।७८ को राजश्व बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकम रू.४ करोड २ लाख २१ हजार र आषाढ २१ देखि ३१ सम्मको मुल्य अभिवृद्धि कर र अन्तःशुल्क रकम रू.४२ करोड ३ लाख ४३ हजार समेत रू.४६ करोड ५ लाख ६४ हजार प्रदेश राजस्व व्यवस्थापन सूचना प्रणाली (रिम्स) मा २०७८।७९ मा प्रविष्टि भएकोले सो रकम र आकस्मिक कोषको मौज्दात रकम रू.५० लाख घटाएर गत आर्थिक वर्षको छुट आम्दानी रकम रू.११ लाख ३३ हजार थप गरी खुद मौज्दात रू.५ अर्ब ६७ करोड ६१ लाख २३ हजार कायम गरिएको छ ।

२२. **आन्तरिक लेखापरीक्षण —** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराई

राख्नुपर्ने व्यवस्था छ । सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्षको समाप्ति पश्चात् एकैपटक आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिएको छ । यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्लास्थित कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.५६ लाख १३ हजार, अनियमित रू.७ करोड ४१ लाख ९५ हजार, म्याद नाघेको पेश्की बाँकी रू.२१ करोड ४६ लाख ३४ हजार समेत रू.२९ करोड ४४ लाख ४२ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म सम्पूर्ण बेरुजु नियमानुसार फर्स्यौंट तथा सम्परीक्षण भएको देखिएन। कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजुहरू समयमै फर्स्यौंट गर्नुपर्दछ ।

२३. **सफ्टवेयरमा पहुँच** - महालेखा नियन्त्रक कार्यालयले लेखा राख्ने तथा प्रतिवेदन तयारी प्रयोजनका लागि एकल कोष खाता प्रणाली, कम्प्युटरकृत सरकारी लेखा प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन, राजस्व व्यवस्थापन सूचना प्रणाली, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अनुसारका कम्प्युटरकृत प्रणाली लागू गरेको छ ।

प्रदेशहरूको हकमा संघीय सरकारको लेखा महालेखा नियन्त्रक कार्यालयले राखे जस्तै प्रदेशमा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जिम्मेवारी दिएको छ ।लेखा राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले उल्लिखित प्रणालीको पूर्ण उपयोग गरी आवश्यकता अनुसार सम्बन्धित कार्यालयहरूलाई पनि पहुँच दिएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलालीले कैलाली जिल्लाको कारोबारका लागिमात्र उल्लिखित कम्प्युटरकृत प्रणालीमा पहुँच लिइ कारोबार गरेको जानकारी हुन आयो । प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि प्रदेश अन्तर्गतका सबै जिल्लाको सूचनामा पहुँच राखी समयमै प्रदेश सरकारमा प्रतिवेदन बुझाउँनु पर्दछ ।

२४. **चौमासिक खर्च –** सुदूरपश्चिम प्रदेशको समग्र चौमासिक खर्च अवस्था निम्नानुसार रहेको छ।

(रू.लाखमा)

शीर्षक	प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		कुल खर्च
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	
चालु	१,२३,०१	१३.७८	२,६८,८४	३०.१२	५,००,६७	५६.०९	८,९२,५२
पुँजीगत	६३,८०	५.३३	२,४८,१२	२०.७६	८,८३,२७	७३.९०	११,९५,२०
जम्माः	**१,८६,८१**	**९.५५**	**५,१६,९६**	**२५.४४**	**१३,८३,९४**	**६४.९९**	**२०,८७,७२**

उल्लिखित तथ्याङ्क अनुसार चालु तथा पूँजीगततर्फ प्रथम चौमासिकमा ९.५५ प्रतिशत, दोस्रो चौमासिकमा २५.४४ प्रतिशत तथा तेस्रो चौमासिकमा ६४.९९ प्रतिशत खर्च भएको देखिएकोले सञ्चित कोषमा तेस्रो चौमासिकमा खर्चको भार परेको देखिन्छ । वित्तीय सन्तुलन हुने गरी चौमासिक लक्ष्य बमोजिम खर्च हुनुपर्दछ ।

२५. **धरौटी -** धरौटीको एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रू.१ अर्ब ८२ करोड ५९ लाख २ हजार र यस वर्षको रू.४९ करोड ३६ लाख ८६ हजार समेत रू.२ अर्ब ३१ करोड ९५ लाख ८८ हजार आम्दानी भई फिर्ता तथा सदरस्याहा समेत रू.३७ करोड ७२ लाख ३१ हजार खर्च गरी रू.१ अर्ब ९४ करोड २३ लाख ५६ हजार मौज्दात रहेको छ ।

२६. **कार्यसञ्चालन कोष -** प्रदेश अन्तर्गत ९ जिल्लाका ९१ कार्यालयमा कार्यसञ्चालन कोष रहेको छ। गत वर्षको जिम्मेवारी रू.२३ करोड ९ लाख ६२ हजार र यो वर्ष रू.१ अर्ब २ करोड ३९ लाख ९८ हजार समेत रू.१ अर्ब २५ करोड ४९ लाख ६० हजार आम्दानी भएकोमा रू.८१ करोड ७ लाख ३० हजार खर्च भई रू.४४ करोड ४२ लाख २९ हजार मौज्दात रहेको छ ।

२७. **सञ्चित कोषबाट व्यय** - चालुतर्फ रू.८ अर्ब ९२ करोड ५२ लाख ९९ हजार रहेकोमा पारिश्रमिक तथा सुविधामा रू.१ अर्ब ४२ करोड ४७ लाख २७ हजार, अनुदानतर्फ रू.१ अर्ब ९५ करोड ७८ लाख ४७ हजार तथा सामाजिक सुरक्षामा रू.१८ करोड ५५ लाख ७३ हजार खर्च भएको छ भने पुँजीगततर्फ रू.११ अर्ब ९५ करोड २० लाख अर्थात् कुल बजेट खर्चको ५७.२५ प्रतिशत खर्च भएको छ । चालु खर्चलाई निश्चित सीमामा राखी पुँजीगत खर्च वृद्धि गरेर प्रदेश सरकारको पूर्वाधार तथा पुँजी निर्माणमा प्रभावकारिता ल्याउनुपर्दछ।

प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत् सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोबस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।

सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष

२८. **कोषको परिचालन -** सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष ऐन, २०७५ बमोजिम पूँजी सीप एवं लगानीको श्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशिलताको विकास तथा उत्पादनमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रम प्रति सम्मान गर्ने जनशक्ति निर्माण गर्दै विना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेश मै स्वरोजगार बनाउन र सुदूरपश्चिम गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न प्रदेश सरकारले २०७५।७६ मा रू.१ अर्बको कोष खडा गरेको छ । कोष सञ्चालक समितिको २०७९।१।२१ को बैठकले कोषको आर्थिक श्रोत जुटाउन राष्ट्रिय बाणिज्य बैंकमा रहेको कोषको मूल खातामा रहेको उक्त रकम सरकारी स्वामित्वका बाणिज्य बैंकहरूसँग प्रस्ताव माग गरी उच्च प्रतिफल प्राप्त हुने गरी कल निक्षेप र अल्प अवधिको मुद्दती निक्षेपमा परिचालन गर्ने निर्णय गरेको छ । सो अनुसार रू.१५ करोड बाणिज्य बैंकमा यथावत् राखी कृषि विकास बैंक लिमिटेडमा २०७९।१।२७ देखि १०.०३ प्रतिशत ब्याजदरमा रू.६० करोड र नेपाल बैंक लिमिटेडमा २०७९।१।२६ देखि रू.२५ करोड रकम १०.०३ प्रतिशत ब्याज दरमा

रू.२५ करोड ३ महिने अवधिको मुद्दती निक्षेपमा राखेको छ । गत वर्षको प्रतिवेदनमा प्रयोग नभएको रकम सञ्चित कोष दाखिला गर्नुपर्ने व्यहोरा औंल्याएकोमा यस वर्ष मुद्दती खातामा रकम राख्ने बाहेक अन्य कार्य सञ्चालन गरेको छैन । कोष स्थापनाको उद्देश्य अनुसार कोषको रकम परिचालन गर्नुपर्दछ ।

२९. **कोष सञ्चालन कार्यविधि -** कोषको मूल खातामा रहेको रकम कोषको उद्देश्य एवं लक्ष्य अनुरुप व्यवसायिक कार्यमा प्रवाह गर्न सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष थोक कर्जा लगानी सम्वन्धी कार्यविधि, २०७८ को मस्यौदा तयार भएता पनि त्यसमा सरोकरवालाको सुझाव लिने कार्य भई रहेकोले अन्तिम रुपमा स्वीकृत हुन बाँकी रहेको छ । अस्थायी दरबन्दी स्वीकृत भएता पनि पदपूर्ति गर्न नसकेको एवं स्वरोजगार कोष कार्य सञ्चालन नियमावली, सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, आन्तरिक कर्जा अभिलेख प्रणालीको विकास, थोक कर्जा प्रवाह गर्ने संस्था छनौटको मापदण्ड निर्माण लगायत कोष सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि एवं मापदण्ड निर्माण हुन सकेको छैन । कोष स्थापना भएको चार वर्ष सम्म कोष सञ्चालनका लागि आवश्यक कार्यविधि एवं मापदण्ड तर्जुमा नहुँदा कोषमा रहेको मौज्दात उद्देश्य अनुरुपको कार्यमा प्रयोग हुन सकेको छैन । आवश्यक नियमावली तथा कार्यविधि तर्जुमा गरी उद्देश्य अनुरुप कार्य नभएको अवस्थामा कोषमा रहेको रकम फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।

- सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रू.४ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.२ लाख ७९ हजार फर्स्यौंट भई रू.२ लाख १३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति -** आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट वक्तव्य तथा एकीकृत वित्तीय प्रतिवेदन अनुसार विगत पाँच वर्षको बजेट कार्यान्वायन अवस्था विश्लेषण गर्दा कुल बजेट रू. २ अर्ब ७९ करोड ३१ लाख मध्ये रू. ६४ करोड ८६ लाख खर्च भएको छ। जसमध्ये चालु खर्च ५८ करोड ६३ लाख (९०.३९ प्रतिशत) र पुँजीगत खर्च रु ६ करोड २३ लाख (९.६१ प्रतिशत) रहेको छ । वार्षिक औसत खर्च २३.२२ प्रतिशत हुन आउँछ । पाँच वर्षको अवधिमा समग्र प्रदेशको समग्र राजस्व संकलन रू. ३१ अर्ब ४४ करोड ६३ लाख रहेको छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ वमोजिम यस मन्त्रालयलाई २४ कार्यजिम्मेवारी तोकिएकोमा मन्त्रालय र अन्तर्गत कार्यालयका लागि प्रशासनिक ३९ र श्रेणीविहिन ९ पद सृजना गरी प्रशासनिक २० र श्रेणीविहिन २ पदपूर्ति गरेर तोकिएका जिम्मेवारी सम्पादन गर्दै आएको छ। मन्त्रालयले पाँच वर्षको अवधिमा प्रदेश मन्त्रालय तथा निकायहरूका लागि बजेट तर्जुमा सम्वन्धी तालिम निरन्तर रुपमा संचालन, प्रदेश स्तरबाट संचालित विकास आयोजना तथा कार्यक्रमको अनुगमन, स्थानीय तहहरूको बजेट तथा योजना तर्जुमा क्षमता अभिबृद्धि र वित्तीय अन्तरसम्वन्ध सुदृढीकरण सम्वन्धी कार्यक्रम , यु.एन.डी.पी.को सहयोगमा दिगो विकासको स्थानीयकरण सम्वन्धी कार्य, लगानी साझेदारी सम्वन्धी कार्यक्रम, सालवसाली रुपमा राजस्व परामर्श समितिको प्रतिवेदन

तयारी, प्रदेश स्वरोजगार कोषको स्थापना, प्रदेश सरकारबाट स्थानीय तहहरूलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान कार्यविधि बमोजिम वार्षिक रुपमा स्थानीय तहहरूलाई अनुदान प्रदान गर्ने जस्ता उपलब्धिहरू हांसिल भएका छन् ।

मन्त्रालयले स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्न नसकेको, कार्य सम्पादन गर्नु पर्ने विषय नीति तथा कार्यक्रममा घोषणा गर्ने नगरेको एवं घोषणा भएका सबै विषय वजेटमा समावेश नगरेको, पुष्टयाई वेगर वर्षभरी रकमान्तर गर्ने गरेको, अवण्डा वजेट राखी पटके निर्णयको आधारमा खर्च गरेको, राजस्व यथार्थमा आधारित भई अनुमान नगरेको, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन भइरहेको जस्ता समस्याका कारण राजस्व चुहावट नियन्त्रण, बीमा व्यवसाय, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन गर्ने एवं अन्य विषयगत मन्त्रालयहरूको कार्यविभाजन अनुसारका कार्यसम्पादन हुन सकेका छैनन्।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानुन, कार्यक्रम तथा योजना तयार गर्ने, उद्योग, वाणिज्य, पर्यटनको प्रबर्द्धन, विकास र नियमन, पर्यटन विकासको लागि योजना निर्माण, पूर्वाधार विकास, खानी तथा खनिज पदार्थको अन्वेषण, व्यवस्थापन तथा नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३० सरकारी कार्यालय (एक वक्यौता कार्यालयसमेत) को विनियोजन रू.१ अर्ब ७४ करोड ५१ लाख ८३ हजार, राजस्व रू.३ करोड ३९ लाख ९० हजार, धरौटी रू.७६ करोड ४ लाख १२ हजार र कार्यसञ्चालन कोष रू.८ करोड ३३ लाख ४० हजार समेत रू.२ अर्ब ६२ करोड २९ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी -** सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई तोकिएका कार्यमध्ये भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य, कलकारखाना र औद्योगिकीकरण सम्बन्धि नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी, सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धि, उपभोक्ता अदालत गठन र सञ्चालन सम्बन्धी, पर्यटक प्रहरी व्यवस्थापन सम्बन्धी, प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना गर्ने, प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गरेको पाइएन । नियमावलीले तोकेका विषयहरूको कार्यान्वयन तालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा मन्त्रालयले सम्पादन गर्ने कार्यमध्ये प्रादेशिक वन, उद्योग, वाणिज्य, आपूर्ति, खनिज उद्योग र पर्यटन नीति तर्जुमा गर्ने, वन व्यवस्थापनको मापदण्ड कार्यान्वयन, सीमसार क्षेत्रको अभिलेखीकरण र वर्गीकरण, जैविक विविधताको अभिलेख र वनको नक्साङ्कन गर्ने, जडीबुटीमा आधारित उद्यमलाई आयआर्जनमा आवद्ध गर्ने, उच्च हिमाली क्षेत्रमा जडीबुटी उत्पादन प्रशोधनको लागि अध्ययन अनुसन्धान कार्यलाई प्रथमिकता दिइने, प्रदेशभरीको काठजन्य वस्तुको व्यवस्थापन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन एकीकृत काष्ठ सफ्टवेयर प्रयोगमा ल्याइने, पर्यटन क्षेत्रमा निजी लगानी प्रोत्साहनको लागि आवश्यक नीतिगत व्यवस्था गरिने उल्लेख गरेकोमा उक्त नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन ।

प्रदेशलाई औद्योगिकीकरणको दिशातर्फ उन्मुख गराउन संघीय सरकार र स्थानीय तहको सहकार्यमा प्रदेश भित्र सम्भाव्यता अध्ययनको आधारमा एक स्थानीय तह, एक औद्योगिक ग्राम क्रमश स्थापना गरिने, नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको सम्भाव्यता अध्ययन कार्य आगामी आर्थिक वर्षबाट शुरु गरिने, प्रदेश पहिचानका वस्तुको बजार प्रबर्द्धन एवम् उत्पादन प्रोत्साहनको लागि आगामी आर्थिक वर्षदेखि नै सञ्चालन हुने गरी प्रदेशका ९ जिल्ला उद्योग बाणिज्य संघसँगको

साझेदारीमा कोशेली घर निर्माण गरी सञ्चालन गर्ने सम्बन्धी कार्यहरू कार्यान्वयन भएको पाइएन । बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सभामा प्रस्तुत प्रदेशको २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये यस मन्त्रालयसँग सम्बन्धित प्रादेशिक उद्योग, वाणिज्य तथा आपूर्ति र खानी उद्योग सम्बन्धी नीतिहरू तर्जुमा, खाद्यान्न भण्डारण केन्द्रको स्थापना, प्रदेशका विभिन्न जिल्लामा रहेका धार्मिक क्षेत्रहरू उग्रतारा, शिवपुरीधाम, गोदावरी, शैलेश्वरी, देवतालधाम, परशुराम धाम, भम्केनी धाम, बडिकेदार, बैद्यनाथ धाम, पाताल भुमेश्वर, मालिकार्जुन, सुर्माभवानी लगायत स्थान समेटी धार्मिक पर्यटकीय सर्किट निर्माणका लागि सम्भाव्यता अध्ययन लगायतका कार्य भएको देखिएन । कार्यान्वयन योग्य कार्यक्रम मात्र नीति तथा कार्यक्रममा समावेश गरी कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

४. **अनुगमन मूल्याङ्कन** - मन्त्रालयले कार्यक्रम केन्द्रित भई अनुगमन गर्नुपर्नेमा यस बर्ष अनुगमन मूल्याङ्कनका लागि मुख्यरुपमा दुई कार्यक्रमबाट रू.३७ लाख ५८ हजार खर्च गरेको छ । प्रदेश बाहिरका जिल्लामा गएको कामलाई समेत स्पष्ट आधार प्रमाण बेगर अनुगमन मूल्याङ्कनमा गएको भनी भ्रमणका व्यहोरा उल्लेख गरी प्रतिवेदन दिएको आधारमा भुक्तानी दिने गरेको छ । अनुगमन मूल्याङ्कनबाट कार्यक्रम सञ्चालन एवं सेवा प्रवाहमा देखिएका कमि कमजोरी पहिचान गरी आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गरी राख्नु पर्नेमा भ्रमण खर्च फर्स्यौट प्रयोजनका लागि मात्र भ्रमण प्रतिवेदन लिनेदिने कार्य भएको देखियो । यस्तो प्रकारले अनुगमन मूल्याङ्कन खर्च लेख्नु मनासिव देखिदैन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

५. **कार्यक्रममा दोहोरोपना** - यस मन्त्रालय र मातहत कार्यालयले गर्ने जस्तै मठ मन्दिर निर्माण र मर्मत सुधारका कार्य संघ र स्थानीय तहले पनि गर्ने गरेका छन् । यस्तो प्रकारले काम गर्दा एउटै कामका लागि तीनै तहका सरकारबाट बजेट तथा कार्यक्रमको व्यवस्था भई खर्च हुने अवस्था रहन्छ । यस्तो अवस्था नआउनका लागि मन्त्रालयले संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्यका लागि पहल गर्नुपर्दछ । सोको लागि संघ तथा स्थानीय तहबाट संचालित योजनाको प्रगति विवरण प्राप्त गरी दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल नभए योजना/कार्यक्रम सञ्चालनमा दोहोरोपना हुने उच्च स्थिति रहन्छ । यस सम्बन्धमा मन्त्रालयले समन्वय र सहकार्यको लागि सम्बन्धित निकायबीच सम्पर्क हुने संयन्त्र विकास गरी बजेट तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल गर्नुपर्दछ ।

६. **तीनै तहबाट एकै प्रकृतिका कार्यक्रम** - संघ, प्रदेश र स्थानीय तहले सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । श्रम, शिक्षा, कृषि, पशु, युवा, सहकारी जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा सञ्चालन भएको देखियो । त्यसैगरी मठमन्दिर निर्माण र मर्मत सुधारका कार्य पनि संघ र स्थानीय तहले गर्ने गरेका छन् । तीनै तहका सरकारी निकायबीच समन्वय गरी दोहोरो नपर्ने गरी निर्माण र मर्मत सुधार तथा तालिम कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ ।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र

जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । यसै व्यवस्था अर्न्तगत यो वर्ष मन्त्रालयलाई कुल रू.२ अर्ब १४ करोड ८९ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट बजेट वढाई अन्तिम बजेट रू.२ अर्ब २५ करोड ९७ लाख ९१ हजार बजेट कायम भई रू.१ अर्ब ७२ करोड ९६ लाख ३४ हजार खर्च भएको छ । मातहतका निकायबाट पूर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा सुरु विनियोजित बजेटको ८०.८२ प्रतिशत र अन्तिम कायम बजेटको ७६.५४ प्रतिशतमात्र खर्च भएकोले विनियोजन दक्षता न्यून देखिएको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेट रकमबाट तोकिए अनुसार कार्यक्रम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

८. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१)मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीनबर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्दछ। यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकिकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यहोरा कार्यान्वयनमा ल्याई सकेको पाइएन । सबै योजना प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

९. **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५ (क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । ऐनले तोकेको व्यहोरा मन्त्रालयबाट कार्यान्वयन नहुनु मनासिव देखिएन । ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मक रुपमा उच्च परिणाम देखिन सक्ने योजना प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजानु पर्दछ ।

१०. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राबिधिक, वाताबरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्ला स्तरिय आयोजना, आर्थिक मामिला मन्त्रालय नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेश स्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

११. **कार्यसम्पादन करार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि मन्त्रालयमा उक्त व्यहोराको कार्यान्वयन भएको पाइएन । बजेट वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२. **प्रगति विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । मन्त्रालयले यस वर्ष रू.२ अर्ब २५ करोड ९७ लाख ९१ हजार बजेट विनियोजन भई रू.१ अर्ब ७२ करोड ९६ लाख ३४ हजार खर्च गरेकोमा उक्त अनुसूची बमोजिमको ढाँचामा प्रगति विवरण तयार नगरेकोले कृयाकलापगत र कार्यक्रमगत लक्ष्य प्रगतिको मूल्याङ्कन परीक्षण गर्न सकिएन । सो व्यहोरा अनुसारको प्रगति विवरण मातहतका कार्यालयबाट पेश हुनुपर्नेमा नभएको अवस्थामा माग गरी त्यसको समेत अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । नियमले तोके अनुसारको

ढाँचामा प्रगति विवरण तयार नगर्ने र कार्य गरे नगरेको अनुगमन मूल्याङ्कन नहुने कार्य मनासिव देखिएन । नियमले तोकेअनुसार लक्ष्य, प्रगति विवरण तयार गरी अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनु पर्दछ ।

१३. **अनुदान र सहायता वितरण -** यस मन्त्रालय लगायत अन्य सरकारी निकायले विभिन्न प्रयोजनका लागि अनुदान उपलब्ध गराउने गरेको देखिएको छ । वितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा समेत गरिने भनी आर्थिक बर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं २४२ मा समेत उल्लेख भएकोमा हालसम्म सो सम्बन्धी कानुन बनेको छैन। मन्त्रालय र माताहतका कार्यालयबाट यस वर्ष अनुदान तथा सहायता वितरणमा रू.२ करोड ७९ लाख बजेट विनियोजन भएकोमा रू.१ करोड ७९ लाख ८१ हजार खर्च भएको छ । अनुदान नीति बेगर अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम् सदुपयोगको सुनिश्चतता नहुने जोखिम रहन्छ । तसर्थ बजेट वक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ । सो बेगर अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम् सदुपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिएन ।

अनुदान दिएको रकमबाट उत्पादनमा हुने वृद्धि, राजश्वमा पुग्ने योगदान, रोजगारी तथा स्वरोजगारीमा वृद्धि हुने एवम् लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुसरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ । साथै वितरित अनुदान रकमको स्पष्ट अभिलेख र कार्य सम्पादन अवस्थाको यथार्थताको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१४. **कार्यालय सञ्चालन -** सुदूरपश्चिम प्रदेश सरकारले आवश्यक ठहऱ्याएका क्षेत्रियस्तरका निर्देशनालयहरू डोटी जिल्लामा स्थापना गर्नुपर्नेमा यस मन्त्रालय अर्न्तगतको प्रदेश वन निर्देशनालय तथा उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय कैलाली जिल्लामा सञ्चालन गरेको छ । यसरी कैलाली जिल्लामा कार्यालय स्थापना गर्दा प्रदेश वन निर्देशनालयको लागि मासिक रू.१ लाख २० हजार तथा उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले मासिक रू.५६ हजार कार्यालय र कर्मचारी आवास प्रयोजनका लागि घर भाडामा लिएको छ । अन्य निर्देशनालयहरू डोटी जिल्लामा रहेका यि निर्देशनालयहरू डोटीमा रहनुपर्नेमा कैलालीबाट कार्यालय सञ्चालन गर्नु उपयुक्त होइन । प्रदेश सरकारको निर्णय अनुसारको स्थानबाटै कार्यालय सञ्चालन गर्ने व्यवस्था हुनुपर्दछ ।

१५. **घर जग्गा तथा सवारी साधनको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ (१) बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। त्यस्तो घर जग्गा आफ्नो नाममा वा अन्य कुनै कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाणपूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्ने व्यवस्था छ । त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाणपूर्जा तयार नभए प्रचलित कानुन बमोजिम कार्यालयको नाममा दर्ता गराउनु पर्ने, उपनियम (२)

बमोजिम प्रत्येक कार्यालयमा रहेको सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । त्यस्तो सवारी साधन आफ्नो नाउँमा वा अन्य कुनै कार्यालयको नाउँमा यातायात कार्यालयमा दर्ता भई सवारी धनी पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्ने व्यवस्था छ। त्यसरी बुझ्दा दर्ता र सवारी धनी पूर्जा तयार नभए प्रचलित कानुन बमोजिम कार्यालयको नाउँमा दर्ता गराउनु पर्दछ । मन्त्रालयबाट सो व्यहोराको पूर्ण कार्यान्वयन हुन सकेको छैन ।

१६. **समन्वय** - स्थानीय तहहरूले नदीजन्य पदार्थ उत्खनन् तथा निकासी ठेक्का गराउँदा आई. ई. ई. प्रतिवेदन र प्रदेश सरकारले आर्थिक ऐनमा तोकेको रोयल्टीको दर लगायत अन्य व्यहोरा पालना हुने गरी ठेक्का लगाएको हुनुपर्दछ । राष्ट्रिय वन तथा चुरे क्षेत्रबाट नदीजन्य सामग्री निकासी गर्दा डिभिजन वन कार्यालयहरूसँग समन्वय गर्ने गरेको छैन । प्राकृतिक स्रोत सङ्कलन गर्दा वन जंगलको विनास तथा अतिक्रमण समेत भएको अवस्था छ । यस सम्बन्धमा स्थानीय तथा प्रदेश सरकारका निकायहरूबीच समन्वय गरी स्रोतको व्यवस्थापन गर्नुपर्दछ ।

१७. **मझगाउँ विमानस्थल** - कञ्चनपुरमा निर्माण हुने मझगाऊँ विमानस्थल स्तरोन्नति कालोपत्रे गरी सञ्चालन गर्न गत वर्ष र यस वर्ष समेत भिमदत्त नगरपालिकाले रू.३ करोड ५० लाख, दोधारा चाँदनी नगरपालिकाले रू.१ करोड २ लाख ६० हजार र प्रदेश सरकारले रू.८ करोड ७५ लाख समेत रू.१३ करोड २७ लाख ६० हजार नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाएको छ । प्राधिकरणले २०७८।७९ मा बहुवर्षिय ठेक्का अन्तर्गत रू.५१ करोड ५० लाख २३ हजार बजेट प्रस्ताव गरेको भएपनि निर्माण कार्य अगाडि बढेको छैन । विमानस्थलको निर्माण तथा सञ्चालन कार्यको लागत विश्लेषण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१८. **वन मुद्दा** - मन्त्रालय मातहतका १० डिभिजन वन कार्यालयहरूमा गत वर्ष १०५ र यो वर्ष ६५ समेत १७० वन मुद्दा दर्ता भएकोमा २ किनारा लागि १६८ मुद्दाहरू फर्स्यौंट हुन बाँकी देखिएको छ। कुल मुद्दाको १.१८ प्रतिशत मात्र फर्स्यौंट भई ९८.८२ प्रतिशत मुद्दा फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ । वन सम्बन्धी मुद्दाहरू फर्स्यौंटको कार्ययोजना बनाई फर्स्यौंट गरी सेवा प्रवाह र वन व्यवस्थापनमा प्रभावकारीता ल्याउनु पर्दछ ।

१९. **वन अतिक्रमण** - मन्त्रालयमा मातहतका १० डिभिजन वन कार्यालयहरूमा गत वर्ष सम्म २१ हजार ५७१.९५ हेक्टर र यो वर्ष थप १०.१ हेक्टर समेत कुल २१ हजार ५८२.०५ हेक्टर वन क्षेत्र अतिक्रमण भएकोमा १५.१९ हेक्टर अतिक्रमण हटाई २१ हजार ५६६.८६ हेक्टर पूर्ववत अवस्थामा पुर्याउनका लागि सरोकारवालाको सहयोग र समन्वयमा मन्त्रालयले कार्ययोजना बनाई मातहतका कार्यालय मार्फत वन क्षेत्रको संरक्षण गर्न ध्यान दिनुपर्दछ ।

२०. **उद्योग दर्ता र नविकरण** - सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्र उद्योग दर्ता, नविकरण एवं अनुगमन गर्ने जिम्मा यस मन्त्रालय र मातहत कार्यालयलाई रहेको छ । प्रदेश भित्र हालसम्म उर्जामूलक १, उत्पादनमूलक ५५८, कृषि वन जन्य ५ हजार ७४१, खनिजजन्य १७, निर्माण र पूर्वाधार १५, पर्यटन ११५, सूचना प्रविधि ४० र सेवामुलक १ हजार ७०३ वटा उद्योग दर्ता रहेकोमा यस अवधिमा २ हजार ९२० उद्योगमात्र नविकरण भएको पाइयो । दर्ता भएका उद्योगहरू नियमानुसार प्रत्येक वर्ष नवीकरण गरेर मात्र करोबार गर्नुपर्दछ ।

कतिपय उद्योग दर्ता गर्ने प्रदेश सरकारबाट अनुदान लिने र नविकरण नगरी उद्योगलाई निरन्तरता नदिने अवस्था समेत देखिन्छ। दर्ता गरी नवीकरण नगराउने उद्योगको अनुगमन गरी नविकरण गराउने तर्फ ध्यान दिनुपर्दछ।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई

२१. **कार्य क्षेत्र -** सुदूरपश्चिम प्रदेशमा पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईको कार्यालय धनगढीमा रहेको छ । उक्त कार्यालयलाई यस प्रदेश भरीको काम गर्ने कार्य क्षेत्र तोकेको भए पनि कैलाली र कन्चनपुरका कार्यक्रम मात्र कार्यान्वयन गरी अन्य जिल्लाको कार्यक्रम सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयमार्फत गराउने गरेको छ । एकै प्रकारका काम दुई कार्यालयबाट गराउनु मनासिव देखिदैन । प्रशासनिक खर्च समेत कम हुने र निर्माणसँग सम्बन्धित प्राविधिक भएकै कार्यालयबाट काम गराउन तालुक निकायको ध्यान जान जरुरी देखिन्छ ।

२२. **भुक्तानी बाँकी** - सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(७) अनुसार चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने तथा विशेष कारण एवं परिस्थितिवश चालु वर्षको बजेटले नखामेमा भुक्तानी बाँकी विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सञ्चालन भएका ४७ योजनाको रू.३ करोड ४८ लाख ४१ हजार भुक्तानी बाँकी विवरण प्रमाणित गराइ आर्थिक वर्ष २०७९।८० को लागि दायित्व सारेको छ । वार्षिक बजेट रू.१३ करोड ४३ लाख ७ हजार विनियोजन भएकोमा रू.५ करोड ६६ लाख ४० हजार मात्र निकासा/खर्च भएको छ भने रू.३ करोड ४८ लाख ४१ हजार भुक्तानी बाँकी विवरणको आधारमा दायित्व सारेको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार सालबसाली रुपमा कार्य सम्पन्न गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

डिभिजन वन कार्यालयहरू

२३. **कार्यालयको नाममा पेश्की आम्दानी -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७(३) अनुसार खर्च लेख्दा विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ८ अनुसार भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको २०७९।२।१८ को पत्रबाट डिभिजन वन कार्यालय, कंचनपुरको नाममा गत आर्थिक वर्ष रू.१३ लाख ३३ हजार र यस वर्ष रू.२५ लाख ९९ हजार पेश्की रकम निकासा गरेको आधारमा खर्च गरेको छ । उक्त पेश्की रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको लागि रुख कटान, छपान र व्यवस्थापनको लागि खर्च गरेको भएता पनि उक्त कामको लागत अनुमान, सम्झौता, नापी किताब, सम्पन्न प्रतिवेदन तथा सम्बन्धित निकायले पेश्की रकम फर्स्यौट गरेको अभिलेख राखेको पाईएन । सरकारी निकायले पेश्की लिएर कार्य गर्न मिल्ने व्यहोरा एकीन नगरी कार्यालयले पेश्की लिने र सोही बमोजिम खर्च गर्ने तर पेश्की रकम फर्स्यौट भए नभएको अभिलेख नराख्ने गरेकोले कार्यालयमा रहेको हालसम्मको पेश्की सम्बन्धमा एकिन हुने देखिएन । अतः

कार्यक्रमको स्वीकृती, लागत अनुमान र सम्झौता लगायतका व्यहोरा सम्बन्धमा यकिन नगरी रकम भुक्तानी लिनु उपयुक्त देखिदैन ।

२४. **काठको मौज्दात विवरण -** वन नियमावली, २०७९ को नियम २५ अनुसार घाटगद्दीमा रहेका काठ दाउरा व्यापारिक तथा व्यावसायिक प्रयोजनको लागि प्रतिस्पर्धाको आधारमा लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, कंचनपुर र मातहतका ४ सव डिभिजन कार्यालयमा २४ हजार ८४८ घन फिट काठ र ३१.३३ चट्टा दाउरा मौज्दात रहेको तथा सोको अनुमानित राजस्व रकम रू.२ करोड १९ लाख २१ हजार हुने विवरण कार्यालयले उपलब्ध गराएको छ । काठ दाउरा लामो समयसम्म मौज्दातमा रहंदा गुणस्तरमा ह्रास भई कम राजस्व रकम प्राप्त हुन सक्ने हुँदा समयमै लिलाम विक्रि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

२५. **सीमा नघाई सम्झौता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) र (१क) मा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता समेत रू.१ करोड रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, डडेल्धुराले यस वर्ष २ उपभोक्ता समितिसंग रू.१ करोडको सीमा नघाइ तटबन्ध निर्माण र पहिरो रोकथाम कार्य गरी रू.२ करोड ५१ हजार भुक्तानी दिएको छ । खरिद नियमावलीले तोकेका व्यवस्थाको पालना नगर्ने जिम्मेवार पदाधिकारिलाई जवाफदेही बनाउनु पर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रू.८ करोड २६ लाख ४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट नभएकोले उक्त बेरुजु फर्स्यौट गर्न बाँकी रहेको छ। सो मध्ये रू.४१ लाख ३७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची- ९** मा रहेको छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म यस मन्त्रालयको कुल बजेट रू. ९ अर्ब ४१ करोड ७९ लाख मध्ये रू. ५ अर्ब ९९ करोड ८० लाख खर्च भएको छ। जसमध्ये चालु खर्च रू.३ अर्ब २९ करोड १७ लाख र पुँजीगत खर्च रु २ अर्ब ७० करोड ६३ लाख रहेको छ । कुल खर्च मध्ये चालु खर्च ५४.८७ प्रतिशत र पुँजीगत खर्च ४५.१२ प्रतिशत र विगत पाँच वर्षको औसत खर्च ६३.६९ प्रतिशत रहेको छ ।

  प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ वमोजिम यस मन्त्रालयको ६२ कार्य जिम्मेवारी तोकिएकोमा ९ जिल्लाका २९ कार्यालयका लागि प्रशासनिक १२२ प्राविधिक २३८ र श्रेणीविहिन ५१४ पद सृजना गरी प्रशासनिक ९० प्राविधिक १२४ र श्रेणीविहिन २२६ पदपूर्ति गरेको छ । मन्त्रालयले यो अवधिमा प्रदेशका ९ जिल्ला अन्तर्गतका विभिन्न स्थानहरूमा गरी १ हजार ६३ धार्मिक पर्यटन पूर्वधार निर्माण, विभिन्न १७ ऐतिहासिक कोट दरबारहरूको संरक्षणको कार्य, विभिन्न १४४ धार्मिक पर्यटकीय क्षेत्रमा सहज पहुँचका लागि पदमार्ग निर्माण, ५४ स्थानहरूमा

पर्यटकीय पार्क निर्माण, ३१ स्थानमा धर्माशाला, अतिथिगृह, संग्राहलय, स्वागतद्धार निर्माण, ९ वटै जिल्ला अन्तगर्तका घरेलु कार्यालयहरूमा कुल २६ हजार ६४५ उद्योग दर्ता, ११ हजार २८ नयाँ उधमी सृजना, अनुदान वितरण, १० डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयद्धारा सञ्चालित नर्सरीमा विभिन्न रुख प्रजाती, गैरकाष्ठ तथा जडिबुटी प्रजातिका गरी ९१ लाख ५२ हजार ८७९ विरुवा उत्पादन गरी नदी उकास क्षेत्र, खाली तथा नाङ्गो क्षेत्रहरूमा वृक्षारोपण, ग्रामीण क्षेत्रमा खेतियोग्य जमिनमा सिंचाइ सेवाको अभाव रहेका १० स्थानहरूमा सिंचाइ कुलो निर्माण जस्ता उपलव्धीहरू हांसिल भएका छन् ।

मन्त्रालयले स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्न नसकेको, कार्य सम्पादन गर्नु पर्ने विषय नीति तथा कार्यक्रममा घोषणा गर्ने नगरेको एवं घोषणा भएका सवै विषय वजेटमा समावेश नगरेको, पुष्टयाई वेगर वर्षभरी रकमान्तर गर्ने गरेको, लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन भइरहेको जस्ता समस्याका कारण भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, उपभोक्ता अदालत गठन र सञ्चालन, पर्यटक प्रहरी व्यवस्थापन, प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना, प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन जस्ता कार्यहरू सम्पादन हुन सकेका छैनन् ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण भूमि व्यवस्था र सहकारी व्यवस्थापन तथा गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २९ कार्यालयको विनियोजन रू.२ अर्ब २० करोड ९६ लाख ३१ हजार, राजस्व रू.२ करोड २० लाख १३ हजार, धरौटी रू.६ करोड २० लाख १९ हजार र कार्यसञ्चालन कोष रू.१२ करोड ३१ लाख ७७ हजार समेत रू.२ अर्ब ४१ करोड ६८ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले कृषि पशु विकास खाद्यपोषण, भुमि व्यवस्थापन, गरिवी निवारण, सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी ३२ कार्य जिम्मेवारीहरूको व्यवस्था गरेको छ । मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यमध्ये कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन, कृषि उपज, कृषि तथा पशुपन्छी जन्य पदार्थ, पशु उत्पादन सामग्री एवं बीउ बिजन तथा नश्ल सम्बन्धी सेवा र प्रविधि गुणस्तर निर्धारण, प्रादेशिक खाद्य सुरक्षा र खाद्य गुणस्तर, कृषि तथा पशुपन्छी बीमा, कृषि तथा पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्म पोषणयुक्त वस्तुको उपयोग र व्यवस्थापन, जग्गा नापजाँच, भू-उपयोग तथा चक्लाबन्दी नीति तथा कार्यान्वयन, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेख व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदिको बसोबास र जीविकोपार्जन, सुरक्षित बसोबास, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, गरिब घरपरिवार पहिचान, सामाजिक, सुरक्षा र संरक्षण, सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशीक मापदण्ड निर्धारण र नियमन लगायतका कार्य भएको पाइएन । नियमावलीले तोकेका विषयहरूको कार्यतालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम** - यस मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भए मध्ये सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि अधिकृतदेखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिने, मन्त्रालयगत एकीकृत तथ्याङ्क केन्द्र स्थापना गरिने, मन्त्रालय मातहतमा सञ्चालित सबै आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने, सबै जिल्लामा भुमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धि कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता कायम गर्ने व्यहोरा बजेटमा समावेश भएको देखिएन । संघ र स्थानीय तहसँग सहकार्य र समन्वयात्मक रुपमा कार्यान्वयन गर्नको लागि महत्वपुर्ण कार्यक्रमहरूलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी सरोकारवाला सबैको सार्थक सहभागिता र समन्वय कायम गर्ने गरी मन्त्रालयको नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये भू-उपयोग नीति र कृषि तथा पशुपन्छी विकास गुरुयोजना तयार, पालिकाहरूमा कोल्ड

च्याम्बर निर्माण, सञ्चालन र हस्तान्तरण, सामुदायिक गौशाला व्यवस्थापन, सुधारिएको नश्ल सहितको दूधालु भैंसी उत्पादन, जलवायू मैत्री कृषि प्रणालीको विकास गरी आयोजनाको रुपमा सञ्चालन, कृषि तथा पशुपन्छी यान्त्रीकीकरण कार्यक्रम सञ्चालन, उखु हार्भेष्टर मेसिन खरिद, नमूना ग्रामीण ह्याचरी स्थापना तथा विपन्न गरिब परिवार तथा पर्यटन क्षेत्रमा ग्रामीण कुखुरापालन सहयोग कार्यक्रम सञ्चालन र व्यवसायीक खेती तथा पशुपालन गर्ने कृषकलाई अनुदान उपलब्ध गराउँदा भौचर प्रणालीमार्फत् भुक्तानी गर्ने लगायतका कार्यक्रम घोषणा भएतापनि कार्यान्वयनमा आउन सकेको देखिएन। बजेटमा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

४. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी. एल. एम. बी. आई. एस.) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राबिधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्लास्तरिय आयोजना, आर्थिक मामिला मन्त्रालय नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेश स्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

५. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता –** सुदरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्ममा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्रीले लिनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयलाई कुल रू.२ अर्ब ८३ करोड ५६ लाख ५६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रू.८ करोड २८ लाख २२ हजार थपगरी खुद बजेट

रू.२ अर्ब ९१ करोड ८४ लाख ७८ हजार कायम भई रू.२ अर्ब २० करोड ९६ लाख ३१ हजार खर्च भएको छ। मातहतका निकायबाट लक्ष्य अनुरुप वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्य सम्पादन ७५.७१ प्रतिशत रहन गई खर्च दक्षता न्यून देखिएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेट रकमबाट तोकिएअनुसार कार्यक्रम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

६. **समग्र पदपूर्ति र दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को परिच्छेद ३ को दफा ७ (ख) र ७ (ग) मा निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम सिर्जना हुने व्यवस्था छ । मन्त्रालय र अन्तर्गतका स्थायी २२ र अस्थायी ८ कार्यालयसमेत जम्मा ३० कार्यालयको लागि स्वीकृत दरबन्दी ४८२ रहेको मध्ये स्थायी २४२ र करारबाट १०७ जना समेत ३४९ पदपूर्ति भई १३३ पद रिक्त रहेको पाइयो । करारमा पदपूर्ति भएका मध्ये बाली विकास अधिकृत, बागवानी विकास अधिकृत जस्ता अधिकृत स्तरका र सहायक स्तरका पदहरू रहेका छन् । उपसचिव, वरिष्ठ बाली विकास अधिकृत, प्रमुख नापी अधिकृत, खाद्य अनुसन्धान अधिकृत, कम्प्युटर इन्जिनियर, पशु चिकित्सक र नायब सुब्बा तथा अन्य सहायकस्तरका पदहरू रिक्त रहेकोले ती पदहरू पूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

मन्त्रालयको लागि सचिवदेखि श्रेणीविहीन तहसम्म स्वीकृत दरबन्दी ७३ मध्ये २९ स्थायी र १२ जना करारमा गरी ४१ पदपूर्ति भई ३२ जनाको दरबन्दी रिक्त रहेको पाइयो । करार पदपूर्तिमध्ये बाली विकास अधिकृत, हलुका सवारी चालक र कार्यालय सहयोगी रहेका छन् । उपसचिव, वरिष्ठ बाली विकास अधिकृत, प्रमुख नापी अधिकृत, खाद्य अनुसन्धान अधिकृत, कम्प्युटर इन्जिनियर, पशु चिकित्सक र नायब सुब्बा जस्ता मुख्य पद तथा अन्य सहायक पदहरू रिक्त रहेको छ । दरबन्दी बमोजिम पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ।

७. **कार्य सम्पादन करार -** प्रदेश सरकारको बजेट वक्तव्यमा सरकारी सेवामा नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएता पनि यस मन्त्रालयमा उक्त व्यहोराको कार्यान्वयन भएको पाइएन। मन्त्रालयले ऐन तथा बजेट वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

८. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(२क) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । बजेट खाका, वित्त खाका र नतिजा खाकासहित आवधिक योजना र बजेट बीचको सामञ्जस्य हुने गरी मध्यमकालिन खर्च संरचना तयार गरी आर्थिक अनुशासन, कार्यान्वयन दक्षता, विनियोजन कुशलता र आर्थिक स्थायित्व कायम गर्ने कार्यमा मन्त्रालयले उल्लेखनीय कार्य गरेको पाइएन। मन्त्रालयले

विद्यमान कानुनी व्यवस्था बमोजिमको मध्यमकालिन खर्च संरचना तयार गरी तोकिएको समयमा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्दछ ।

९. **रकमान्तर -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्नसक्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको सुरु बजेट रू.२ अर्ब ८३ करोड ५६ लाख ५६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रू.८ करोड २८ लाख २२ हजार थप गरी खुद बजेट रू.२ अर्ब ९१ करोड ८४ लाख ७८ हजार कायम भएकोमा रू.२ अर्ब २० करोड ९६ लाख ३१ हजारमात्र खर्च भएको छ। वार्षिक कार्यक्रमका सबै क्रियाकलाप कार्यान्वयन हुन नसक्दा सुरु विनियोजित बजेटको ७७.९३ प्रतिशत र खुद बजेटको ७५.७२ प्रतिशतम खर्च भएको छ । स्वीकृत कार्यक्रम कार्यान्वयन हुने गरी रकमान्तर गर्नुपर्दछ ।

१०. **घर जग्गा तथा सवारी साधनको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत र उपनियम (२) मा प्रत्येक कार्यालयले कार्यालयमा रहेको सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने उल्लेख छ । मन्त्रालय र मातहत कार्यालयहरूले उक्त नियम बमोजिम घर जग्गा र सवारी साधनको लगत राख्ने कार्य पूर्ण रुपमा कार्यान्वयन गरेको छैनन्। नियम बमोजिम सरकारी सम्पत्तिको अभिलेख राख्नुपर्दछ।

११. **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक १० लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरूको लागि नियमावलीले तोकेअनुसारको खरिद योजना स्विकृत गरेको देखिएन । वार्षिक खरिद योजना स्विकृत गरी कार्यान्वयन गर्ने तर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ।

१२. **दिगो विकास -** राष्ट्रले सन् २०१५ देखि सन् २०३० सम्म हासिल गर्ने गरी गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ जीवन, शिक्षाको सुनिश्चितता, लैंगिक समानता, समावेशिता, जलवायु परिवर्तनको न्यूनीकरण लगायतका दिगो विकासका १७ वटा लक्ष्यहरू, १६९ परिणात्मक लक्ष्यहरू तथा उपलब्धि मापन तथा अनुगमन को लागि २३२ सुचकहरू निर्धारण गरिएका छन् । यी सूचकहरू नेपालको सन्दर्भमा ४७९ रहेका छन्। संघ, प्रदेश र स्थानीय तहको साझेदारी तथा सहकार्यमामात्र यस्ता लक्ष्यहरू पुरा गर्न सकिने अवस्थामा सुदूरपश्चिम प्रदेशको लागि लक्ष्य निर्धारण गरेको छैन । दिगो विकास सम्बन्धी राष्ट्रिय लक्ष्यलाई प्रदेश तहमा आन्तरिकीकरण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सहकारी संस्थाको नियमन -** सहकारी ऐन, २०७५ तथा नियमावली, २०७६ अनुसार सुदूरपश्चिम प्रदेश सरकारले सहकारीलाई दर्ता तथा नियमन गरेको छ । यस मन्त्रालय अन्तर्गत सहकारीको संख्या २ हजार ६० रहेकोमध्ये ५६ निष्क्रिय रही ३१० ले मात्र वार्षिक विवरण बुझाएको देखिन्छ । ती

सहकारी संस्थाको कुल शेयर पूँजी रू.४६ करोड ५४ लाख ५० हजार, कुल निक्षेप रू.२ अर्ब ९४ करोड २४ लाख २४ हजार, कुल लगानी रू.३ अर्ब ५४ करोड १३ लाख १८ हजार र कुल सेयर सदस्य संख्या ४६ हजार रहेको उल्लेख छ । सहकारी ऐन, नियम बमोजिम मन्त्रालयले अनुगमन गरी राखेको वचतको ब्याज र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सो को आधारमा ब्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीको ७० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनीशल क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ लिएको हुनसक्ने आदि विषयमा अनुगमन गरेको छैन । निष्क्रिय रहेका ५६ सहकारी संस्थाबाट विवरण प्राप्त गरी नागरिकको पूँजी तथा वचत सुरक्षा गर्न अनुगमन गरी ऐन तथा नियमावलीमा भएका प्रावधान लागू गराउनेतर्फ मन्त्रालय क्रियाशील हुनुपर्दछ ।

उल्लेखित सहकारी प्रदेश तहका भए पनि सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमा दर्ता रहेका सहकारी संस्थाको अभिलेख राखी मन्त्रालयबाट अनुगमन मूल्याङ्कन गरेको छैन भने प्रदेश सहकारी ऐन तथा नियमावलीको व्यवस्था बमोजिम प्रदेश सरकार र स्थानीय तहमा दर्ता भएका सबै सहकारीको अनुगमन मूल्याङ्कन हुने व्यबस्था हुनुपर्दछ ।

१४. **रासायनिक मलमा अनुदान -** प्रदेश सरकारबाट जारी रासायनिक मल उपलब्ध गराउने कार्यविधि, २०७८ मा मन्त्रालयले स्वीकृत बजेटको परिधि भित्र रही प्रदेश भित्रका स्थानीय तह अनुसार जिल्लाको कोटा निर्धारण गरी प्रदेश सरकारले उपलब्ध गराउने रासायनिक मलको परिमाण आपूर्तिकर्तालाई जानकारी गराउने व्यवस्था छ । मन्त्रालयले कार्यविधिमा भएको व्यवस्था अनुसार कोटा निर्धारण नगरी कैलाली र कञ्चनपुर जिल्लाका किसानलाई रासायनिक मलमा सहुलियत अनुदान दिएको भनी साल्ट ट्रेडिङ्ग कर्पोरेशन, धनगढीलाई रू.५० लाख भुक्तानी दिएको देखिन्छ। उक्त मल १२० सहकारी सँस्थामार्फत १० देखि ५०० बोरासम्म किसानलाई वितरण गरेको विवरण प्राप्त भएको छ । मल वितरण सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। मन्त्रालयले कार्यविधिको व्यवस्था अनुसार प्रदेशका सबै जिल्लाका किसानले सहुलियत दरमा रासायानिक मल प्राप्त गर्ने गरी वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

१५. **घरजग्गा रजिष्ट्रेशन शुल्क -** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७८ ले घरजग्गा रजिष्ट्रेशन शुल्क असूली स्थानीय तहले संकलन गर्ने उल्लेख गरेपनि स्थानीय तहले उठाएको छैन्। यस आर्थिक वर्षमा मालपोत कार्यालयहरूले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्कको ४० प्रतिशतले हुने रकम रू.४० करोड ६३ लाख ४५ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी देखाएको छ। मन्त्रालयबाट उक्त आम्दानी संकलन गर्ने मालपोत कार्यालयगत अभिलेख राखी प्राप्त हुनुपर्ने तथा प्राप्त रकम सम्बन्धमा अनुगमनसमेत गरी राजश्व यकिन गरेको छैन । सो रकम मन्त्रालयले आर्थिक विवरणमा समेत समावेश गरेको छैन। तसर्थ, त्यस्तो राजश्वको हिसाब मन्त्रालयले पेश गरी आम्दानी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१६. **क्षतिपूर्ति -** प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद्को २०७८।११।२९ को बैठकको निर्णयमा सुदूरपश्चिम प्रदेशमा २०७८।६।३१ देखि २०७८।७।२ सम्म परेको अविरल बर्षाको कारण आएको बाढी तथा पहिरोको कारणले कृषि तथा पशुपंक्षीमा क्षति पुगेको हुँदा प्रदेश सरकारले धानबाली बाहेक अन्य बाली तथा पशु वस्तुमा भएको क्षतिका लागि राहत प्रदान गर्न प्राकृतिक विपदबाट कृषि एवं पशुपंक्षी व्यवसायको क्षेत्रमा पुऱ्याएको क्षतिमा राहत प्रदान सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ को उपदफा (१) बमोजिम राहत वितरण गर्न प्रदेश विपद व्यवस्थापन कोषबाट रू.५ करोड यस मन्त्रालयलाई प्राप्त भएको छ । मन्त्रालयले क्षतिको जिल्लागत तथ्याङ्क र अभिलेख बेगर आर्थिक बर्षको अन्त्यमा उक्त रकम विभिन्न कार्यालयहरूलाई निकासा दिएको छ। यसरी निकासा दिएको रकम नियमानुसार खर्च गरी लेखापरीक्षण समेत गराई खर्चको फाँटवारी मन्त्रालयमा पठाउन पत्राचार गरेकोमा लेखापरीक्षणको समयसम्म उक्त निकासा रकमबाट भएको खर्च, मौज्दात रकम लगायत खर्चको फाँटवारी कार्यालयहरूले मन्त्रालयसमक्ष पेश गरेको देखिएन । मन्त्रालयले ती कार्यालयहरूबाट खर्चको विवरण लिई उद्देश्यअनुरुप खर्च भए नभएको मूल्याङ्कन गर्नुपर्दछ।

१७. **कार्य सञ्चालन कोषमा मौज्दात -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को व्यवस्था अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयको कार्य सञ्चालन कोषमा २०७७।७८ बाट रू.२ करोड जिम्मेवारी सरी आएकोमा यस बर्ष बालीनाली तथा पशु बीमा गर्न रू.३४ लाख १६ हजार विभिन्न कार्यालयमा निकासा पठाएकोले कोषमा रू.१ करोड ६५ लाख ८४ हजार मौज्दात रहेको छ। मन्त्रालयले निकासा पठाएको रकम खर्च गरी कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

१८. **अनुदान** - प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा एकीकृत अनुदान नीति तथा कानुन निर्माण गरेर अनुदान दिने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका १८ कार्यालयले कार्यक्रम शीर्षकमा रू.८० करोड ५९ लाख खर्च गरेको मध्ये अधिकांश खर्च कृषि उपकरण, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया लगायत कार्यक्रममा अनुदान नीति र कानुन बेगर अनुदान दिएको छ । संघीय सरकार मातहतको प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना लगायत स्थानीय तहले समेत त्यस्ता कार्यक्रममा अनुदान दिएको अवस्था छ । अनुदान वितरण गर्दा तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चितता नहुने जोखिम रहने र वितरित अनुदानको प्रभावकारी रुपमा अनुगमन र मूल्यांकन नहुने अवस्था छ । अनुदानको उचित उपयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत् प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ ।

१९. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कृषि तथा पशुपंक्षी सेवा प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा निर्माण, कृषि तथा पशुपंक्षी सम्बन्धी अनुदान कार्यक्रमको विवरण संकलन, लगत तथा प्रभावकारिता प्रतिवेदन तयारी र प्रकाशन, मुख्यमन्त्रि एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको उपलब्धि, असर र प्रभावकारिता अध्ययन

तथा प्रतिवेदन तयारी, मन्त्रालयको अनुगमन, समन्वय, अनुमान तथा मूल्याङ्कन, लागत अनुमान समेतको तयारी लगायतका कार्य परामर्शदाताबाट गराई रू.३७ लाख ५८ हजार खर्च गरेको छ । प्रदेश सरकारले परामर्श सेवा सम्बन्धी नर्म्स स्वीकृत गरेको छैन भने विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरेकोले लागत अनुमान यथार्थपरक देखिएन । प्राप्त अध्ययन प्रतिवेदनहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता देखिएन । मौजुदा जनशक्तिबाट हुने काममा परामर्श सेवा नलिने, लिनै पर्ने भएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको पुर्णरुपमा पालना गरी परामर्श सेवाको खरिद गर्ने, आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी ती प्रतिवेदनहरू कार्यान्वयनमा ल्याई परामर्श खर्चको सदुपयोग हुनुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरू

२०. **कार्यक्रम खर्च** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलमा स्थानीय सम्भाव्यताको आधारमा निश्चित क्लष्टरमा पकेट विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ। कृषि ज्ञान केन्द्र अछामले तुर्माखाँद ३ मा व्यवसायिक कृषि उत्पादन केन्द्र (फलफूल ब्लक) सञ्चालन गर्न बाँके जिल्लाको निजी नर्सरीबाट दशहरी आँप रू.१२० को दरले ३ हजार गोटा खरिद गरी रू.३ लाख ६० हजार, सिडलेस अंगुर रू.१२० को दरले ६२० गोटा खरिद गरी रू.७४ हजार ४ सय र साँफे ९ मा फलफूल ब्लकको लागि रौतहट जिल्लाको निजी नर्सरीबाट आँप विरुवा कलमी रू.१५० को दरले ४५० गोटा रु ६७ हजार ५ सयमा खरिद गरी वितरण गरेको छ। वार्षिक कार्यक्रममा सुन्तला जातका फलफूल, स्याउ, ओखर, केरा उल्लेख भएकोमा कार्यक्रममा उल्लेख नभएका फलफूलहरू आँप, अंगुर खरिद गरी वितरण गरेको छ। वार्षिक कार्यक्रममा उल्लेख नभएको आँप र अंगुरको विरुवा खरिद कार्यमा भुक्तानी भएको रू.५ लाख २ हजारको सम्बन्धमा पुष्टयाँई पेश हुनुपर्दछ ।

२१. **चक्लाबन्दी खेती अनुदान** - यस कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र, कैलालीले मसालाबाली र प्याज खेती सम्बन्धी ५ कार्यक्रमको लागि रू.१ लाख ७४ हजार, आलुखेती सम्बन्धी १७ कार्यक्रमको लागि रू.१५ लाख ३८ हजार र तरकारी खेती सम्बन्धी १५ कार्यक्रमको लागि रू.११ लाख २५ हजार सहित रू.२८ लाख ३७ हजार अनुदान दिएको छ । चक्लाबन्दी खेतीको उद्देश्य अनुरुप उक्त अनुदानको उपयोग भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

२२. **किवी तथा ओखरको विरुवा खरिद** - समुन्द्र सहतदेखि ८०० देखि २ हजार मिटरसम्म हिउ नपर्ने ठाउँमा किवीको खेती हुने र १ हजार २०० देखि २ हजार ५०० मिटरसम्म ओखर खेती हुने भनी कृषि ज्ञान केन्द्र अछामले तयार गरेको कागजात (कार्यपत्र) मा उल्लेख छ । सो कार्यालयले यस वर्ष कैलाली जिल्लाको धनगढी स्थित दुई निजी नर्सरीबाट रू.२५ लाख २२ हजारमा किवी तथा ओखरका विरुवा खरिद गरेको छ । कैलाली जिल्लाको धनगढीमा किवी र ओखरको विरुवा तयार हुन सक्ने पुष्टयाँई सहित ती विरुवाहरू रोपण गरी हुर्केको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

२३. **फलफूल विरुवा स्याहार खर्च** – कृषि ज्ञान केन्द्र अछामले जिल्लाका ४०७ कृषकले १ लाख ७ हजार ६७० फलफुलका विरुवा रोपेर जोगाएवापत विरुवा स्याहार खर्च प्रतिवोट रू.२३ को दरले रू.२४ लाख ७६ हजार भुक्तानी दिएको छ। उक्त खर्च भुक्तानी दिँदा सम्बन्धित लाभग्राहीको

खातामा रकम नपठाई कार्यालयका एक कर्मचारीको नाममा एकमुष्ट रकम भुक्तानी गरी ति कर्मचारीले बैंक, विद्युतीय भुक्तानी र नगद मार्फत सम्बन्धित लाभग्राहीलाई रकम बुझाएको देखियो। यस्तो रकम सम्बन्धित लाभग्राहीको खातामा सिधै भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।

२४. **सहकारी संस्था भवन निर्माण कार्य** – संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको बाँडफाटँ तथा वर्गिकरण सम्बन्धि मापदण्ड, २०७६ अनुसार कृषि तथा पशुपंछी विकास तर्फ संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र तोकेको छ । जस अन्तर्गत प्रदेश तहबाट उत्पादन केन्द्रित कृषि तथा पशुपंक्षी केन्द्र, उत्पादन तथा उत्पादकत्व वृद्धि हुने कार्य, कृषि क्षेत्रको बजारीकरण र व्यावसायीकरण सम्बन्धित कार्यक्रम र बिउ आपूर्ति र नियमन सम्बन्धि कार्य गर्ने गरी कार्यक्षेत्र तोकेको छ । कृषि ज्ञान केन्द्रहरूबाट यो वर्ष कार्यान्वयन भएका अधिकांश कार्यक्रमहरू यस मापदण्डसँग मेल नखाने प्रकृतिका देखिन्छन् । यस वर्ष कृषि ज्ञान केन्द्र बाजुराले प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम नाफा कमाउने उद्देश्यले स्थापना भएको एक वचत तथा सहकारी संस्थालाई भवन निर्माण कार्यका लागि रू.१४ लाख २५ हजार अनुदान दिएको छ। कृषि ज्ञान केन्द्र, कञ्चनपुरले नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका १६ सहकारी संस्थाको भवन निर्माण कार्यमा रू.२ करोड १३ लाख ९८ हजार र कृषि ज्ञान केन्द्र कैलालीले २९ सहकारी संस्थालाई सहकारी भवन निर्माण कार्य सम्पन्न प्रतिवेदनका आधारमा ८० प्रतिशत अनुदान वापत रू.३ करोड २९ लाख २९ हजार भुक्तानी दिएको देखिन्छ । कार्यक्षेत्रभित्र नपर्ने नाफामूलक संस्थालाई प्रयोजन नखुलाई भवन निर्माणमा गरिएको सार्वजनिक स्रोतको खर्च प्रति सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमामा संलग्न पक्षहरू वित्तीय रुपमा उत्तरदायी हुनुपर्दछ ।

२५. **अनुदान सहयोग** - मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मा कृषि ज्ञान केन्द्र वा विज्ञ केन्द्रले माग तथा प्राविधिकको उपयुक्तताको आधारमा पूँजीगत कार्यक्रम अन्तर्गत न्युनतम ६० प्रतिशत, चालु कार्यक्रममा ४० प्रतिशत र अन्य चालु क्रियाकलापहरू जस्तै मल, बिषादी, हार्मोन खरिद, ज्यामी ज्याला, इन्धन आदि जस्ता क्रियाकलापमा समुदायले १०० प्रतिशत लगानी गर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, बैतडीबाट यो वर्ष मुख्यमन्त्री नमुना कृषि गाउँ विकास कार्यक्रममा कार्यविधि बमोजिम समुदायको १०० प्रतिशत लगानी हुने भनी उल्लेख भएका ६ वटा मुख्यमन्त्री नमुना कृषि गाँउ कृषक समन्वयलाई चालु प्रकृतिका समानको रकम र समितिले कोटेशन माग गरेका समानमा कोटेशन पेश गरेको दरमा ढुवानी उल्लेख नगरेकोमा पुनः ढुवानी भनी थप गरी ज्ञान केन्द्रले समितिलाई रू. ६ लाख २१ हजार भुक्तानी दिएको देखिएकोले कार्यालयले सो रकम यकिन गरी असुल गर्नुपर्दछ ।

२६. **नमूना कृषि गाउँ** - मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यविधि, २०७६ को बुँदा नं. ४ मा मुख्यमन्त्री एकीकृत कृषि गाउँ कार्यक्रम छनौट गर्दा मोटरबाटो, विद्युत, संचार र सिचाई सुविधा भएको, उक्त कार्यक्रम ३ बर्षसम्म सञ्चालन गर्न सक्ने तथा मापदण्ड र प्रगति मूल्याङ्कन सूचाङ्कका आधारमा ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसक्ने गाउँको कार्यक्रम रद्द गर्न सक्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र बैतडीले मोटर, विद्युत, संचार, सिचाई सुविधा भए नभएको, मापदण्डको मूल्याङ्कन नगरी मेलौली ८ कोटीगाउँमा मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमबाट आर्थिक वर्ष २०७६।७७, २०७७।७८ र २०७८।८९ गरी तीन बर्षमा रू.८४ लाख

८८ हजार खर्च लेखेको देखिन्छ। कार्यविधिमा उल्लेख भए बमोजिमको प्रगति भए वा नभएको सम्बन्धमा कार्यालयले मूल्याङ्कन गरेको देखिएन । उक्त स्थानको लागि उपलब्ध गराएको अनुदान कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालन भए नभएको अनुगमन गर्नुपर्दछ ।

२७. **सार्वजनिक सुनुवाई खर्च -** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ मा तोकिए अनुसारको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागत अनुमानमा सार्वजनिक सुनुवाइ गर्न बजेट व्यवस्था गर्ने प्रावधान रहेको छैन । कृषि ज्ञान केन्द्र, कञ्चनपुरले नियमावलीमा तोकिएबमोजिम बाहेक विभिन्न कार्यको लागि अनुदान उपलब्ध गराउँदा सार्वजिनक सुनुवाईको लागि छुट्टै रकम भुक्तानी गर्ने गरेको देखियो । सार्वजनिक खरिद नियमावली तथा अन्य ऐन, नियममा सार्वजनिक सुनुवाई सम्बन्धी रकम भुक्तानी दिने व्यवस्था नरहेको र त्यस्तो खर्च उपभोक्ता समितिले नै व्यहोर्नुपर्नेमा उक्त केन्द्रबाट सार्वजनिक सुनुवाइको लागि भनी भुक्तानी भएको रू.२४ लाख १५ हजार नियमसम्मत मान्न सकिएन । नियमावलीको व्यवस्थाको पालना हुनुपर्दछ।

२८. **कृषि यान्त्रिकीकरण खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार सार्वजनिक निकायले न्युनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही बोलपत्रमात्र स्वीकृत गरी खरिद गर्ने व्यवस्था छ । यस्तै कृषि यान्त्रिकीकरण अनुदान परिचालन कार्यविधि, २०७६ मा सामान आपूर्तिकर्ताले उपलब्ध गराउने मेसिनरीको ब्राण्ड, मोडेल र पेश गरेको दररेटको उपकरणका लागि कार्यालयले अनुदान उपलब्ध गराउने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, कैलालीले सो नगरी यान्त्रिकीकरण उपलब्ध गराउनको लागि अनुदान प्रस्ताव ८ मध्ये न्यूनतम सूचकको आधारमा ६ वटा छनौट गरी ६ वटै प्रस्तावदाताबाट खरिद गरी २०७८।७९ मा यान्त्रिकीकरण अनुदान वापत भुक्तानी दिएको देखिन्छ । ऐनमा भएको व्यवस्था अनुसार सबै भन्दा घटी कबोल गर्ने पार्टीसँग आईटम वा यन्त्र उपकरण अनुसार फरक फरक सम्झौता गर्नुपर्नेमा घटी कबोल गर्नेलाई पहिलो अवसर नदिई बढी कबोल गर्नेलाई समेत सबभन्दा घटी कबोल गर्नेसँगको सम्झौता दरमा कार्य गराई रू.७ करोड २९ लाख ९० हजार भुक्तानी दिएको छ । कार्यालयले खरिद ऐन तथा कार्यविधिमा भएको व्यवस्था पूर्ण पालना गर्नुपर्दछ ।

२९. **मल उद्योग स्थापना -** सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ७ बमोजिम सम्झौता गरी अनुसूची-५ अनुसार अनुदान दिने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, कैलालीले मल उद्योग स्थापना गर्न अनुदान भनी एक गाई संरक्षण समितिलाई भवन निर्माण गर्न मूल्याङ्कन रकमको ५० प्रतिशतले हुने रू.४८ लाख अनुदान दिएको छ । भवन निर्माण कार्य अधुरै रहेको स्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । मल उद्योग स्थापना भई सञ्चालनमा आएको पुष्टि हुने आधार देखिएन। कार्यालयले जुन उद्देश्यको लागि अनुदान दिएको हो सो अनुसार मल उद्योग स्थापना भए नभएको अनुगमन गरी प्रमाण पेश गर्नु पर्दछ।

३०. **निजी कम्पनीलाई अनुदान -** सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुदा न. ७ बमोजिम सम्झौता गरी अनुसूची- ५ को अनुसार अनुदान दिने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, कैलालीले यस बर्ष एक व्यक्तिको नाममा दर्ता भई कैलालीको जोशीपुरमा रहेको

नाफामुलक राइस, आयल एण्ड फ्लोर मिलको कारोबार गर्ने एवं निजी कम्पनीलाई भवन निर्माणको लागि ५० प्रतिशत अनुदान भनी रू.३६ लाख ६९ हजार भुक्तानी दिएको छ । निजी कम्पनीको पूँजी वृद्धि गर्न प्रदेश सरकारबाट लगानी गरेको उचित देखिएन । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३०.१. मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम वा अनुसुचि १ मा उल्लेखित वस्तु वा सेवा बाहेकको वस्तु तथा सेवामा मुल्य अभिवृद्धि कर बिजक जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त कम्पनीलाई रकम भुक्तानी गर्दा भरपाई बिलका आधारमा रू.२५ लाख ४० हजार भुक्तानी गर्दा कर बिजक बेगर भुक्तानी दिएको रकम नियमसम्मत देखिएन । मुल्य अभिवृद्धि कर विजक बेगरको भुक्तानी दिँदा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो अनुसार नगरेकोले १५ प्रतिशतले हुने आयकर रू.३ लाख ८१ हजार असुल गर्नुपर्दछ ।

३१. **ब्याज अनुदान -** कृषि तथा पशुपंक्षी व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७७ मा ऋणको ब्याज अनुदान दिँदा अधिकतम रू.५० लाख हुने, कृषि कर्जाको ब्याज भुक्तानी गर्दा बढीमा रू.५० लाख सम्मको ऋणको लागि बढीमा ७ प्रतिशतसम्म ब्याज अनुदान दिन सकिने व्यवस्था छ । यसरी ब्याज अनुदान प्राप्त गर्न बैंकबाट सहुलियत कृषि ऋण लिएको पुष्टी हुने कागजात सहितको प्रमाण पेश हुनुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र कैलालीले यो वर्ष विभिन्न फर्मलाई रू.१८ लाख ९३ हजार ब्याज अनुदान दिएको छ । निजी स्वामित्वको एक कृषि तथा पशुपालन फर्मको अनुदान फाईल परीक्षण गर्दा कृषि तथा पशुपंक्षी ब्यावसायमा अनुदान परिचालन कार्यविधि, २०७७ जारी हुनु पूर्व २०७६।११।१६ मा सम्झौता भएको ओभर ड्राफ्ट ऋण रू.१ करोड ५० लाख लिएको फर्मलाई वार्षिक ११.३९ प्रतिशतले ब्याज अनुदान रू.१७ लाख ८ हजार दिएको छ । कार्यविधि बमोजिम निजले लिएको कृषि ऋणको प्रयोजन स्पष्ट नगरी भने रू.५० लाखको ७ प्रतिशतले हुने रू.३ लाख ५० हजार भन्दा बढि ब्याज अनुदान दिन मिल्ने नदेखिएकोले बढि भुक्तानी भएको रू.१३ लाख ५८ हजार असुल हुनुपर्दछ ।

३२. **परियोजना अनुदान** – प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं. ७.१ मा उल्लेख भए बमोजिम परियोजनालाई उपलब्ध हुने सुविधा अनुसार कृषि उत्पादन सामग्रीहरूमा बढिमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरूमा ८५ प्रतिशत, कृषि औजार उपकरण अनुसार ५० प्रतिशत, साना सिंचाई पूर्वाधारमा ८५ प्रतिशत, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारमा ८५ प्रतिशत तथा प्राविधिक सहयोगमा शत् प्रतिशत अनुदान उपलब्ध हुने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, डोटीले विभिन्न ब्लकहरूसँग विभिन्न पसलका लागि उत्पादन सम्झौता गरी रू.९२ लाख ४१ हजार अनुदान उपलब्ध गराएको छ । उपरोक्त अनुसारका ब्लकहरूले उल्लेखित अनुदान सीमा अनुसार निर्माण तथा अन्य यन्त्र औंजार वीउ वीजन खरिद गरेको कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको लागत रकमको अनुपातिक रुपमा भुक्तानी दिनुपर्नेमा बीलको आधारमा भुक्तानी गरेको देखियो । अतः सम्झौता र श्रमदानको अनुपातमा कार्यप्रगतीको प्रत्येक योजनाको

प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा निर्देशिका अनुसार निश्चित प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा रू. १७ लाख २९ हजार बढि भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

भेटेरीनरी तथा पशु अस्पतालहरू

३३. **छाडा पशु चौपाया व्यवस्थापन खर्च -** कार्यालयले बजेट खर्च गर्दा दीर्घकालमा प्रतिफल प्राप्त हुने गरी मितव्ययी तवरले रकम खर्च गर्नुपर्दछ । भेटेरीनरी अस्पताल, कञ्चनपुरले समुदायले छाडा छोडेका गाई गोरु व्यवस्थापनको लागि शुक्लाफाँटा नगरपालिकामा पूर्वाधार निर्माणमा रू.३९ लाख ८४ हजार र कृष्णपुर नगरपालिका कञ्चनपुरमा रू.१० लाख समेत रू.४९ लाख ८४ हजार काञ्जीहाउस निर्माणमा खर्च गरेको छ । यसका अतिरिक्त काञ्जीहाउस निर्माणमा शुक्लाफाँटा नगरपालिका स्वयंले थप रू.४० लाख खर्च गरेको छ । कार्यालय र पालिकाबीच आवश्यक समन्वय सहकार्य हुने गरेको देखिएन । कार्यालयले निर्माण गरेको काञ्जी हाउस लगायत पूर्वाधारको स्वामित्व तथा सञ्चालन अधिकार, ति पूर्वाधारहरू उद्देश्य अनुरुप सञ्चालनमा आएको सम्बन्धमा यकिन भएन । काञ्जि हाउस व्यवस्थापनबाट संकलन हुने पशु मल तथा दुधजन्य पदार्थ उत्पादन तथा बिक्री गरी आयआर्जन गर्नेतर्फ ध्यान दिएको देखिदैन। कार्यालयबाट पालिका समेतको संयुक्त अनुगमन गरी काञ्जी हाउसलाई व्यवस्थित गर्ने तथा आय आर्जन गर्नेतर्फ जोड दिनुपर्दछ।

३४. **दाना उद्योग स्थापनार्थ अनुदान** - भेटेरिनरी अस्पताल, कञ्चनपुरलाई पशुपन्छी तथा माछाको लागि दाना उद्योग स्थापना सहयोग कार्यक्रमको लागि रू.३० लाख बजेट विनियोजन भएकोमा कार्यालयले प्रस्ताव गरे अनुसार ३ निजी संस्थाले आवेदन दिएकोमा ३ संस्था छनौट गरी रू.१०/१० लाखका दरले अनुदान भुक्तानी दिएको छ । यसरी सञ्चालित कार्यक्रममा सम्बन्धित लाभग्राहीबाट ५० प्रतिशत लागत साझेदारी भएको देखिन्छ । कार्यालयबाट अनुदान दिंदा उक्त क्षेत्रका कृषकले प्राप्त गर्ने लाभ तथा सञ्चालन विधि सम्बन्धमा सम्झौतामा खुलाएको छैन । उक्त अनुदानबाट निजी उद्यमीले लाभ प्राप्त गरेता पनि आम कृषक लाभान्वित हुने स्थिति देखिएन । यसरी अनुदानमा कार्यक्रम सञ्चालन गर्दा अधिक रुपमा लाभग्राही सहभागी हुने गरी कार्यक्रम सञ्चालन गर्ने तथा अनुदान रकमको दिगोपना सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३५. **बाख्रापालन कार्यक्रम** - सुदूरपश्चिम प्रदेशको पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ६ अनुसार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गर्ने, प्रस्ताव दर्ता गर्ने, मुल्यांकन गर्ने र मुल्यांकनको आधारमा लाभग्राही छनौट गर्नुपर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कञ्चनपुरले समूह मार्फत व्यावसायिक बाख्रा प्रबर्द्धन कार्यक्रमको लागि प्रस्ताव माग गरेकोमा ८८ फर्म, ४ कृषक समूह र ५ कृषि संस्थाबाट प्रस्ताव पेश भएको देखिन्छ । प्रस्ताव पेश गर्ने ८८ फर्म प्रत्येकलाई रू.१ लाख, ४ समूह प्रत्येकलाई रू.१ लाख ७५ हजार र ५ संस्था प्रत्येकलाई रू.२ लाखका दरले अनुदान उपलब्ध गराई कुल रू.१ करोड ५ लाख भुक्तानी भएको छ। प्राप्त प्रस्तावहरू उपयुक्तताको मूल्याङ्कन नै नगरी प्रस्ताव पेश गर्ने सम्पूर्ण लाभग्राहीलाई दामासाही रुपमा रकम वितरण गरेको छ । अनुदान दिने कार्यविधिमा उल्लेख भए अनुसार मूल्याङ्कन गरी छनौट भएका प्रस्तावदातालाई अनुदान दिने व्यवस्था मिलाउनुको साथै अनुदान रकमको अनुगमन गर्नुपर्दछ ।

३६. **अनुदान कार्यक्रम -** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढीबाट कार्यान्वयन हुने गरी १०२ कार्यक्रम स्वीकृत गरी रू.५१ लाख १९ हजारको अख्तियारी पठाएको छ । मातहत कार्यालयले फिल्डस्तरबाट पठाएका कार्यक्रम स्वीकृत नगरी मन्त्रालयबाट सोझै लाभग्राहीको छनौट गरी खर्च गर्ने निकायमा पठाएको नियमसंगत देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

३७. **मोडेल फर्म स्थापनार्थ अनुदान** - पशुपन्छी मोडेल फार्म स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा मोडेल फर्म स्थापना सहयोग कार्यक्रमको प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया, लागत इस्टिमेट, सम्झौता, अनुदान रकमको अंश, अनुदानग्राहीको दायित्व, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन लगायतको व्यवस्था रहेको छ। उक्त कार्यविधिमा आवेदनका लागि पेश गर्नु पर्ने आवश्यक कागजात साथै बाख्रा मोडेल कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्न सम्बन्धित कृषकसँग बयस्क बाख्रा १०० वटा वा आधुनिक खोर बनाएको र बंगुर मोडेल कार्यक्रमका लागि बयस्क बंगुर ४० वटा वा आधुनिक खोर बनाएको हुनुपर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीले अनुसूचि तथा कार्यविधिले तोकेका प्रक्रिया पूरा नगरी ४९ कृषकलाई दामासाहीले रू.४९ लाख ३९ हजार अनुदान वितरण गरेको छ । कार्यविधि अनुसार मूल्याङ्कन नगरी अनुदान दिएको उचित देखिएन । कार्यविधिको पूर्णरुपमा पालना हुनुपर्दछ ।

३८. **ह्याचरी मेसिन अनुदान** - सुदूरपश्चिम प्रदेशको पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम पशुपन्छी तथा मत्स्य यान्त्रिकीकरण सहयोग कार्यक्रममा ५० प्रतिशत अनुदान दिने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढीले ६ कृषकलाई ह्याचरी मेसिन खरिदको लागि अनुदान दिएकोमा ५० प्रतिशत भन्दा रू.७ लाख ४० हजार बढि भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन्:

  - सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रू.१७ करोड ७२ लाख ७८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.४ लाख ५० हजार फर्स्यौट भई रू.१७ करोड ६८ लाख २८ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रू.४५ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म यस मन्त्रालयको कुल बजेट रू.१० अर्ब ५५ करोड ९८ लाख रहेकोमा रू.७ अर्ब ८० करोड ६३ लाख कुल खर्च भएको छ । उक्त खर्चमध्ये पुँजीगत खर्च रू.८७ करोड ८१ लाख र चालु खर्च रू.६ अर्व ९२ करोड ८२ लाख रहेको छ। कुल खर्च मध्ये पुँजिगत खर्च ११.२४ प्रतिशत र चालु खर्च ८८.७६ प्रतिशत रहेको छ । विगत ५ बर्षको औसत खर्च ७३.९२ प्रतिशत रहेको छ ।

  प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये मन्त्रालयले हालसम्म ५ ऐन, १ नियमावली र ४० कार्यविधि निर्माण गरेको देखिन्छ । प्रदेशस्तरको कृषि तथा पशु विकास, खाद्यपोषण, कृषि सामाग्री उत्पादन, सहकारीको व्यवस्थापन, अनुदान वितरण,

प्राकृतिक स्रोत साधनको बाँडफाँड लगायतका विषयहरूमा मापदण्ड, नीति, कानुन, मापदण्ड, निर्देशिका र योजनाहरू तयार गर्ने र कार्यान्वयन गराउने, ८५० सींचाइकुलो, ७५० सिचाइपोखरी, ३६० प्लाष्टिक पोखरी, १ हजार २१३ स्यालो ट्युवेल, १ हजार ३४१ बोरीङ्ग सिचाई लगायतका निर्माण कार्यहरू गरी १७ हजार ५११ हेक्टर क्षेत्रफलमा थप सिंचाई सुविधा पुऱ्याएको, उत्पादकत्व प्रति हेक्टर २.७ मेट्रिक टन रहेकोमा ३.७ पुर्याएको, तरकारी तथा फलफुल भण्डारणका लागि ८ कोल्ड च्याम्बर निर्माण गरेको, यान्त्रिकरण तथा कृषि उद्योगका लागि विभिन्न यन्त्र उपकरणहरू वितरण गरेको, ६६ फलफुल नर्सरी स्थापना गरेको, १६५ मासु पसल र १४० डेरी पसल सुधार गरेको, २४ नापी तथा मालपोत कार्यालयको पूर्वाधार तथा स्रेस्ता सुधारमा कार्य गरिरहेको, गरिवी न्युनिकरणको लागि १ हजार ३५० एकल तथा विपन्न महिला, ३५० भुमिहिन तथा दलित परिवारलाई कुखुरापालन, बाख्रापालन तथा तरकारी खेतीका लागि अनुदान सहयोग लगायतका कार्यहरू गरेको छ ।

बाढी पहिरो तथा महामारीले प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तरको व्यवहारीक कार्यान्वयन हुन नसकेको, सूचना प्रविधिको प्रयोग गरी भुमि व्यवस्था, कृषि र सहकारी क्षेत्रको समग्र तथ्याङ्क बैंकको स्थापना र सोको उपयोग र सुरक्षाको व्यवस्था गर्नुपर्नेमा चुस्त, दुरुस्त, वस्तुनिष्ट तथ्याङ्क अद्यावधिक नगरेको, प्रादेशिक अनुदान नीति तय गरी सो बमोजिम अनुदानलाई व्यवस्थित नगरेको, वैज्ञानिक भु-उपयोग नीति तय गरी लागू नगरेको, मन्त्रालय र मातहत कार्यालयहरूबाट प्रदान गरेका सेवा तथा कार्यको कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन नगरेको, मन्त्रालय र मातहत कार्यालयहरू र स्थानीय तहहरूको बिचमा समुचित समन्वय र सहकार्यको वातावरण अपेक्षित रुपमा तयार हुन नसकेको, स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसकेको, लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन भइरहेको र संघको कार्यक्षेत्रमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नु परेको लगायतका कारणहरूले मन्त्रालयले जिम्मेवारी बमोजिमका सबै कामहरू सम्पादन गर्न सकेको पाइएन ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको उर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, प्रदेश लोकमार्ग तथा यातायात, प्रदेश स्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जूमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी, भौतिक पूर्वाधारसंग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मतसम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतसमेत ३० कार्यालयमा विनियोजन रू.९ अर्ब १ करोड ९६ लाख ९८ हजार, राजस्व रू.२३ करोड ८३ लाख १९ हजार र धरौटी रू.१ अर्ब २० करोड ८५ लाख ९४ हजार कार्यसञ्चालन कोष रू.४१ लाख ४१ हजारसमेत रू.१० अर्ब ४७ करोड ७ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको २२ कार्य तोकिएकोमा प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन र सञ्चालनमा समन्वय, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, मौसम तथा जलमापन सञ्जार सञ्जाल व्यवस्थापन, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन, प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडादर निर्धारण अनुगमन तथा नियमन, प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रबर्द्धन, सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य गरेको छैन । मन्त्रालयलाई तोकिएका कार्य गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रममा उदघोष भएका कार्यक्रम मध्ये सिंचाइ, नदी नियन्त्रण र खानेपानी सुधार कार्यक्रमको प्रभावकारीताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास र विस्तारमा जोड, प्रदेश उर्जा नीति तर्जुमा, प्रदेशको स्थायी राजधानी गोदाबरी, कैलालीमा भौतिक पूर्वाधार विकास निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मुल्यांकन र जग्गा प्राप्ति, प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरूका लागि एकीकृत आवासको लागि पूर्वाधार निर्माण, सरकारी भवन डिजाइन, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति अवलम्बन, सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, आपत्कालिन मर्मत, पुनर्निर्माण एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाउन प्रदेश सडक तथा पुल मर्मत सम्भार कोष स्थापना गरी सञ्चालनमा ल्याउने, सरकारी निकायमा सवारी साधन खरिद गर्दा वातावरणमैत्री तथा प्रदुषणरहित सवारी साधनलाई प्राथमिकता दिने लगायतका कार्यक्रमहरू

कार्यान्वयन भएका छैनन् । नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यहरूको लागि बजेट व्यवस्था गरी कार्यान्वनय गर्नुपर्दछ ।

३. **बजेट वक्तव्यको कार्यान्वयन** - बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका योजना तथा कार्यक्रमलाई मन्त्रालयगत वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका यातायात सुविधाबाट बञ्चित रहेको बाजुरा जिल्लाको काम्तिस्थित कर्णाली नदिमा बेलिब्रिज पुल निर्माण, संघीय सरकारसँगको सहकार्यमा कञ्चनपुरको बेदकोट भावर क्षेत्र खानेपानी सुधार कार्यक्रम र बैतडीको मेलौलीमा मेलौली लिफ्ट खानेपानी योजना विगतमा निर्माण सम्पन्न भएका सिंचाई आयोजनाहरूलाई सिंचित क्षेत्रको आधारमा पहिचान र अध्ययन गरी विभिन्न थ्रेसहोल्डका आधारमा वर्गिकरण गरिने व्यहोरा उल्लेख गरेकोमा कार्यान्वयन भएको छैन। कार्यान्वयन योग्य योजना तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **प्रदेश गौरवका आयोजनाहरू** - सम्बन्धित क्षेत्रको आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण गर्ने आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गरी पहिचान गर्ने, छनौट गर्ने एवं निश्चित समायवधि भित्र सम्पन्न हुने आयोजनाहरूलाई गौरवका आयोजना मानिन्छ। प्रदेश गौरवका आयोजना छनौट भए पश्चात् ति आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्नुपर्दछ । मन्त्रालय मातहत प्रदेश गौरवको आयोजनाको रूपमा ९ जिल्लाका ९ सडक आयोजना घोषणा गरेको भए पनि प्रदेश सरकारबाट घोषणा भएको आधिकारिक निर्णय तथा लिएको आधार प्राप्त हुन सकेन । तर पनि मन्त्रालयबाट निम्न सडक खण्डमा प्रदेश गौरवका आयोजना भनी बजेट विनियोजन भई खर्च भएकोमा यस वर्षको प्रगतिको अवस्था निम्नानुसार रहेको पाइयोः

(रकम रू.लाखमा)

सि नं	आयोजना	आयोजना खण्ड	आयोजनाको कुल लम्बाई (कि.मी.)	आयोजनाको कुल अनुमानित लागत रू.	आयोजनाको हाल सम्मको समष्टिगत प्रगति स्थिति			आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रगति स्थिति		
					भौतिक	वित्तीय	वर्ष	खर्च	भौतिक	वित्तीय
१	खप्तड मार्तडी सडक(संगटा-काडा-जय बागेश्वरी-गौरीखाद डोगटी-आटिचौर मार्तडी)-बाजुरा	भौनेरा-आटिचौर	६५	२२७५०	२.६५	२.५१	२ वर्ष	१०९१	५१	६०
२	सतवांझ श्रीभावर - हाट-दार्चुला सडक - बैतडी	सतवांझ-श्रीभावर र श्रीभावर हाट	९०	४९५००	२.५५	२.४४	२ वर्ष	३७०.९४	५३	६०
३	चिसापानी-ऋषिदह-बडिमालिका सडक(चिसापनी - जंगलघाट-तुर्माखांद -गैरीटांड-कालागाउं-दर्ना-माझेठाना-जयगढ-नन्देगढ-मेल्लेक-सोडसा-	जंगलघाट-वस्थान	२०३	१०६०५०	०.५	०.३३	२ वर्ष	२९२	८८	९०

	ऋषिदह)-अछाम									
४	दैजी जोगवुढा सलौन चिरकिट्टे पोखरा ढुंगाड बझाङ्ग सडक-डडेल्धुरा	जोगवुढा-लिप्ना, पोखरा-बेलापुर,गाईवादे लिप्ना, सलौन	११५	२८०००	५.१	४.६	२ वर्ष	९७०.८८	८९	८९
५	खलंगा- खार — देथला- पारीबगर — खण्डेश्वरी सडक	देथला-खार र देथला-सेला-बगड	९३	५११५०	३.५	३.४१	२ वर्ष	११६६.५३	९६	९७
६	पातिहाल्न तल्कोट सैपाल हुम्ला सडक-बझाङ्ग	जडार- पानकोट	९५	६११२५	०.६५	०.५४	२ वर्ष	२५०	४०	४०
७	सहजपुर बोगटान दिपायल सडक-डोटी	छिडीखाना-अकरकांडा र रानागांउ-वयलखण्ड	१८०	४१२००	२.१	१.७०	३ वर्ष	१०२९.११२	९८	९८
८	बेलौरी कलुवापुर नाईल बुडर सडक-कंचनपुर	बन्साह-दोमिल्ला नर्सरी	४६.९३५	११४९९	२२	१९.३५	४ वर्ष	३६५	१००	१००
९	भजनी छोटि भन्सार खिमडी ठुलीगाड सडक (भजनी छोटी भन्सार लालबोझी भजनी जोशिपुर फल्लेविसौनी सल्लेरी सक्सा)-कैलाली	बर्दगोरिया गा पा ४ कि.मी. खण्ड	६०	१४५००	२.५	२.०७	२ वर्ष	१६५	७०	८०
	जम्मा		९४७.९४	**३७१२७४**				**५३३५.४६**	**७६**	**६८.२३**

उल्लिखित आयोजनाहरू मध्ये ७ योजना २ वर्षदेखि, १ योजना ३ वर्षदेखि र १ योजना ४ वर्षदेखि निर्माणाधिन अवस्थामा रहेका छन् ।उक्त आयोजनाहरूको हालसम्मको प्रगति न्यून देखिएको छ । गौरवका आयोजना घोषणा गर्दा विस्तृत सम्भाव्यता अध्ययन नगरेको कारण आयोजना निर्माणमा लाग्न सक्ने लागत अनुमान, सम्पन्न गर्न लाग्ने समयावधि, आयोजना शुरु हुने अवधि, सम्पन्न हुने अवधि लगायतका विषयहरू यकिन हुने अभिलेख राखेको छैन । अभिलेखको अभावमा आयोजनाहरूको समग्र कार्यान्वनको अवस्था, सम्भावित समस्या र चुनौतिहरू एवं समाधानका प्रयास र उपाय सम्बन्धमा यकिन गर्न सकिएन । आयोजनाको सूचना र तथ्याङ्क व्यवस्थापन जानकारी प्राप्त हुने गरी लक्षित समयमा कार्य सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१)मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्ने र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनकोरुपमा लिनु पर्ने, मार्गदर्शनकोरुपमा लिदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई

लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । सो अनुसारका विषय समावेश गरी मन्त्रालयगत मध्यमकालिन खर्च संरचना तयार गरेको छैन । मन्त्रालयबाट तयार गरी कार्यान्वयनमा लगिने सबै योजनालाई प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र सो अनुसार कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **आयोजनाको वर्गिकरण र आयोजना बैंक** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५ (क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको कार्य मन्त्रालयबाट भए गरेको देखिएन । ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मकरुपमा उच्च प्रतिफल र परिणाम हासिल हुन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ ।

७. **योजना तथा कार्यक्रम तर्जुमा** - प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राबिधिक, वाताबरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्लास्तरीय आयोजना, आर्थिक मामिला मन्त्रालय नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेशस्तरीय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ। तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

८. **रकमान्तर** - सूदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रमलाई संशोधन गर्नु परेमा लागत नबढ्ने गरी आवश्यक संशोधन गर्न सक्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय तथा मातहतका कार्यालयहरूको शुरु विनियोजित बजेट रू.१२ अर्ब ३५ करोड ७३ लाख ८१ हजारमध्ये बजेट तथा कार्यक्रम संशोधन र रकमान्तर गरी रू.१२ अर्ब ९२ करोड ४४ लाख ५७ हजार अन्तिम बजेट कायम गरेकोमा रू.९ अर्ब १ करोड ९६ लाख ९७ हजार खर्च गरेको छ । बर्षान्तमा शुरु बजेटको ४.५९ प्रतिशत रकमान्तर गरी बजेट तथा योजना संशोधनमार्फत् कार्यक्रम थप गरी कार्यान्वयन गरेको छ । असामान्य अवस्थामा बाहेक प्रदेश सभाले स्वीकृत गरेको बजेटको अधिनमा रहेर खर्च गर्नुपर्दछ ।

९. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयलाई रू.१२ अर्ब ९२ करोड ४४ लाख ५६ हजार बजेट विनियोजन मध्ये रू.९ अर्ब १ करोड ९६ लाख ९८ हजार अर्थात् ६९.७९ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरिएका कार्यक्रम सञ्चालन गरी तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

१०. **घर जग्गा तथा सवारी साधनको लगत** – प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको घर जग्गाको लगत र सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले कानुनी व्यवस्था अनुसार सरकारी घरजग्गा र सवारी साधनको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी अद्यावधिक गर्नुपर्दछ।

११. **दिगो विकास** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ । प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयलाई तोकिएका कार्यहरूबाट सफा पानी तथा सरसफाई व्यवस्थापन, स्वच्छ उर्जा प्रणाली विकास, बलियो पूर्वाधार निर्माण, सहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने लगायतका लक्ष्य प्राप्तिमा सघाउ पुग्ने देखिन्छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य गन्तव्य र सूचकहरू तोकी सोही अनुसार सञ्चालन प्रबन्ध, तथ्याङ्क व्यवस्थापन अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयन सम्बन्धमा निर्देशन तथा समन्वय समिति गठन भएको छैन। प्रादेशिक लक्ष्य गन्तव्य र

सूचकको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समिति गठन गरी प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्राणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याउनुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

१२. **बजेट र योजना छनौट -** सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७६ को बुँदा नं. ४.४.६ मा प्रदेशको प्राथमिकता, आवश्यकता, सन्तुलन, समावेशिता, लाभ लागत विश्लेषण, बहुवर्षीय वा पूर्व तयारी अवस्थाका योजनाका समस्या र सम्भाव्यता अनुसार कार्यान्वयन योग्य र वढी प्रतिफल प्राप्त हुने योजनामात्र परियोजना वैंकमा समावेश गर्ने तथा बुँदा नं. ४.४.७ मा परियोजना बैंकमा सूचिकृत योजनामध्ये बहुवर्षिय र कार्यान्वयन पूर्व तयारी अवस्था पार गरेका योजनालाई प्राथमिकता दिइ बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । बजेट दिग्दर्शनको उक्त व्यवस्था विपरित पूर्वाधार विकास कार्यालय कंचनपुरलाई यस वर्ष रू.५ लाखसम्मका ४१ योजनामा रू.१ करोड ५ लाख, रू.५ देखि १० लाख सम्मका ११० योजनामा रू.९ करोड १४ लाख, रू.१० देखि ५० लाख सम्मका ६७ योजनामा रू.१५ करोड ६३ लाख र रू.५० लाख भन्दा बढिका ३० योजनामा रू.४३ करोड ६० लाख बजेट विनियोजन भएको छ । कार्यालयले अधिकरुपमा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको र यसरी सञ्चालित योजनाबाट प्राथमिकताका आधारमा उच्चतम् प्रतिफल प्राप्त नहुने लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । प्राथमिकीकरणका आधारमा योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३. **ठेक्का व्यवस्थापन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१(३) मा प्रथम चौमासिकभित्र ठेक्का सम्झौता गरिसक्नुपर्ने व्यवस्था छ । पूर्वधार विकास कार्यालय कंचनपुरले यस वर्ष रू.१ अर्ब ४६ करोड ४७ लाखको ४८ ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा ८ र तेस्रो चौमासिकमा ४० सम्झौता गरेको छ । सो मध्ये आषाढ महिनामा २१ ठेक्का सम्झौता गरेको छ ।

त्यसैगरी पूर्वाधार विकास कार्यालय, डडेल्धुराले ७७ ठेक्का सम्झौता गरेकोमा ४३ दोस्रो चौमासिकमा, ३४ तेस्रो चौमासिकमा गरेको छ । सोमध्ये आषाढ महिनामा ३ सम्झौता गरेको छ ।

पूर्वाधार विकास कार्यालय, कैलालीले ७६ ठेक्का सम्झौता गरेकोमा ३६ दोस्रो चौमासिकमा र ४० तेस्रो चौमासिकमा गरेको छ । सो मध्ये आषाढ महिनामा २५ सम्झौता गरेको छ ।

कानुनी व्यवस्था अनुसार ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

१४. **कार्यक्षेत्र बाहिरको कार्य -** संघ प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गीकरण मापदण्ड, २०७६ को बुँदा नं. ट (२) मा पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्र तोकिएको छ । जस अनुसार पूर्वाधार विकास कार्यालय कंचनपुरले प्रदेश लोकमार्ग, प्रादेशिक राजधानी र स्थानीय तह जोड्ने सडक, दुई वा सो भन्दा बढी स्थानीय तहका केन्द्र जोड्ने प्रमुख सडक, प्रादेशिक लोकमार्ग जोड्ने पुल लगायतका कार्य गर्ने उल्लेख भएकोमा कार्यालयले अधिकांश निर्माण कार्य पालिकाभित्रका वडा तथा टोलमा केन्द्रित रहेको छ । मापदण्ड अनुसार तोकिएको कार्यक्षेत्र भित्र रही निर्माण कार्य गर्नुपर्दछ ।

१५. **अधुरो ठेक्का -** पूर्वाधार विकास कार्यालय, कञ्चनपुर अन्तर्गत धरमपुरदेखि मुक्त कमैया वस्ती सडक निर्माण कार्यका लागि एक निर्माण तथा परामर्श सेवा प्रा. लि. संग २०७८।३।३० मा निर्माण सम्पन्न गर्ने गरी २०७७।८।२४ मा रू.२३ लाख ९ हजारमा सम्झौता भएको निर्माण ठेक्काको कामको अन्तिम भुक्तानी २०७८।१।१५ मा भएकोमा सो समयसम्म रू.२२ लाख १५ हजारको निर्माण कार्य भएको देखिन्छ । केही निर्माण कार्य बाँकी रहेको भनी कार्यालयले २०७८।१२।३० सम्मका लागि म्याद थपको प्रक्रिया अघि बढाएकोमा प्रदेश सचिवबाट २०७८।६।१९ मा स्वीकृत भएको पाईयो । केही कामहरू मात्र बाँकी रहेको अवस्थामा म्याद थप गरेको तर म्याद थप भएको अवधिमा पनि बांकी काम गरी निर्माण कार्य सम्पन्न गरेको पाईएन । थपिएको अवधिमा बाँकी काम गराई निर्माण सम्पन्न गर्नुपर्नेमा सो नगरी त्यतिकै रहेको कारण म्याद थप गरेको औचित्य देखिएन भने सम्पन्न भएको कामको कार्य स्वीकार गरी अन्तिम भुक्तानी दिनु पर्नेमा सो समेत नगरेकोले उक्त ठेक्का अपुरो निर्माणको अवस्थामा रहेको देखियो ।

१६. **भेरियसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति कार्यान्वयनको क्रममा सृजना भएमा सो को कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, अछामले सम्झौता गरेका ३ ठेक्कामा विभिन्न कारण देखाई १४.९९ देखि २२.१७ प्रतिशतसम्म भेरियसन आदेश जारी भएको छ। भेरियसन पश्चात् फर्म वर्क, ग्याविन, प्लम कंक्रिट, स्टोन सोलिङ्ग, मेशनरीको काममा स्वीकृत परिमाणभन्दा बढी परिमाणको भुक्तानी भएको छ । खरिद सम्झौता कार्यान्वयन गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरियसन आदेश जारी गर्न सकिने प्रावधान अनुसार विभिन्न आइटममा भेरियसन पश्चात रू.१ करोड ८ लाख ३२ हजार थप व्ययभार परेको छ।

१७. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (२) मा सार्वजनिक निकायले खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, अछामले सम्झौता गरेका ४ ठेक्काको सम्झौताको बुँदा नं.५३(६) मा मूल्य समायोजन निर्माण सामग्रीमा मात्र लागु हुने उल्लेख छ । तर कार्यालयले निर्माण सामग्री बाहेक बीमा, प्रोजेक्ट साइनबोर्ड, रिलोकेशन अफ सर्भिसेज र प्रोभिजनल सम आइटममा मूल्य समायोजन वापत रू.९ लाख २५ हजार भुक्तानी गरेको छ । सम्झौता तथा खरिद नियमावली विपरित भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्दछ ।

१८. **विशेष परिस्थितिमा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्न सक्ने व्यवस्था छ । सो अनुसार खरिद गर्दा एक तहमाथिको अधिकारीलाई जानकारी दिनुपर्ने, खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार खुलाउनुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने एवं खरिद कार्यको अभिलेख राख्नुपर्दछ । पूर्वाधार विकास कार्यालय बझाङ्गले बाढी पहिरोका कारण क्षति भएका विभिन्न स्थानका सडक जिल्ला विपत् व्यवस्थापन समिति तथा जिल्ला प्रशासन कार्यालयको सिफारिसमा आपतकालिन अवस्थामा तत्काल सडक सुचारु गर्न रू.४८ लाख २६ हजार लागत अनुमान भएका ६ प्याकेजको काम ६ निर्माण व्यवसायीसँग रू.४८ लाख १० हजारमा सम्झौता गरेको छ । २०७८ चैत्रमा ३

प्याकेज र २०७९ असारमा २ प्याकेजको काम सम्पन्न गरी रू.४७ लाख ९६ हजार भुक्तानी गरेको छ । ऐन नियममा भएको व्यवस्था अनुसार एक तहमाथिको अधिकारीलाई जनाकारी नदिएको, खरिदका अन्य विधि प्रयोग गर्न नसकिने कारण नखुलाएको, कामको सार्वजनिक सूचना प्रकाशन नगरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी नपठाएको तथा खरिद कार्यको अभिलेख राखेको छैन । विशेष परिस्थितिमा प्रक्रिया पुरा नगरी र प्रतिस्पर्धा सिमित हुने गरी गरिने खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९. **मुल्य समायोजन बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ तथा सम्झौताका शर्त अनुसार मुल्य समायोजनको भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार बोलपत्र बुझाउने अन्तिम म्याद भन्दा ३० दिन अगाडिको अवधिलाई आधार मानी आधार सूचक निर्धारण गर्ने र सो पश्चात निर्माण व्यवसायीले पेश गरेको बिलभन्दा ३० दिन अगाडिको अवधिलाई चालु सूचक मानी मुल्य वृद्धि फ्याक्टर निर्धारण गर्ने र सोहि फ्याक्टरको आधारमा मुल्य वृद्धि भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय बैतडीले मुल्य समायोजन गणना गर्ने प्रयोजनका लागि आधार सूचक निर्धारण गर्दा ७ ठेक्काको ६ निर्माण व्यवसायीलाई फरक सुचाङ्क लिई मुल्य समायोजन गणना गर्दा बढी भुक्तानी भएको रू.१३ लाख ३८ हजार असुल हुनुपर्दछ ।

२०. **पाटन पञ्चेश्वर सडक स्तरोन्नति -** पूर्वाधार विकास कार्यालय, बैतडीले पाटन पञ्चेश्वर सडक खण्डको ३५ किलोमिटर सडक स्तरोन्नति कार्यको लागि रू.६२ करोड २८ लाख ९९ हजार लागत अनुमान स्वीकृत गरी एक संयुक्त उपक्रमसँग २०७७।७।२४ भित्र कार्य सम्पन्न गर्ने गरी २०७४।३।२५ मा रू.६० करोड ६४ लाख ९५ हजारको सम्झौता भएकोमा २०७९।३।१५ सम्मका लागि म्याद थप भएको छ । उक्त कार्यको भेरियसन आदेशबाट थप भएको काम समेतका लागि यो बर्ष १३ औँ आइ पी सी सम्म रू.६८ करोड ११ लाख ७२ हजार र मुल्य समायोजन रू.५ करोड ५१ लाख ९८ हजारसमेत रू.७३ करोड ६३ लाख ७० हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौताका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको कारण खुलाई भेरियसन स्वीकृत गर्न सकिने व्यवस्था छ । पूर्वानुमान भन्दा बढी टेवा पर्खाल लगाउनु परेको तथा बर्षाका कारण सडक एलाइनमेन्ट, पल्म कंक्रिट, ड्राई सोलिङ्ग, अर्थवर्क, ग्याबियन वाल, स्टोन मेशनरी कार्य तथा ह्युम पाईपको काम गराउनु परेको भनी २०७८।२।१६ मा २०.५८ प्रतिशत भेरियसन आदेश जारी भई सम्झौता रकम रू.७३ करोड ७३ लाख २५ हजार कायम भएको छ । आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनमा नपरेका केही नयाँ र केही पुराना परिमाणमा थप घट गर्दा आईटमको लागत र समयमा वृद्धि भएको छ।आयोजनको संरचनामानै परिवर्तन आउने गरी भेरीएसन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२०.२. उक्त ठेक्काको २०७९।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा सो अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप सम्बन्धमा कुनै कारबाही भएको नदेखिएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच

प्रतिशतले सुरु सम्झौता रू.६० करोड ६४ लाख ९५ हजारको २०७९।३।३१ सम्मको पूर्व निर्धारित क्षतिपूर्ती रू.४८ लाख ५२ हजार असुल गर्नुपर्दछ ।

जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू

२१. **अधुरो कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको कार्य सम्पन्नपश्चात कार्य स्वीकार प्रतिवेदन तयार गर्ने र नियम १२५ अनुसार त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, बैतडीले लागत अनुमान रू.१ करोड २३ लाख ५६ हजारका ७ आयोजनाको ४४ देखि ८२ प्रतिशतसम्म काम सम्पन्न भएको अवस्थामा काम सम्पन्न भएको उल्लेख गरी कार्यस्वीकार प्रतिवेदन तयार गरेको छ । आयोजनाको सम्पूर्ण काम सम्पन्न नभएको अवस्थामा आयोजना पूर्ण रुपमा सञ्चालन नहुने र आगामी वर्षमा बजेट विनियोजन समेत नहुने हुँदा त्यस्ता आयोजना अधुरो अवस्थामा रही आयोजनामा गरिएको खर्चको उच्चतम् प्रतिफल प्राप्त नहुने जोखिम रहन्छ । आयोजनाको सम्पूर्ण काम सम्पन्न भएपछि मात्र कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

२२. **विगतको भुक्तानी** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ (७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय बैतडीले साविक जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं २४ अन्तर्गत बैतडी, बझाङ्ग र दार्चुला जिल्लाका २०७४।७५ मा निर्माण सम्पन्न भएका १९ आयोजनाको रू.२ करोड १० लाख ९ हजार भुक्तानी दिन बाँकी रहेको भनी २०७४।७५ देखि २०७८।७९ सम्म प्रत्येक बर्ष भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई यस बर्ष १५ आयोजनाका लागि कुल रू.१ करोड ५० लाख ५२ हजार भुक्तानी गरेको छ ।

उक्त कार्यका लागि भुक्तानी दिने क्रममा अनियमितता भएको उजुरी परेकोले उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले छानविन टोली गठन गरेकोमा उक्त कामको नापी किताब भर्दा चेनेज नखुलाएको, काम भएको स्थानको अवलोकन गर्दा आवश्यकता र प्रभावकारीताको आधारमा अपेक्षितरुपमा काम नभएको, काम सुरु हुनु पूर्व कामको लाइन लेभल नदिएको, हतार हतारमा काम गर्दा व्यक्तिगत घर खेत नजिक ढुङ्गा पाइने स्थानमा छरिएर काम गरेको परिमाणको भुक्तानी दिनु पर्ने भनी सिफारिस गरेको जस्ता कमी कमजोरी भएको उल्लेख गरेकोले यस सम्बन्धमा तात्कालिन कार्यालय प्रमुख तथा अन्य सम्बद्ध व्यक्तिहरूको कार्य मनासिव नदेखिएको सम्बन्धमा सोधनीसम्म नगरी अर्थात् कुनै जिम्मेवार नबनाई भुक्तानी दिने कार्य मनासिव देखिएन । अतः भुक्तानी दिएको रकम तोकिए अनुसार उपयोग भएको सुनिश्चितताका लागि अनियमित काम गर्नेलाई जिम्मेवार हुने गरी मन्त्रालयबाट वास्तविकता यकिन गरी प्रमाण पेश हुनुपर्दछ ।

२३. **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन

कार्यालय, कंचनपुरले यो वर्ष चौधर नदी नियन्त्रण योजना, वनहरा नदी नियन्त्रण योजना, स्याली नदी तटबन्ध योजना, सिद्धनाथ सिंचाई योजना, वनदेवी मन्दिर प्राङ्गण खोल्सामा भु-क्षय नियन्त्रण लगायतका ३७ योजनामा सोझै खरिद गरी रू.२ करोड ६७ लाख ५२ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धा सिमित हुने गरी बजेट व्यवस्था नगर्ने र विनियोजित बजेटलाई कार्य प्रकृतिका आधारमा प्याकेजिङ्ग गरी प्रतिस्पर्धा गरी खरिद गर्नुपर्दछ ।

२४. **मुल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मुल्य समायोजन गर्दा सम्झौतामा उल्लेख भए अनुसारको सुचकाङ्क प्रयोग गरी आधार सुचकाङ्क र विल भुक्तानीको सुचकाङ्कको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कंचनपुरले एक निर्माण व्यवसायीलाई इन्धन आधार ईण्डेक्स ९५.८० रहने गरी सम्झौता गरेकोमा मूल्य समायोजन गणना गर्दाको समयको ईण्डेक्स ११३.३० प्रयोग नगरी पेट्रोलियम प्रोडक्टसको ईण्डेक्स १२०.५० प्रयोग गरेको कारण रू.३६ लाख ८२ हजार वढी मूल्य समायोजन भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

२५. **उपभोक्ता समितिको योगदान** - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ५ मा उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्दा योजनाको लागि विनियोजन भएको कन्टिन्जेन्सी वाहेकको रकमको न्यूनतम् १० प्रतिशत बराबरको श्रम कार्य वा सो बराबरको अन्य योगदान उपभोक्ता समितिको तर्फबाट उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यस वर्ष कार्यविधिले तोकेको न्यूनतम १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्नुपर्ने व्यवस्था विपरित जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, डोटीले ३२५ उपभोक्ता समितिलाई रू.९३ लाख ७ हजार र जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, बाजुराले ३८ उपभोक्ता समितिलाई रू.३३ लाख २१ हजार समेत रू.१ करोड २६ लाख २८ हजार बढी भुक्तानी गरेको छ । कार्यविधिको पालना गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२६. **कार्यक्षेत्र बाहिरको कार्य -** संघ प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाट तथा वर्गिकरण मापदण्ड, २०७६ मा खानेपानीतर्फ संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र तोकिएको छ । जस अनुसार तराई-मधेशमा ५ देखि १५ हजार, पहाडमा ३ देखि ५ हजार र हिमाली क्षेत्रमा ५०० देखि १ हजारसम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना मात्र प्रदेश तहबाट सञ्चालन हुने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीबाट प्राप्त विवरण अनुसार यो वर्ष निर्माण भएका खानेपानीतर्फका १७० मध्ये ११५ आयोजना स्थानीय तहको कार्य क्षेत्र भित्रका, २ संघीय सरकारको कार्यक्षेत्र भित्रका र ५३ प्रदेश सरकारको कार्य क्षेत्रभित्रका आयोजनाको काम गरेको छ । कार्यान्वयन भएकामध्ये ३१ प्रतिशतमात्र प्रदेश तहको आयोजना कार्यान्वयन गरेको देखिन्छ । स्थानीय र संघीय सरकारको कार्य क्षेत्रभित्रका आयोजनाहरूमा केन्द्रीत नभई प्रादेशिकस्तरका मझौला आयोजनामा प्रदेशस्तरीय निकायहरू केन्द्रित हुनुपर्दछ ।

२७. **गाडी खरिद -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार खर्च संकेत ३११५६ (खानेपानी संरचना निर्माण) बाट खानेपानीका लागि रिजर्भ वायर निर्माण, प्रशोधन तथा वितरण प्रणाली निर्माण, पाइप विच्छाउने, पानी टेंकी निर्माण, बोरिङ्ग लगायत सोसँग सम्बन्धित प्रत्यक्ष सम्बन्धित इन्धन, सुरक्षा लगायतका खर्च समावेश हुने उल्लेख छ । सोही व्यवस्था अनुसार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलालीलाई जलवायु अनुकुलित वृहत खानेपानी आयोजनाका लागि संघीय सरकारबाट निकासा भएको सशर्त अनुदान रू.२१ करोड ९४ लाख ३१ हजारबाट ४ प्रतिशतसम्म निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित कार्यमा कन्टिजेन्सी खर्च गर्न सकिन्छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढीको २०७९।२।२६ को पत्रानुसार सशर्त अनुदानको कन्टिन्जेन्सी रकमबाट सवारी साधन खरिद गर्न निर्देशन दिए अनुसार यस कार्यालयले क्याटलग सपिङ्ग विधिबाट रू.४८ लाख ८४ हजारको १ थान निशान किक्स एक्स एल (एस.यू.भी) गाडी खरिद गरी यस कार्यालयबाट रू.१५ लाख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीबाट रू.८ लाख ८४ हजार, डोटीबाट रू.१५ लाख र डडेलधुराबाट रू.१० लाख भुक्तानी भएको छ । सो सवारी साधन भौतिक पूर्वाधार मन्त्रालयमा पठाए तापनि लेखापरीक्षण अवधिसम्म मन्त्रालयले जिन्सी दाखिला गरेको छैन । संघीय सरकारले निश्चित कार्यका लागि पठाएको अनुदान तोकिएको कार्यमा खर्च भए नभएको अनुगमन मूल्याङ्कन गर्ने दायित्व रहेको मन्त्रालयले स्वयंले सवारी साधन खरिद गर्न आदेश दिने कार्य नियमसम्मत देखिएन ।

२८. **विशेष परिस्थितिमा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थीतिमा खरिद गर्न वा गराउन सक्ने व्यवस्था छ । सो अनुसार खरिद गर्दा एक तह माथिको अधिकारीलाई जानकारी दिनुपर्ने, खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार खुलाउनुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने एवं खरिद कार्यको अभिलेख राख्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीबाट विशेष परिस्थितितको लागि बजेट तथा कार्यक्रम माग गरेकोमा मन्त्रालयले २०७९।३।२३ मा आपतकालीन शीर्षकमा रहेको बजेटबाट रू.२ करोड निकासा गरेको छ । सो बजेटबाट कार्यालयले ३१ खानेपानी योजना र अन्य १४ आयोजनाका लागि पाइप र फिटिङ्गस खरिद गरी रू.१ करोड ६३ लाख ६ हजार खर्च गरेको छ। मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएअनुसार आपतकालीन कार्य गरेको कार्यालयको भनाइ रहेतापनि नियमानुसारको विधि र प्रक्रिया अवलम्बन गरेको छैन । विशेष परिस्थितिमा खरिद गर्दा पालना गर्नुपर्ने प्रक्रिया पूरा नगरी र प्रतिस्पर्धा सीमित हुने गरी गरिने खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२९. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सोझै खरिद सम्बन्धी व्यवस्था छ । एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले एउटै प्रकृतिको मालसामान पटक पटक टुक्रा गरी रू.३३ लाख २१ हजार र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटीले फिटिङ्गस तथा टुल्स र एचडिपिई पाइप खरिद टुक्रा पारी ४ सप्लायर्सबाट रू.३९ लाख ५१ हजारमा खरिद

गरेको छ । नियममा भएको व्यवस्था विपरित एउटै प्रकृतिका मालसामान पटक पटक टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन ।

३०. **जन श्रमदान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले ४ उपभोक्ता समिति मार्फत खानेपानी योजना निर्माण कार्य गर्दा उपभोक्ता समिति र कार्यालयले बेहार्ने अंश उल्लेख गरी सम्झौता गरेकोमा वास्तविक कार्यसम्पादन रकम रू.१ करोड २८ लाख ९६ हजारको आधारमा उपभोक्ता समितिको अंश रू.१४ लाख ९२ हजार कट्टी गरी भुक्तानी दिनुपर्नेमा रू.९ लाख ५४ हजार मात्र कट्टि गरी भुक्तानी गरेकोले घटी कट्टी वापतको रकम रू.५ लाख ६५ हजार असुल गर्नुपर्दछ ।

सहरी विकास तथा भवन कार्यालयहरू

३१. **लाभग्राही समुदायबाट खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । सहरी विकास तथा भवन कार्यालय, बैतडीले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना, पार्क निर्माण जस्ता कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत् निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रक्रियाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ ।

३२. **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, बैतडीले सडक कटिङ्गको काम ६ उपभोक्ता समितिमार्फत्

गर्ने गरी सम्झौता गरी कार्य गराई रू.६६ लाख ९१ हजार भुक्तानी दिएको छ । उपभोक्ता समिति स्वयंले सम्झौता बमोजिम कार्य नगरी ३ निर्माण व्यवसायीबाट गराएकोले उक्त कार्य निमयसम्मत् देखिएन।

३३. **उपभोक्ता समितिलाई बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (६) मा कामको प्राविधिक मूल्याङ्कन अनुसार ज्याला तथा सामाग्री खरिद भएको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई भुक्तानीको लागि सार्वजनिक निकायमा पेश गरेपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, डोटीले ८ उपभोक्ता समितिले विभिन्न फर्मबाट सामाग्री खरिद गरेको रू.४८ लाख ३६ हजार र ज्याला भुक्तानी गरेको डोर हाजिरी फाराम रू.२२ लाख २४ हजार समेत रू.७० लाख ६० हजारको विल भरपाई समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गरेकोमा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन अनुसार रू.९५ लाख ६५ हजार भुक्तानी दिएकोले विल भरपाई भन्दा रू.२५ लाख ५ हजार बढी भुक्तानी गरेको छ । विल भरपाई भन्दा बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

३४. **नाफामूलक संस्थालाई अनुदान -** वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । शहरी विकास तथा भवन कार्यालय कैलालीले ८ नाफामूलक सहकारी संस्थाको भवन निर्माणको लागि रू.८३ लाख ९३ हजार अनुदान उपलब्ध गराएको छ । समुदाय भित्र ऋण लगानी गरेर नाफा कमाउने उद्देश्यले स्थापना भएको सहकारी संस्थालाई प्रदेश सरकारबाट भवन निर्माणका लागि बजेट विनियोजन गर्नु नियमसम्मत देखिएन । विकास निर्माण कार्यमा प्रयोग गर्नुपर्ने बजेट नाफामुलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३५. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय कैलालीले ८ उपभोक्ता समितिमार्फत भवन निर्माण, सडक कालोपत्रे एवं ढल निकास लगायतका निर्माण कार्य गराई रू.५ करोड ३९ लाख २७ हजार भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत् काम गराउँदा प्रतिस्पर्धा र गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्दछ ।

३६. **टुक्रापारी मर्मत तथा निर्माण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ मा तोकिएको सिमामा मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुख्यमन्त्री निवास मर्मत तथा निर्माणको लागि गत बर्ष २०७७।७८ मा १३ टुक्रा गरी रू.१ करोड २८ लाख ९१ हजार खर्च गरेकोमा यस बर्ष ६ टुक्रा गरी रू. २८ लाख २८ हजार खर्च गरेको छ। यसरी कानुनमा भएको व्यवस्था पालना नगरी एउटै प्रकृतिका कार्य एउटै स्थानमा पटक पटक टुक्रा गरी खरिद गर्ने कार्य नियमसंगत देखिएन ।

- **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहतका कार्यालयको लेखापरीक्षणबाट रू.२३ करोड २९ लाख १७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.६ लाख ९८ हजार फर्स्यौंट भई रू.२३ करोड २२ लाख

१९ हजार फर्स्यौट गर्न बाँकी रहेको छ ।सो मध्ये रू.६ करोड ८१ लाख ३१ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म यस मन्त्रालयको कुल बजेट रू. ४६ अर्ब ४१ करोड ९० लाख मध्ये रू. ३२ अर्ब ८९ करोड २८ लाख खर्च भएको छ। जसमध्ये चालु खर्च रु १ अर्ब १३ करोड ८१ लाख र पुँजीगत खर्च रु ३१ अर्ब ७५ करोड ४७ लाख रहेको छ । कुल खर्च मध्ये चालु खर्च ३.४६ प्रतिशत र पुँजीगत खर्च ९६.५४ प्रतिशत र विगत पाँच वर्षको औसत खर्च ७०.८६ प्रतिशत रहेको छ ।

  प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ वमोजिम यस मन्त्रालयलाई २२ कार्य जिम्मेवारी तोकिएकोमा कर्मचारी व्यवस्थातर्फ १२४ प्रशासनिक, २५२ प्राविधिक र ८६ श्रेणी विहिन स्थायी पद सृजना गरी ३२ प्रशासनिक, १४० प्राविधिक र ५३ श्रेणी विहिन पदमा भएको छ । पाँच वर्षको अवधिमा सिंचाइतर्फ सतह सिंचाइ आयोजनाबाट ८ हजार ३८९ हेक्टर, भूमिगत सिंचाई आयोजनाबाट ३ हजार ४७५ हेक्टर, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाबाट १ हजार ७१ हेक्टर, मर्मत संभार पुनःनिर्माणबाट १० हजार ५२७ हेक्टर सिंचित क्षेत्र विस्तार गरेको उल्लेख छ। त्यस्तै पक्की कुलो निर्माण १हजार ९ सय १ किलोमिटर, कच्ची कुलो निर्माण २८५ किलोमिटर, पाईपलाईन कुलो निर्माण १३८ किलोमिटर, डिप स्यालो ट्युववेल निर्माण १ हजार ७३६ गोटा एवं सिंचाइ पोखरी निर्माण १०२ गोटा, यातायात पूर्वाधार तर्फ कालोपत्रे सडक ४०० किलोमिटर, ग्रावेल सडक ७६९ किलोमिटर, माटे सडक १ हजार ३२३ किलोमिटर एवं सडकपूल २२ वटा निर्माण, नदी नियन्त्रण / पहिरो नियन्त्रण / तटवन्ध निर्माण तर्फ तटवन्ध निर्माण १५७ किलोमिटर जमिनको उकास ३ हजार ३३५ हेक्टर, खानेपानी तथा सरसफाई तर्फ इन्टेक निर्माण १ हजार ८६२ गोटा, डिप ट्युवेल जडान ११७ गोटा, पानी पोखरी १ हजार ६९४ गोटा, पाइपलाईन जडान ६ हजार ९९५ किलोमिटर, खानेपानीबाट आधारभूत स्तरका लाभान्वित जनसंख्या १ लाख ८३ हजार ३८७ र मध्यम स्तरका लाभान्वित जनसंख्या ५९ हजार ३३०, सहरी विकास तथा भवन तर्फ जनता आवास योजना अन्तर्गत २ हजार ९६० निजी आवास निर्माण जस्ता उपलव्धी भएका छन्।

  मन्त्रालयले स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्न नसकेको, कार्य सम्पादन गर्नु पर्ने विषय नीति तथा कार्यक्रममा घोषणा गर्ने नगरेको एवं घोषणा भएका सवै विषय वजेटमा समावेश नगरेको, पुष्टयाई वेगर वर्षभरी रकमान्तर गर्ने गरेको, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन, पाँच वर्षको अवधिमा प्रदेश गौरवका आयोजनाको प्रगति भौतिक तर्फ ६८ र वित्तीय तर्फ ७६ प्रतिशत मात्र भएको, जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन, सुरक्षित वसोबास र जग्गा एकिकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन हुन सकेको छैन ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समीक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३८ सरकारी कार्यालयतर्फ विनियोजन रू.३ अर्ब ६७ करोड ५० लाख ८१ हजार, राजस्व रू.१ करोड ८ लाख ९६ हजार, धरौटी रू.२१ करोड ९४ लाख ७७ हजार र कार्य सञ्चालन कोष तर्फ रू.३३ लाख ९३ हजारसमेत रू.३ अर्ब ९० करोड ८८ लाख ४७ हजार तथा ११ समिति तथा अन्य संघ संस्थातर्फ रू.३ अर्ब ५७ करोड १६ लाख १९ हजार समेत गरी रू.७ अर्ब ४८ करोड ४ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:-

१. **नियमावली कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयको कार्यक्षेत्र तोकेबमोजिमका कार्यहरू सम्पादन हुनुपर्दछ । प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड नबनेको, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड नबनेको, लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन नभएको, संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन नभएको, प्रदेशभित्र रोजगारी प्रबर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वयको कार्य नभएको, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा टेड्र युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन गर्ने लगायतका कार्य भएको देखिएन। मन्त्रालयलाई तोकिएका सबै काम सम्पन्न गरी मन्त्रालय र मातहत कार्यालयहरूबाट प्रदान हुने सेवा प्रवाहलाई प्रभावकारी र विश्वसनीय बनाउनु पर्दछ ।

२. **नीति तथा कार्यक्रम -** प्रदेश सभामा प्रस्तुत प्रदेशको २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भए मध्ये महिला र नवजात शिशुलाई स्वास्थ्य सुरक्षा प्रदान गर्न प्रादेशिक प्रसुती अस्पताल र बाल अस्पताल स्थापना गरिने, प्रदेशमा कार्यरत कर्मचारीहरूको स्वास्थ्य उपचारको लागि प्रदेश निजामती अस्पताल स्थापना गरिने, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत गर्भवती महिलाको गर्भावस्थाको निःशुल्क परीक्षण गर्ने कार्यलाई स्थानीय तहसँगको साझेदारीमा वडास्तरसम्म विस्तार गरिने जस्ता व्यहोरा कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा कार्यान्वयन योग्य र कार्यान्वयन गरीने व्यहोरामात्र समावेश गर्नुपर्दछ ।

३. **बजेट कार्यान्वयन -** मन्त्रालयसँग सम्बन्धित तथा कार्यान्वयन गर्नुपर्ने गरी २०७८।७९ को बजेट वक्तव्यमा उल्लिखित विभिन्न विषय र कार्यक्रममध्ये विभिन्न नागरिक आन्दोलन तथा सशस्त्र द्वन्द्वबाट शहिद तथा घाइते परिवारका लागि विशेष आत्मनिर्भर कार्यहरू सञ्चालन गर्न रू.१० करोड विनियोजन गरी यस सम्बन्धी कार्यविधी निर्माण गरी कार्यान्यनमा ल्याइने, हिंसा पीडित महिलाहरूको पुनर्स्थापना

तथा सामाजिकीकरणका लागि महिला सुरक्षा गृहको निर्माणलाई विशेष प्राथमिकता दिने, नेपाल सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा शैक्षिक अभियानमार्फत् आर्थिक वर्ष भित्रै पूर्ण साक्षर प्रदेश घोषणा गर्ने, आर्थिक वर्षभित्र सुदूरपश्चिम प्रदेश विश्वविद्यालय स्थापना गर्न आवश्यक कानूनी संरचना निर्माण गरिने जस्ता व्यहोरा कार्यान्वयन भएको पाइएन । बजेट वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयन गर्ने तथा वक्तव्यमा उल्लिखित सबै बुँदाको कार्यान्वयनको अवस्था देखिने गरी प्रतिवेदन तयार गर्ने व्यवस्था हुनुपर्दछ ।

४. **कार्य सम्पादन करार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याँकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि यस मन्त्रालयमा उक्त व्यहोरा कार्यान्वयन भएको पाइएन । वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५. **मध्यमकालिन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१) मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ । यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यस मन्त्रालयले उक्त व्यहोरा कार्यान्वयनमा ल्याएको पाइएन । ऐनले तोकेको व्यहोरा कार्यान्वयनमा नल्याउनु मनासिव देखिएन। मन्त्रालयबाट कार्यान्वयनमा लगिने सबै योजनालाई प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र सो अनुसार कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **आयोजना बैंक** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५(क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको यस मन्त्रालयबाट आयोजना बैंकमा आयोजनाको विवरण प्रविष्ट भए गरेको पाइएन । ऐनले तोकेअनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मक रुपमा उच्च परिणाम देखिन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजानु पर्दछ ।

७. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राबिधिक, वाताबरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्ला स्तरिय आयोजना, आर्थिक मामिला मन्त्रालय नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेश स्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित मन्त्रालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

८. **दिगो विकास लक्ष्यको कार्यान्वयन -** दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतहरू सरकारी निकायहरूले आफ्नो र अर्न्तगतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । दफा ३०(२) मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधिमा एकरुपता ल्याउन प्रदेश आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गर्न सक्ने व्यवस्था छ । ऐनको दफा ३०(३) मा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था छ । ऐनको उक्त व्यवस्था अनुसार मन्त्रालय र मातहतका सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन भने आर्थिक मामिला मन्त्रालयले

निर्देशिका र मापदण्ड जारी गरेको पाइएन । उक्त व्यहोरा अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट अनुगमन गरेको समेत देखिएन । आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

१०. **बेरुजु लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३६ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नु पर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यहोरा उल्लेख छ । यस मन्त्रालयले उक्त व्यहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी राखेको र अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको पाइएन । ऐनले तोकेको व्यहोरा कार्यान्वयमा यथोचित ध्यान नदिँदा बेरुजु सम्परीक्षणमा उदाशिनता बढ्न गई प्रदेशको समग्र आर्थिक सुशासन कमजोर रहन सक्ने हुँदा बेरुजुको अभिलेख र सम्परीक्षण कार्यलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

११. **लेखा दाखिला -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २५(२) ले तोकेबमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक बर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।यस मन्त्रालयले लेखापरीक्षण समय २०७९ माघसम्म एकीकृत वित्तीय विवरण तयार गरी पेश गरेको छैन । ऐनले तोकेको कार्य कार्यान्वयन नहुनु मनासिव देखिदैन । सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी समयमै पेश गर्ने व्यवस्था हुनुपर्दछ ।

१२. **संघीय कार्यालयलाई अख्तियारी -** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको नीति निर्माण, कार्यान्वयन र व्यवस्थापन गरी कार्यसम्पादन गर्ने कार्य प्रदेश सरकारको हो । प्रदेश सरकारलाई प्राप्त रकम प्रदेश सरकारले घोषणा गरेका कार्यक्रमहरूमा लगानी गरी उच्चतम् सदुपयोग गर्नुपर्नेमा संघीय सरकार मातहतका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका ६ स्वायत्त निकायलाई रू.३४ करोड १९ लाख ५२ हजार निकासा दिएको छ । निकासा दिएको रकममध्ये खर्च नभएको रकम यकिन गरी फिर्तासमेत ल्याउनु पर्नेमा सो अनुसार गरेको छैन । संघीय सरकार मातहतका निकायलाई दिएको रकममध्ये खर्च नभएर बाँकी रहेको रकम फिर्ता ल्याउने व्यवस्था हुनुपर्दछ ।

१३. **घर जग्गा तथा सवारी साधनको लगत** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय

अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्नेछ। त्यस्तो घर जग्गा आफ्नो नाउँमा वा अन्य कुनै कार्यालयको नाउँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ । त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए प्रचलित कानुन बमोजिम कार्यालयको नाउँमा दर्ता गराउनु पर्ने र उपनियम (२) बमोजिम प्रत्येक कार्यालयले कार्यालयमा रहेको सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्नेछ । त्यस्तो सवारी साधन आफ्नो नाउँमा वा अन्य कुनै कार्यालयको नाउँमा यातायात कार्यालयमा दर्ता भई सवारी धनी पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ । त्यसरी बुझ्दा दर्ता र सवारी धनी पूर्जा तयार नभए प्रचलित कानुन बमोजिम कार्यालयको नाउँमा दर्ता गराउन पर्नेछ। मन्त्रालयबाट सो व्यहोराको पूर्ण कार्यान्वयन हुन सकेको छैन ।

१४. **अख्तियारीमा ढिलाई -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन जारी भएको ७ दिनभित्र कार्यालयगत रकम बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था छ ।यस मन्त्रालयले ३० वटा खेलमैदान निर्माण गर्न विनियोजन भएको रू.३ करोडबाट २०७८।११।४ मा कन्चनपुर र कैलाली जिल्लाका ११ खेल मैदान निर्माण गर्न प्रदेश खेलकुद परिषद, सुदूरपश्चिमलाई रू.१ करोड १० लाख र प्रदेश अन्तर्गतका ७ जिल्लाका १९ खेल मैदान निर्माण गर्न सम्बन्धित जिल्लाका सामाजिक विकास कार्यालयहरूलाई रू.१ करोड ९० लाखको अख्तियारी पठाएको पाइयो । मन्त्रालयले अन्तिम चौमासिकमा बजेट बाँडफाँट गरी अख्तियारी पठाउँदा लक्ष्य अनुरूप कार्य सम्पादन नहुने स्थिति रहन्छ। यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५. **दरबन्दी र पदपूर्ति -** प्रदेश संरचनाको स्थापना २०७४ मा भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालय र मातहतका ४३ निकायमा कुल दरबन्दी ७५९ रहेकोमा ५४२ पदपूर्ति भई २१७ पद रिक्त रहेको छ। रिक्त दरबन्दी पदपूर्ती गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता –** सुदरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ सम्ममा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ ।सो अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्रीले लिनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयलाई कुल रू.६ अर्ब ५१ करोड ३३ लाख ३६ हजार बजेट व्यवस्था भएकोमा संघीय सरकार मातहत तथा अन्य कार्यालयलाई निकासा दिएको रकम समेत रू.४ अर्ब ९३ करोड १३ लाख ९६ हजार अर्थात् ७५.७१ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेट रकमबाट तोकिए अनुसार कार्यक्रम सञ्चालन गरी निर्धारित

लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्थाअनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

१७. **मन्त्रालयबाट ठेक्का व्यवस्थापन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा सामाजिक विकास मन्त्रालयको कार्य अन्तर्गत प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने उल्लेख छ । उक्त नियमावलीमा उल्लेख भए बमोजिम मन्त्रालय नीति निर्माण तथा अनुगमन, मूल्याङ्कन कार्यमा संलग्न हुनुपर्नेमा मन्त्रालयबाट विभिन्न क्याम्पस भवन, अस्पताल भवन निर्माण जस्ता कार्यको ठेक्कापट्टा व्यवस्था गरी रू.१९ करोड ८ लाखका ५ वटा ठेक्कापट्टाको खरिद सम्झौता भएको पाइयो । यस्तो प्रक्रियाबाट काम गर्ने गराउने कार्य मनासिव नदेखिएकोले खरिद सम्बन्धी कार्य मातहत कार्यालयबाटै गराउने गरी सम्बन्धित कार्यालयलाई जिम्मा दिई मन्त्रालयले नीति निर्माण तथा अनुगमन, मूल्याङ्कन कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

१८. **अनुदान वितरण -** आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायहरूबाट प्रदान गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आवद्ध गर्दै अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरिने व्यहोरा उल्लेख छ । बजेट वक्तव्यमा उल्लेख भएअनुसार एकीकृत अनुदान नीति तथा कानुन निर्माण नगरी विभिन्न क्याम्पसका लागि प्रोत्साहन अनुदान रू.३ करोड ७८ लाख २३ हजार, सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई पूँजीगत अनुदान रू.३५ लाख, समाज कल्याणका क्षेत्रमा काम गर्ने संघ संस्थालाई अनुदान रू.४२ लाख २१ हजार सहित रू.४ करोड ५५ लाख ४४ हजार अनुदान उपलब्ध गराएको छ । तसर्थ बजेट वक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति, तत् सम्बन्धी कानुन र कार्यविधि तर्जुमा गरी कानुन बमोजिम अनुदान दिने व्यवस्था गर्नुपर्दछ ।

१९. **हेलिकप्टरबाट उद्धार -** विरामीको अवस्था र उपचारको स्थितिलाई विश्लेषण गरेर हेलिकप्टरबाट उद्धार गर्ने सम्बन्धमा नीति तथा कार्यविधि बनाउनुपर्नेमा सो बेगर यो वर्ष ३ व्यक्तिलाई हेलिकप्टरबाट उद्दार गरेको भनी रू.२९ लाख ३० हजार खर्च गरेको छ । यस्तो सेवा उपलब्ध गराउँदा घटनाको प्रकृति, व्यहोर्नुपर्ने रकम, बिरामी वा सम्बन्धित व्यक्तिको आर्थिक अवस्था र उद्धारमा बिरामीको प्राथमिकता लगायतका आधार तय गरी हेलिकप्टरबाट उद्धार गर्ने सम्बन्धी विधि र प्रक्रिया तय गरी सेवा उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

२०. **आर्थिक सहायता -** यस मन्त्रालयले आर्थिक रुपमा विपन्न नागरिक औषधि उपचार आर्थिक सहायता निर्देशिका, २०७६ बमोजिम औषधि उपचारका लागि निम्न अनुसार रकम उपलब्ध गराएको छ ।

(रू.हजारमा)

निर्णय गर्ने	बढीमा दिन सक्ने रकम रु	कुल रकम रु
माननीय मन्त्रीस्तरको निर्णयले	५०	३,२१,४०
माननीय मुख्यमन्त्रीस्तरको निर्णयले	१,००	
मन्त्रिपरिषदको निर्णयले (२ कर्मचारी र १ पत्रकार)	नतोकिएको	१०,५०
	जम्मा	**३,३१,९०**

उक्त रकम वितरण पश्चात निर्देशिका अनुसार सहायता भुक्तानी भएको विवरण मन्त्रालयको वेवसाइटमा त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्नेमा विवरण सार्वजनिक गरेको पाइएन । यस्तो खर्चको विवरण प्रकाशन गरी आर्थिक सहायतालाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउनुपर्दछ ।

२१. **छात्रवृत्ति वितरण -** मन्त्रालयले एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ बमोजिम यस बर्ष एम. वी. वी. एस. अध्ययनरत ९ विद्यार्थीलाई रू.९० लाख, उच्च शिक्षा अध्ययनरत लक्षित वर्गका लागि रू.२९ लाख, विपन्न वर्गका विद्यार्थीका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि रू.२२ लाख ५० हजार समेत कुल रू.१ करोड ४१ लाख ५० हजार छात्रवृत्ति उपलब्ध गराएको छ। यस आर्थिक बर्ष र विगतमा वितरित छात्रबृत्ति सम्बन्धमा एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ को बुँदा नं २१ बमोजिम नियमित अनुगमन मूल्याङ्कन गर्दै छात्रवृत्ति रकमको उच्चतम् सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ ।

२२. **अनुगमन मूल्याङ्कन -** मन्त्रालयबाट यस बर्ष विभिन्न कार्यालय तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन कार्यमा रू.५९ लाख ५ हजार खर्च गरेको छ । प्रदेश बाहिरका जिल्लामा गएको कामको लागि समेत मर्मत खर्च शीर्षकबाट भुक्तानी दिनुपर्नेमा अनुगमन मूल्याङ्कन शीर्षकबाट भुक्तानी दिने गरेको छ। अनुगमन, मूल्याङ्कनबाट आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि गर्नुपर्ने सुधारको व्यहोरा समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश हुनुपर्नेमा भ्रमण खर्च फर्स्यौंट गर्ने प्रयोजनका लागि मात्र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिन्छ । यस्तो प्रतिवेदनबाट खर्चको औचित्य पुष्टि हुने देखिँदैन यस सम्बन्धमा विगत बर्ष देखि औल्याउँदै आएकोमा सुधार भएको पाइएन । अनुगमन खर्चको औचित्य पुष्टि हुने गरी खर्च लेख्ने व्यवस्था हुनुपर्दछ ।

२३. **परामर्श सेवा खरिद -** मन्त्रालयले यो बर्ष निम्न कार्यका लागि परामर्श सेवा लिई लागत अनुमान बराबर रू.७५ लाख ८० हजार खर्च गरेको छ ।

(रकम रू.हजारमा)

क्र. सं.	कामको बिबरण	भुक्तानी रकम	योजनाको लागत अनुमान
१	डोटी बहुमुखी क्याम्पसको भवन निर्माण	१९,३२	१४,८५,४२
२	सेती प्रादेशिक अस्पतालको निर्माण	४७,६२	२,०२,२७,८१
३	निजामती तथा शिक्षक अस्पताल सञ्चालन सम्भाव्यता अध्ययन	८,८६	४६,९४,५९

प्रदेश सरकार मातहत प्राविधिक सेवा तथा निर्माण कार्यका लागि शहरी विकास तथा भवन कार्यालय रहेको छ । मन्त्रालय समग्र प्रदेशको नीति निर्माण तथा अनुगमन, मूल्याङ्कन कार्यमा केन्द्रित रहनु पर्नेमा परामर्श सेवा खरिद तथा निर्माण कार्यमा संलग्न रहेको मनासिव देखिदैन। डी. पी. आर. प्रतिवेदनहरू सम्पत्तिको रुपमा लेखाङ्कन गरी डी. पी. आर. तयार भएका योजनाहरू कार्य कार्यान्वयनमा लैजानु पर्दछ।

२४. **कार्यक्रममा दोहोरोपना -** सुदूरपश्चिम प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ अनुसार संघ र स्थानीय तहसँगको सहयोग, समन्वय र सहकार्य मन्त्रालयको कार्यजिम्मेवारी रहेको छ। श्रम, शिक्षा,

स्वास्थ्य जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रूपमा सञ्चालन भएको देखियो । संघ तथा स्थानीय तहबाट संचालित योजनाको प्रगति विवरण प्राप्त गरी दोहोरोपना न्यूनीकरण गर्न संरचना स्थापना लगायतका व्यवस्थाको अभावमा योजना/कार्यक्रम सञ्चालनमा दोहोरोपना हुने उच्च सम्भावना रहन्छ । यसले गर्दा योजनागत बजेट खर्चमा दोहोरोपना समेत पर्न गई विनियोजित रकम दुरुपयोगको जोखिमसमेत रहेको छ।यस सम्बन्धमा मन्त्रालयले नियमावलीले तोकेअनुरुप कार्य जिम्मेवारी बमोजिम समन्वय र सहकार्यको लागि सम्बन्धित निकायबीच सम्पर्क हुने संयन्त्र विकास गरी बजेट तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना न्यूनीकरणका लागि आवश्यक पहल गर्नुपर्दछ ।

२५. **सफ्टवेयर प्रणाली -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । मन्त्रालयले विगत बर्षमा युवा तथा स्वयंसेवक पोर्टलको लागि रू.९ लाख ८८ हजार, छात्रवृत्ति पोर्टलको लागि रू.४ लाख ९४ हजार र सामाजिक सूचना व्यवस्थापन प्रणाली पोर्टल निर्माण तथा सञ्चालनको लागि रू.१६ लाख ७ हजार समेत रू.३० लाख ८९ हजार सफ्टवेयर निर्माण कार्यमा खर्च गरेको छ । ति सफ्टवेयरमध्ये छात्रवृत्ति पोर्टलबाहेक अन्य सफ्टवेयर सञ्चालनमा रहेको पाइएन । सामाजिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयरको निर्माताले सम्झौता अनुसार अभिमुखीकरण कार्य नगरेको कारणले सञ्चालन हुन नसकेको जानकारी प्राप्त भएको छ । ति सफ्टवेयरहरू सूचना प्रविधि विभागबाट स्वीकृति लिई सञ्चालनमा ल्याउनुपर्दछ ।

२६. **अस्पताललाई अनुदान** - कोभिड-१९ संक्रमणको उपचार गराउने अस्पताललाई अनुदान उपलब्ध गराउने सम्वन्धी आदेश, २०७७ को बुँदा नं ७ मा अनुदान प्राप्त गर्न सूचिकृत अस्पतालले आवश्यक विल भरपाई संलग्न गरी भुक्तानीका लागि सामाजिक विकास मन्त्रालयले तोकेको निकाय समक्ष निवेदन पेश गरे पश्चात् रकम उपलब्ध गराई त्यस्तो रकमको उपयोग सम्बन्धमा मन्त्रालयले अनुगमन गर्ने उल्लेख छ । महामारी तथा रोग नियन्त्रण कार्यका लागि मन्त्रालयले वयालपाटा अस्पताल अछामसँग २०७८।१।२३ मा २०७८ असारसम्मका लागि सम्झौता गरेको छ । अस्पतालले २०७८ असार सम्मको खर्च शोधभर्ना प्राप्त गर्न २०७८।१०।२० मा निवेदन पेश गरेको आधारमा रू.३८ लाख ५६ हजार शोधभर्ना दिएको छ । उक्त अस्पतालले सामान्य लक्षण भएका ७२ बिरामीको ७२२ दिनको रू.३ हजार ५०० का दरले रू.२५ लाख २७ हजार र मध्यम एवं जटिल लक्षण भएका ४४ विरामीको ३१७ दिनको रू.७ हजारका दरले रू.२२ लाख १९ हजार गरी रू.४७ लाख ४६ हजार खर्च भएको विवरण पेश गरेता पनि निर्देशिका अनुसार खर्च पुष्टी गर्ने विल, भरपाई लगायत अन्य आवश्यक कागजात पेश गरेको छैन । उक्त खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन, मूल्याङ्कन गरी खर्च रकम यकिन गरेको छैन । आर्थिक बर्ष समाप्त भएको ७ महिना पछि सोधभर्ना माग गरेकोले उक्त खर्चको यथार्थता सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२७. **स्वास्थ्य चौकीलाई अनुदान -** सुदूरपश्चिम प्रदेश कोरोना भाईरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष बमोजिम गठित कोष परिचालन तथा व्यवस्थापन समितिको निर्णयबमोजिम वित्थडचिर गाँउपालिका, बझाङ्गको स्याँडी स्वास्थ्य चौकीलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न

रू.१० लाख भुक्तानी दिएको छ । उक्त स्वास्थ्य चौकीलाई बजेट खर्च गर्न अख्तियारी नरहेकोले मन्त्रालयले सोझै निकासा दिन मिल्दैन । त्यस स्वास्थ्य चौकीले प्राप्त रकमबाट खर्च भएको पुष्टी हुने विल भरपाई, प्रगति प्रतिवेदन लगायत खर्च प्रमाणित हुने अन्य कागजात पेश नगरेको हुँदा खर्चको यथार्थता यकिन गर्न सकिएन । निकासा दिए अनुसार तोकिएको काममा खर्च भएको प्रमाण कागजात, प्रगति प्रतिवेदन सहित आवश्यक प्रमाण कागजात पेश हुनुपर्दछ ।

२८. **कार्य विवरण बेगर कार्यालय स्थापना -** सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद) को २०७८।३।३ को स्वीकृति बमोजिम मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिको २०७८।६।१४ को निर्णय अनुसार कञ्चनपुर जिल्लामा प्रादेशिक स्वास्थ्य प्रबर्द्धन केन्द्र स्थापना गर्ने गरी विभिन्न १२ पदका लागि १४ कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको पाईयो । मन्त्रालयमातहत ८ अस्पताल, ९ स्वास्थ्य कार्यालय, ८ आयुर्वेदिक केन्द्र सहित सेती प्रादेशिक अस्पताल, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक आयुर्वेदिक चिकित्सालय गरी कुल ३१ निकायबाट स्वास्थ्य सेवा प्रवाह भई रहेको र शिक्षा सम्बन्धी काम गर्न मन्त्रालय मातहत सबै ९ जिल्लामा सामाजिक विकास कार्यालयसमेत सञ्चालनमा रहेका छन् । स्पष्ट कार्य विवरण र औचित्य बेगर उक्त केन्द्र स्थापना भएको देखिन्छ । सो कार्यालय २०७९ बैशाखमा स्थापना भएपछि तीन महिनाको अवधिमा रू.३८ लाख ७७ हजार खर्च भएको छ । नयाँ कार्यालय स्थापना गर्नु अगाडि पर्याप्त अध्ययन गरी अत्यावश्यक देखिएमा स्पष्ट कार्य विवरण सहित पाउने सेवा सुविधामा सुधार हुने सुनिश्चित भएको अवस्थामा मात्र मितव्ययी रुपमा प्रदेशका नागरिकको सहज सुविधाका लागि कार्यालय स्थापना गर्ने तर्फ प्रदेश सरकारको ध्यान जानुपर्दछ ।

२९. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) मा खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । शिक्षा निर्देशनालय डोटीले भागेश्वर माध्यमिक विद्यालयमा विद्यार्थी आवास भवन निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई नापी किताब अनुसार दोश्रो रनिङ्ग बिलको रू.१८ लाख ७४ हजार भुक्तानी दिनुपर्नेमा रू.२५ लाख ३२ हजार भुक्तानी गरेकोले बढि भुक्तानी दिएको रू.६ लाख ५८ हजार असुल हुनुपर्दछ।

३०. **अनुदान रकमको अनुगमन -** विभिन्न विद्यालयलाई अनुदान उपलब्ध गराउँदा सम्झौताको शर्त अनुसार निर्देशनालयले समय समयमा अनुगमन मूल्याङ्कन गर्नुपर्दछ । शिक्षा निर्देशनालय, डोटीले शैक्षिक सुदृढीकरण कार्यक्रम अर्न्तगत सामुदायिक क्याम्पसलाई पुस्तक, तलव, कम्प्यूटर मर्मत, सी. सी. टी. भी. खरिद गर्न रू.१ करोड ६४ लाख ७० हजार, परम्परागत तथा धार्मिक विद्यालयलाई पोशाक, आवाश, भोजन, तलव, फर्निचर आदिलाई रू.४८ लाख, विषेश शिक्षा सञ्चालित विद्यालयलाई फर्निचर, ईन्टरनेट पार्क, आई सी टी, शैक्षिक सामाग्री, कपडा, विस्तरा, वाद्यवादन सामग्री आदिलाई रू.४८ लाख र एस. ई. ई. परीक्षा सञ्चालन भएका ९० विद्यालयलाई फर्निचर व्यवस्थापन गर्न रू.१ करोड ८० लाख सहित दुई किस्तामा कुल रू.४ करोड ४० लाख ७० हजार अनुदान उपलब्ध गराएको छ । प्रथम किस्ता दिएको रकमबाट भएको कामको मूल्याङ्कनको आधारमा दोस्रो किस्ताको रकम निकासा दिनुपर्नेमा प्रथम किस्ताबाट भएको कार्यको अनुगमन, मूल्याङ्कन तथा विल भरपाई बेगर नै अन्तिम

किस्ताको भुक्तानी दिएको पाइयो । अनुदान रकम उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन मूल्याङ्कन गरी अनुदानको सदुपयोगको सुनिश्चितता हुनुपर्दछ ।

सेती प्रादेशिक अस्पताल

३१. **दरबन्दी तथा पदपूर्ति -** कार्यालयको काम प्रभावकारी रुपले सञ्चालन गर्न स्वीकृत दरबन्दी बमोजिम पदपूर्तिसमेत हुनुपर्दछ । कार्यालयबाट प्राप्त विवरणअनुसार यस अस्पतालका लागि १९२ दरबन्दी रहेकोमा ११७ पदपूर्ति भई प्रमुख मेडिकल सुपरिटेन्डेन्ट १ र विशेषज्ञ चिकित्सक १३ समेत कुल ७५ दरबन्दी रिक्त रहेको छ। स्वीकृत दरबन्दीमध्ये जनरल फिजिसियन, अब्सट्रेटिसियन एण्ड गाइनाकोलोजिस्ट, सर्जन, साइक्याट्रिष्ट, एनेस्थेसियोलोजिस्ट लगायतको पदपूर्ति भएको छैन। कार्डियोथेरासिस सर्जन, न्युरो सर्जन, नेफ्रोलोजिस्ट लगायतका चिकित्सकको दरबन्दी नै रहेको पाइएन। स्वीकृत दरबन्दी सबै पदपूर्ति नहुनु र अन्य आवश्यक दरबन्दी नै नराख्नु आदि अवस्थाले गुणस्तरीय सेवा प्रवाहमा कठिनाई परेको देखिन्छ । गुणस्तरीय सेवा प्रवाहको लागि सबै दरबन्दी पूर्ति गर्ने र अन्य स्वास्थ्य सेवा प्रदान गर्नका लागि थप चिकित्सकको समेत व्यवस्थापन गर्नुपर्दछ ।

३२. **अस्पतालको सेवा प्रवाह -** अस्पतालबाट प्राप्त विवरण अनुसार यस अस्पतालले यस वर्ष १ लाख ६ हजार ७६८ बिरामीलाई (आउट प्यासेन्ट डोर) ओ पी डी सेवा उपलब्ध गराएको छ । सोको अलावा अस्पतालले प्रसुति, सी ए सी, पी ए सी तथा ल्याव लगायत सेवा उपलब्ध गराउँदै आएको छ। यस बर्ष अस्पतालले सेवा दिएकामध्ये २७ हजार ३८६ विरामीलाई निःशुल्क सेवा उपलब्ध गराएको र ७ हजार ९८ जनाको प्रसुति सेवा उपलब्ध गराएको छ । अस्पतालमा आएका विरामीमध्ये अस्पतालले सेवा दिन नसक्ने भई अन्यत्र रेफर गरेको बिरामी संख्या अभिलेख व्यवस्थित नराखेकोले संख्या एकीन भएन । अस्पतालको सेवा प्रवाह गर्न भवन लगायत स्थान अपुग भएको, सरसफाई पर्याप्त रुपमा नभएको, विभिन्न कर्मचारी तथा प्राविधिक जनशक्ति अपर्याप्त भएको लगायत कारणले सेवा प्रवाहमा कठिनाई भएको अवस्था छ । यसमा सुधारका लागि सम्बन्धित सबैको ध्यान जान आवश्यक देखिन्छ ।

३३. **उपकरण तथा सामग्री खरिद -** कोभिड-१९ को दोश्रो लहर फैलिएसँगै कोभिड संक्रमित विरामीहरूको उपचार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौंले यस मन्त्रालयमार्फत यस अस्पतालको लागि एच डी यू स्तरोन्नति तथा सेवा विस्तारका लागि रू.६ करोड २५ लाख ४० हजार, आई सी यु/भेन्टिलेटरको लागि रू.६ करोड, पेड्रियट्रिक मोनिटर, पेड्रियट्रिक आई. सी. यू. का लागि रू.७ करोड २० लाख समेत कुल रू.१९ करोड ४५ लाख ४० हजारको बजेट सुनिश्चितता प्राप्त भए अनुसार रू.१६ करोड ३१ लाख ३५ हजारको लागत अनुमान स्वीकृत गरी विशेष परिस्थिति उल्लेख गरी ७ दिनको अवधि दिएर बोलपत्र माग गरी ७ आपूर्तकसँग स्वास्थ्य सामग्री खरिद गर्न १३ प्याकेजमा रू.१३ करोड ७६ लाख २१ हजारको ठेक्का सम्झौता गरी सोही बमोजिम भुक्तानी गरेको छ । उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-

३३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही सम्बन्धित सार्वजनिक

निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयलाई आधार मान्नुपर्ने उल्लेख छ । अस्पतालले स्थानीय बजारका सप्लायर्सबाट दररेट लिई औषत मूल्य कायम गरी लागत अनुमान तयार गरेको छ। अस्पतालले खरिद गर्न लागेका उपकरण तथा मालसामान अन्य सार्वजनिक निकायबाट खरिद भए नभएको तथा अस्पतालले सोही प्रकृतिको मालसामान पहिले खरिद गरे नगरेको सम्बन्धमा लागत अनुमान सम्बन्धी निर्णयमा उल्लेख गरेको छैन । लागत अनुमान तथ्यपरक र भरपर्दो छ भन्ने अवस्था रहेन ।

३३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा दशलाख रुपैंयाँभन्दा बढी रकमको खरिद गरेको भए त्यसरी खरिद गरेको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेमा सार्वजनिक सुचना प्रकाशन गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी पठाएको पाइएन । नियमले तोकेको प्रक्रिया कार्यान्वयनमा नल्याउनु मनासिव देखिएन । विषेश परिस्थितिमा खरिद गर्दा पालना गर्नुपर्ने प्रक्रिया पुरा नगरी खरिद गर्नु मनासिव देखिएन ।

३३.३. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ अनुसार विषेश परिस्थितिमा खरिद गर्दा तत्काल खरिद गरी कार्य सञ्चालन गर्ने देखिन्छ । विशेष परिस्थिति परेको भनी ७ दिनको अवधि दिई बोलपत्र माग गरेको तथा बढीमा २५ दिनको म्याद दिई खरिद सम्झौता गरेकोमा आपूर्तकलाई सहज हुने गरी १३ प्याकेजमध्ये ८ प्याकेजको म्याद ५७ दिन देखि २७० दिनसम्म (५९० देखि ३ हजार प्रतिशतसम्म) थप गरी काम सम्पन्न गरेको छ । विशेष परिस्थितिमा छोटो प्रक्रियाबाट खरिद प्रक्रिया सुरु गरेको कार्यलाई सामान्य अवस्थाको ठेक्कामा जस्तै गरी पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको देखियो । अस्पताल उपकरणहरू ढिला सप्लाई भएकोले कोभिड-१९ महामारी नियन्त्रण तथा उपचारमा ति उपकरणको उपयोग भएको देखिएन ।

३४. **हेमोडाइलासिस सेवा -** अस्पताल र एक हेल्थ केयर प्रा.लि बीच सम्झौता भई २०७५ ज्येष्ठबाट हेमोडाइलासिस सेवा सञ्चालन भएकोमा यस आर्थिक वर्षमा २११ बिरामीलाई न्यूनतम प्रतिव्यक्ति १ पटक देखि ४९० पटकसम्म गरी ७ हजार २११ पटक डाइलायसिस सेवा दिएको छ । जसमा प्रतिव्यक्ति प्रति सेसन रू.२ हजार ५०० का दरले रू.१ करोड ८० लाख २८ हजार खर्च भएकोमध्ये रू.५५ लाख ५५ हजार स्वास्थ्य सेवा विभागले सोधभर्ना नपठाएकोले उक्त प्रा.लि. लाई भुक्तानी हुन सकेको छैन । यस्तो अवस्थामा कार्य सञ्चालन गर्न कठिन भएको जनाई उक्त प्रा. लि. ले २०७९।८० मा सम्झौता नवीकरण नगरेकोले अस्पतालमा उपलब्ध १४ मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। सम्झौता अनुसार सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्नेमा रकम भुक्तानी गर्न नसकेको भनी सम्झौता नवीकरण नै नहुनु मनासिव देखिएन । उक्त सेवाको लागि आवश्यक बजेट व्यवस्था गरी सेवा प्रवाह हुनुपर्दछ ।

३५. **स्वास्थ्य बीमा** – यस अस्पतालबाट २०७८।७९ को स्वास्थ्य बीमा कार्यक्रम अर्न्तगत २० हजार ७६८ बिरामीलाई सेवा उपलब्ध गराई रू.६ करोड ४७ लाख ४१ हजार खर्च दावी गरेकोमा रू.२ करोड २९ लाख ३४ हजार प्राप्त हुन नसकेको देखियो । बीमा दाबी प्राप्त नहुनुमा उपचार भएको सात दिन भित्र दावी गर्नु पर्नेमा बिरामीको चाप धेरै भएको तथा सम्बन्धित फाँटमा जनशक्तिको अभावका कारण जनाई स्वास्थ्य बीमा केन्द्रीय कार्यालय टेकुमा ढिला गरी दावी पठाएको, विरामी पुर्जा तथा कार्डेक्स लगायतका कागजातहरूमा चिकित्सकबाट डाइग्नोसिस नलेखी औषधि सिफारिस भएको कारण डाइग्नोसिस अनुसारको औषधि मेल नखादा दाबी स्वीकार नगरेको, स्वास्थ्य प्याकेजको हकमा भर्ना भएका विरामीले सेवा लिएको रकम दावी गर्दा प्याकेजमा उल्लेख भएको रकमभन्दा लागत बढि लाग्ने केशमा प्याकेज अनुसारको रकममात्र दाबी हुने गरेको लगायतका कारण दाबी गरेको सबै रकम प्राप्त हुन सकेको देखिएन । तोकिएको अवधिमा बीमा दाबी नगरे रकम प्राप्त नहुने जानकारी हुँदाहुँदै समयमा दाबी नपठाउने कर्मचारीलाई जिम्मेवार बनाई बीमा दाबीका लागि आवश्यक कारबाही समयमै गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्न आवश्यक देखिन्छ ।

३६. **फार्मेसी सेवा** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र फार्मेसीको आय व्ययको हिसाब गर्ने, आयव्ययको हिसाब राख्दा नाफा भएको रकमको ९० प्रतिशत अस्पतालको मूल खातामा जम्मा गर्नुपर्ने, प्रत्येक आर्थिक वर्षको अन्त्यमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, बिक्री परिमाण तथा बाँकीको सन्तुलन परीक्षण हिसाब तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालको फार्मेसीबाट यस बर्ष रू.७ करोड ५८ लाख ६२ हजारको औषधि खरिद भएकोमा नगदमा रू.३ करोड ६२ लाख ६१ हजार र अस्पताल भित्रकै विभिन्न शाखालाई अस्पतालबाटै हिसाब मिलान हुने गरी उधारो रू.६ करोड ७२ लाख ६१ हजार गरी रू.१० करोड ३५ लाख २ हजार बिक्री गरी फार्मेसीमा रू.२ करोड ७६ लाख ४० हजार मुल्यका औषधी मौज्दात रहेको उल्लेख छ । अस्पतालले फार्मेसी सेवाको अलग्गै आय व्यय तथा लेखाङ्कन नगरी कार्य सञ्चालन कोषबाटै सञ्चालन गरी आएकोमा २०७९।२।१ बाट फार्मेसी सेवातर्फको अलग्गै कोष सञ्चालन गरेको जनाएकोले फार्मेसी सेवालाई भरपर्दो र विश्वसनीय बनाउनका लागि फार्मेसी सञ्चालनका लागि तोकिएको प्रक्रिया पुरा गर्दै सञ्चालन गर्न आवश्यक देखिन्छ । साथै उधारो असुल हुन बाँकी रकम समेत समयमै असुल उपर गरी फरफारक गर्नुपर्ने देखिन्छ ।

३७. **बिक्री मूल्य** - अस्पातलले सञ्चालन गरेको फार्मेसीले औषधि र औषधिजन्य सामग्रीको बिक्री मूल्य निर्धारण गर्दा खरिद मूल्यमा २० प्रतिशत नबढाई निर्धारण गर्नुपर्ने उल्लेख छ । तर यस अस्पतालले अधिकतम बिक्री मूल्य र खरिद मूल्यको औषत निकाली सोही मुल्यलाई बिक्री मुल्य कायम गरेको छ। यसरी मुल्य निर्धारण गर्दा निर्देशिकाले उल्लेख गरेभन्दा बढी वा घटी बिक्री मूल्य कायम हुन आएको देखियो । लेखापरीक्षणको क्रममा केही औषधिको बिक्री मुल्य परीक्षण गर्दा ७ प्रकारका औषधिमा निर्देशिका अनुसार हुनुपर्ने भन्दा घटी र १३ प्रकारका औषधिमा हुनुपर्ने भन्दा बढी मुल्य कायम गरे अनुसार प्रति इकाई रू.१७ घटी देखि रू.२१ बढीसम्म मुल्य निर्धारण गरेको पाईयो । अस्पतालले निर्देशिका बमोजिम औषधिको मूल्य निर्धारण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८. **असुल हुन बाँकी भाडा** - यस अस्पतालले आफ्नो स्वामित्वमा रहेका सटर, कोठालगायत २८ व्यक्ति तथा व्यवसायीलाई भाडामा लगाएको छ । उक्त भाडा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३८.१. कार्यालयले तयार गरी पेश गरेको विवरण अनुसार २०७९ श्रावणदेखि पौषसम्मको र आर्थिक बर्ष २०७८।७९ को कुल असुल हुन बाँकी रू.७१ लाख २४ असुल हुन बाँकी रहेको छ । प्रचलित कानुन अनुसार भाडामा दिँदा भाडा रकम अग्रिमरुपमा असुल गर्ने र सो हुन नसके भाडा रकमको बैंक जमानत लिनुपर्नेमा सो नगरी सम्झौता गर्ने र सम्झौता अनुसार भाडा रकम फरफारक नगरी अन्यत्र जाने अवस्था सृजना हुँदा असुलीका लागि उदासिन रहने अस्पतालका जिम्मेवार व्यक्तिलाई समेत जिम्मेवार बनाई सम्झौता तथा प्रचलित कानुन अनुसार थप रकम समेत गणना गरी असुल हुनुपर्दछ।

३८.२. उल्लेखित व्यवसायीसँगको सम्झौतामा संघीय सरकारलाई बुझाउनु पर्ने घर बहाल कर यस अस्पतालले र उपमहानगरमा बुझाउनु पर्ने २ प्रतिशत कर सहित अन्य करहरू भाडामा लिनेले नै बुझाउनु पर्ने गरी सम्झौता गरेको देखिन्छ । हाल सम्बन्धित नगरपालिकामा १० प्रतिशत बहाल कर बुझाउनु पर्ने व्यवस्था अनुसार अस्पतालले नै उक्त कर नगरपालिकामा बुझाउँदै आएकोले सम्झौता अनुसार बहालमा बस्नेले बुझाउनु पर्ने २ प्रतिशत कर नबुझाइ उन्मुक्ति पाएको देखियो । सम्झौता अनुसार बुझाउनुपर्ने कर अस्पतालले बुझाएकै आधारमा भाडामा लिने व्यक्तिलाई उन्मुक्ति दिनु मनासिव नदेखिएकोले २०७८।७९ मा बुझाएको रकमको २ प्रतिशतले हुने रू.१ लाख ४२ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

प्रदेश खेलकुद परिषद्, कैलाली

३९. **परामर्श सेवा खरिद -** सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३ बमोजिम गठन भएको खेलकुद परिषद्ले २०७८।४।१५ मा निम्न कार्यका लागि परामर्श सेवा लिई रू.५० लाख खर्च गरेको छ ।

(रकम रू.हजारमा)

क्र सं	कामको बिबरण	भुक्तानी पाउने	लागत अनुमान	भुक्तानी रकम	डी. पी. आर.बाट कायम लागत अनुमान
१	महेन्द्रनगरमा बहुउद्देशिय खेलकुद मैदान निर्माण	एक कन्सल्ट प्रा. लि.	१०,००	९,९८	२७,९३,२८
२	धनगढीमा अर्न्तराष्ट्रिय क्रिकेट खेलकुद मैदान निर्माणका	एक कन्सल्ट प्रा. लि.	२०,००	१९,८१	६४,७९,४०
३	टिकापुरमा खेलकुद मैदान निर्माणकालागि स्पोर्ट एकेडेमी निर्माण	एक इन्जिनियरिङ्ग कन्सल्टेन्सी	२०,००	१९,५२	१६,८४,९४
	जम्मा		५०,००	४९,३१	
	करारमा नियुक्त एक प्राविधिकको पारिश्रमिक लगायतको खर्च			६९	
	आर्थिक विवरण अनुसार कुल खर्च			५०,००	

उक्त परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३९.१. उक्त सबै कामको लागि एउटै प्याकेज बनाई खरिद गर्न सकिने अवस्थामा समेत तीन प्याकेज बनाएकोले खरिद कार्यमा प्रर्याप्त प्रतिस्पर्धा हुन सकेको देखिएन ।

३९.२. भवन लगायतका संरचना निर्माण गर्न प्रदेश सरकार मातहत शहरी विकास तथा भवन कार्यालय रहेको र यस प्रकारका प्राविधिक कामहरू सोही प्राविधिक कार्यालयबाट गराउँदा बढी प्रभावकारी, विश्वसनीय

र मितव्ययी समेत हुन सक्नेमा प्राविधिक जनशक्ति नै नभएको कार्यालयबाट प्राविधिक विषयको परामर्श सेवाको काम गराएको मनासिव देखिएन ।

३९.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६(५) मा मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन कार्य समाप्त नहुञ्जेल आर्थिक प्रस्ताव खोल्न नहुने उल्लेख छ । तर माथि उल्लेखित सबै कार्यका प्राविधिक र आर्थिक प्रस्ताव खुल्लारुपमा प्राप्त गरी प्राप्त प्रस्तावमा तोकिएको डी. पी. आर.को काम गर्न सक्ने प्राविधिक भएको प्रमाण कागजात लगायतका आवश्यक प्रमाण कागजात पेश नै नभएको अवस्थामा प्राविधिक प्रस्तावमा सबैलाई उतिर्ण देखाइ आर्थिक प्रस्तावको अंक समेत जोडेर उच्च अंक ल्याएको भनी सम्झौता गर्नुले परामर्श सेवा लिने कार्य पारदर्शी र मितव्ययीरुपमा भएको भन्ने अवस्था देखिएन ।

३९.४. परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियममा पेश्की दिने व्यवस्था रहेको छैन । परिषदले बैंक ग्यारेन्टी जमानत समेत नलिई तथा काम गरेको देखिने प्रमाण बेगर पेश्की समेत नजनाई तीन फर्मलाई कुल रू.२७ लाख ८२ हजार पेश्की दिएको पाइयो । यसरी नियम विपरित पेश्की दिने कार्य मनासिव देखिएन ।

३९.५. मन्त्रालयले परामर्श सेवाको लागत अनुमान तयार गर्दा टिम लिडरका लागि संघीय सरकारको राजपत्राँङ्कित द्वितिय श्रेणीको कर्मचारीले मासिक पाउने तलब रू.४० हजार ३८० लाई २.७ ले गुणा गरी मासिक पारिश्रमिक निर्धारण गरेको र स्ट्रक्चरल इन्जिनियर, आर्किटेक्ट र सिभिल इन्जिनियरका लागि राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीले पाउने मासिक पारिश्रमिक रू.३५ हजार ९९० लाई २.७ ले गुणा गरी मासिक पारिश्रमिक निर्धारण गरी लागत अनुमान तयार गरेको देखिन्छ । परिषद्ले उक्त परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले लिएको आधार नलिई स्पष्ट आधार बेगर टिम लिडरको लागि मासिक रू.४५ हजार र अन्य प्राविधिकको लागि मासिक रू.३ लाख ५० हजारसम्म लागत अनुमान तयार गरेको छ ।

३९.६. टिकापुरमा खेलकुद मैदान निर्माण गर्ने कार्यको कुल लागत अनुमान रू.१६ करोड ८५ लाख भएको कार्यलाई रू.१९ लाख ५२ हजार, महेन्द्रनगरमा गरिने कार्यको कुल लागत अनुमान रू.२७ करोड ९३ लाख भएको कार्यलाई रू.९ लाख ९८ हजार र धनगढीमा गरिने कार्यका लागि कुल लागत अनुमान रू.६४ करोड ७९ हजारका लागि रू.१९ लाख ५२ हजार भुक्तानी दिएर काम गराएको छ। उक्त व्यहोरा अनुसार थोरै लागत अनुमान भएको कार्यका लागि बढी र कम लागत अनुमान हुने कार्यका लागि बढी भुक्तानी हुने गरी काम गराउनुको कारण नखुलाएकोले प्राप्त बजेटको हाराहारीमा लागत अनुमान गरी काम गराएको भन्ने अवस्था देखिन्छ । यस्तो व्यहोरा अनुसार काम गराउनु मनासिव देखिदैन ।

३९.७. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क बमोजिम एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाइन गरेको वा अस्वभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार गर्ने जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा मनन गरी कन्सल्टेन्टलाई दोहोरो खर्च नपर्ने गरी डी. पी. आर.मा भएको त्रुटी सुधार तथा संशोधन गर्न लगाई एउटै आयोजनामा एउटै कामका लागि दोहोरो खर्च नगर्ने व्यवस्था मिलाउनका लागि २०७९।९।२६ को

माननीय मन्त्रीस्तरको निर्णय अनुसार भनी आर्थिक मामिला मन्त्रालयले २०७९।९।२६ मा सामाजिक विकास मन्त्रालयलाई पत्र पठाएकोमा उक्त पत्र अनुसार डी. पी. आर. पुनरावलोकन गर्न आवश्यक देखिएकोले दोहोरो खर्च नपर्ने गरी उल्लेखित डी. पी. आर. को काम सम्पन्न गरी सामाजिक विकास मन्त्रालयमा पेश गर्न पत्र पठाएको देखियो ।

उल्लेखित व्यहोराहरू तथा मन्त्रालयको पत्र समेतका आधारमा डी. पी. आर. तयारी गर्ने कार्यको लागत अनुमान देखि नै केही कमजोरी देखिएकोले त्यस्ता कमी कमजोरी र त्रुटीलाई सुधार गरी प्राप्त डी. पी. आर. का आधारमा निर्माण कार्य गर्दा कठिनाई नआउने सुनिश्चितता सहित मन्त्रालयको समेत सहमति रहेको प्रमाण पेश हुनुपर्दछ ।

४०. **खेल मैदान निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण सम्बन्धी काम गराउँदा सम्पन्न कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने, उपभोक्ता समितिको बैठकबाट खर्चका विल भरपाई लगायत अन्य कागजात अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सम्पन्न गरेका काम कामकारबाहीको सम्बन्धमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने, सार्वजनिक निकायबाट सहमति नलिई निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नहुने तथा निर्माण कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ ।त्यस्तै सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्ने उल्लेख छ । परिषदले यस बर्ष कैलाली र कन्चनपुरका कुल ११ खेल मैदानमध्ये ३ निर्माण व्यवसायीबाट रू.२८ लाख ९० हजार र ७ उपभोक्ता समितिबाट काम गराई कुल रू.१ करोड ४ लाख खर्च लेखेको छ । परिषद् कार्यालयमा प्राविधिक कर्मचारी नै नरहेको अवस्थामा कार्यालयले उपभोक्ता समितिले गरेको कामको यथार्थ मूल्याङ्कन तथा नापजाँच गरी काम भए गरेको छ भन्ने अवस्था देखिएन । यसरी निर्माण गराईएका खेलकुद मैदानको स्वामित्व नखुलाएको र सम्बन्धित स्थानीय तहको सिफारिस समेत लिएको देखिदैन। सामाजिक विकास मन्त्रालयले प्राविधिक कर्मचारीको दरबन्दी नै नरहेको खेलकुद परिषद्लाई निर्माण कार्यको अख्तियारी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४१. **भुक्तानी दिन बाँकीको कच्चावारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गते भित्र कार्यालय प्रमुख र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। यस कार्यालयले २०७५ फाल्गुन २९ देखि चैत्र ९ गतेसम्म सञ्चालित प्रथम मुख्यमन्त्री कप खेलकुद प्रतियोगिताको पुरस्कार रकम भनी कार्यक्रम सम्पन्न भएको ४ वर्ष पछि यो बर्ष रू.११ लाख २४ हजार भुक्तानी दिएको देखिन्छ । यस सम्बन्धमा सुदूरपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास परिषद्को २०७९।५।२ को पत्रबाट पुरस्कारका लागि सिफारिस भएका व्यक्तिका नामावली सहितको पत्र प्राप्त भए पनि पुरस्कार वितरण गरेपछि मात्र सिफारिस प्राप्त भएको देखियो । यस सम्बन्धमा यथार्थता यकिन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।

  - सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रू.३ करोड २४ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.८ हजार फर्स्यौंट भई रू.३ करोड २४ लाख ४५ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रू.१ करोड ७० लाख ५० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

  - समिति तथा अन्य संस्थामा लेखापरीक्षणबाट रू.१० करोड ६८ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.१९ लाख १७ हजार फर्स्यौंट भई रू.१० करोड ४९ लाख ६२ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रू.५० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

- **पाँच बर्षको कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.२२ अर्ब ९५ करोड ७१ लाख रहेकोमा रू.१६ अर्ब ८७ करोड १ लाख कुल खर्च भएको छ । उक्त खर्चमध्ये पूँजीगत खर्च रू.४ अर्ब ७४ करोड ५ लाख र चालु खर्च रू.१२ अर्ब १२ करोड ९६ लाख रहेको छ । कुल खर्च मध्ये पूँजिगत खर्च २८.१० प्रतिशत र चालु खर्च ७१.९० प्रतिशत रहेको छ । विगत ५ बर्षको औसत खर्च ७३.४८ प्रतिशत रहेको देखिन्छ ।

  प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये ६ ऐन, १ नियम, १ नीति, ३ गठन आदेश, ४९ कार्यविधि/ मापदण्ड / निर्देशिका समेत गरी कुल ६० कानुन निर्माण गरेको छ । स्वास्थ्य सम्बन्धी कार्यमा प्रयोग हुने २५२ भवन निर्माण, प्रदेश स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य, ३४ प्रदेश सभा निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण, खेलाडीहरूलाई सम्मान, संग्रहालय निर्माण सम्बन्धिको काम सुरु, वैदेशिक रोजगार सम्बन्धी जनचेतना तालिम सञ्चालन लगायतका कार्यहरू गरेको देखिन्छ ।

  यद्यपि संग्रहालय, प्राचिन स्मारक, सांस्कृतिक सम्पदा लगायत पुरातात्विक महत्वका स्थल, लोपोन्मुख, सिमान्तकृत, गरिब, जेष्ठ नागरिक, लक्षित, आवास सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन हुन नसकेको, महिला र नवजात शिशुलाई स्वास्थ्य सुरक्षा प्रदान गर्न प्रादेशिक प्रसुति अस्पताल स्थापना नभएको, विभिन्न नागरिक आन्दोलन तथा शसस्त्र द्वन्द्वबाट शहिद तथा घाइते परिवारका लागि विशेष आत्मनिर्भर कार्यहरू नभएको लगायतका कारणहरूले गर्दा मन्त्रालयले आफ्नो जिम्मेवारी बमोजिमका सबै कार्यहरू सम्पादन हुन सकेको पाइएन ।

  नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू, प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू र विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

प्रदेश लोक सेवा आयोग

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन प्रदेश सभाबाट २०७६।४।१५ मा प्रदेश लोकसेवा आयोग ऐन पारित गरे पश्चात २०७७।१२।४ गते आयोगको स्थापना भएको छ।

यो वर्ष आयोगको विनियोजन रू.५ करोड ३ लाख ६९ हजार, राजस्व रू.२ करोड ७९ लाख ३१ हजार, धरौटी रू.१ लाख ७९ हजार समेत रू.७ करोड ८४ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कानुन बमोजिमको कार्य** - सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १७ को उपदफा (५) (ख) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी तथा संगठित संस्थाको सेवा र स्थानीय सरकारी र संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा परामर्श लिनुपर्ने व्यवस्था भएतापनि परामर्श नलिई केही स्थानीय तहहरूमा कर्मचारी बढुवा गरेको देखिन्छ । प्रदेश अर्न्तगत तोकिएका सबै निकायले प्रदेश लोक सेवाले तोकेको प्रक्रिया पुरा गरेर मात्र नियुक्ति, बढुवा र विभागीय कारबाहीको प्रक्रिया सञ्चालन गर्ने व्यवस्था हुनुपर्दछ ।

२. **पदपूर्ति र दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को परिच्छेद ३ को दफा ६क, बमोजिम निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम हुने तथा दफा ७ बमोजिम पदपूर्ति हुने व्यवस्था छ। कार्यालयमा सहसचिव देखि श्रेणीविहीन तहसम्मको ४५ पद स्थायी दरबन्दी स्वीकृत भएकोमा १३ पद स्थायी पदपूर्ति भई ३२ पद रिक्त रहेको छ । रिक्त पदमध्ये ११ श्रेणीविहिन र ६ विविधतर्फका समेत १७ रहेकोमा १५ करार दरबन्दीभित्र र २ श्रेणिविहिन करार दरबन्दी बाहिरको कर्मचारीलाई नियुक्त गरी सेवा र परामर्श खर्चबाट रू.३ लाख ३३ हजार भुक्तानी गरेको छ । मुख्य पदमध्ये अधिकृत नवौं, अधिकृत सातौं, शिक्षा अधिकृत, कानुन अधिकृत, कम्प्युटर इन्जिनियर जस्ता पदहरू रिक्त भएकोमा पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ।

३. **आयोगको पहल** - प्रदेश लोक सेवा आयोगले प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने विभिन्न ऐन कानुनमा भएका व्यवस्थाहरूको सम्बन्धमा सम्बन्धित निकायका प्रमुखहरूलाई जानकारी गराएको छ । यसैगरी स्थानीय तहहरूलाई अवैधानिक तवरबाट कानुन बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरेको छ । प्रदेश सरकारका निकायबाट पदपूर्तिको लागि माग प्राप्त हुन सुरु भएको छ । प्रदेश अर्न्तगत ८८ स्थानीय तहमध्ये १९ ले पदपूर्तिको लागि माग नगरेको आयोगले जानकारी दिएको छ । सबै स्थानीय तहको पदपूर्तिको कार्य लोक सेवा आयोग मार्फत अगाडी बढाउनको लागि आयोगले अनुगमन समेत गर्नुपर्ने देखिन्छ।

४. **बार्षिक लक्ष्य तथा प्रगति -** आयोगको आर्थिक बर्ष २०७८।८९ को पदपूर्ति सम्बन्धी बार्षिक तालिका अनुसार विभिन्न पदको लागि विज्ञापन गरी सिफारस गर्ने लक्ष्य रहेकोमा आयोगले विभिन्न सेवा समूहका वन रक्षक, प्राविधिक सहायक, अ.न.मी., बैद्य, ल्याब असिस्टेन्ट, अ.हे.व., कोल्डचेन असिस्टेन्ट, सव इन्जिनियर लगायतका १२ पदमा ४५७ दरबन्दीको लागि विज्ञापन गरी दरखास्त लिएकोमा यो बर्ष कुनै पनि पदको लागि उम्मेदार छनौट गरी सिफारिस गरेको छैन । आयोगले वार्षिक कार्यतालिका अनुसार कार्य सम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष आयोगको लेखापरीक्षणबाट रू.१ लाख ४२ हजार बेरूजु देखिएको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले नेपालको संविधानको धारा १६० बमोजिम यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रू.१ करोड ५० लाख ३८ हजार, धरौटी रू.९७ हजारसमेत रू.१ करोड ५१ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दाको स्थिति** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट गत वर्षको बाँकी ३३ र यो वर्ष थप भएका २७ समेत ६० मुद्दा मध्ये सर्वोच्च अदालतमा ४६, उच्च अदालतमा १२ र जिल्ला अदालतमा २ मुद्दासम्बन्धी लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ५ मुद्दा फस्यौंट भई ५५ मुद्दा बाँकी रहेका छन् ।

२. **कानुनी राय** - नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने संवैधानिक एवं कानुनी व्यवस्था गरेको छ । सो अनुसार प्रदेश सरकारले तोके अनुसारको राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था मुख्य न्यायधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ मा उल्लेख भएअनुसार यस बर्ष कार्यालयले जम्मा ४ कानुनी राय उपलब्ध गराएको विवरण पेस गरेको छ ।

३. **हिरासत तथा थुनुवा कक्ष** - कारागार तथा हिरासत अनुगमन निर्देशिका, २०७० मा संघीय सरकार वा प्रदेश सरकारका तर्फबाट हिरासत वा थुनुवा कक्षमा रहेका नागरिक उपर मानवोचित व्यवहार भए नभएको वा नागरिक हकको हनन् भए नभएको वा त्यस्तो अधिकारको हनन् हुन नदिन हिरासत तथा थुनुवा कक्षको आवधिक अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । यो बर्ष कार्यालयले ५ कारागार कार्यालय र १ बाल सुधार गृहको अनुगमन गरी प्रतिवेदन पेश गरेको छ । प्रतिवेदन अनुसार कारागार कार्यालयहरूको थुनुवा क्षमता ४०० रहेकोमा ८३९ बन्दी रहेको र डोटी जिल्ला स्थित बाल सुधार गृहमा सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छ । निर्देशिका अनुसार गर्नुपर्ने अनुगमन गरी देखिएका व्यहोरा सम्बन्धमा प्रतिवेदन तयार गरी कार्यान्वयनको अवस्था समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति** - यो वर्ष कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, कार्यलाई लक्ष्य उन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सल्लाह र सुझाव दिनका लागि यो आयोगको गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रू.२ करोड १४ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना -** प्रदेश नीति तथा योजना आयोगले २०७८।७९ देखि २०८२।८३ सम्ममा कार्यान्वयन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको समेत गरी रू.९ खर्ब ३६ अर्ब ५८ करोड खर्चको अनुमान गरी प्रथम पञ्चबर्षिय योजना कार्यान्वयनमा ल्याएको छ । योजनाको पहिलो बर्षमा रहेको ३.६ प्रतिशतको वार्षिक आर्थिक वृद्धिलाई योजनाको अन्त्यमा १०.५ प्रतिशत पुऱ्याउने र प्रति व्यक्ति राष्ट्रिय आय अमेरिकी डलर ९१८ बाट १ हजार ७१५ पुर्‍याउने लक्ष्य निर्धारण गरेको छ । योजना कार्यान्वयन क्रममा दक्ष जनशक्तिको अभाव हुनु, पर्याप्त अध्ययन एवं पूर्व तयारी विनाका आयोजना बजेटमा समावेश गर्नु, चालू खर्चको तुलनामा पूँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसक्नु र आर्थिक अनुशासनको पालनामा कमी हुनु जस्ता सार्वजनिक खर्च व्यवस्थापनका प्रमुख समस्याको रुपमा औंल्याएको छ । त्यसैगरी खर्च गर्ने क्षमताभन्दा बढी बजेट माग हुनु, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु, क्रमागत आयोजनाको संख्या अधिक हुनु र आयोजना सुशासन कायम हुन नसक्नु जस्ता थप समस्याको रुपमा औंल्याएको छ । उक्त समस्याका कारणले पहिलो पञ्चबर्षीय योजना कार्यान्वयमा कठिनाई हुने हुँदा समस्या समाधान गरी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्यहरू पुरा गर्न सम्बद्ध निकायबीच समन्वय र सहयोगको वातावरण सृजना गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

२. **प्रदेश विकास परिषद -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ मा प्रदेश विकास परिषद् रहने व्यवस्था छ । समग्र प्रदेशको विकास निर्माण र समन्वय गर्ने कार्यमा प्रभावकारिता ल्याउन मुख्यमन्त्रीको अध्यक्षतामा परिषद्मा प्रदेशमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू, प्रदेश सरकारबाट मनोनित सदस्य रहेको प्रदेश विकास परिषद प्रदेश सरकारको २०७८।१२।९ को निर्णय अनुसार गठन भएको छ । परिषदको २०७८।१२।१४ मा बसेको प्रथम बैठकले प्रदेशको प्रथम पञ्चबर्षीय योजना स्वीकृत गरेकोमा थप बैठक बसेको छैन । समग्र प्रदेशको विकास निर्माण र समन्वय गर्ने कार्यमा प्रभावकारिता ल्याउन परिषद्को बैठक बसी आवश्यक समन्वय र सहकार्य गरी समग्र प्रदेशको विकास निर्माण लगायतका कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

३. **मध्यममकालिन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१) मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको

आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ लाई आधार मानी २०७९।८० देखि २०८१।८२ सम्मको लगि रू.१ खर्ब २१ अर्ब ६३ करोड खर्च हुने अनुमान गरेता पनि सो अनुसार कार्य सम्पादनको प्रक्रिया अगाडि बढाउन विषयगत मन्त्रालयलाई सुझाव दिएको छैन । त्यस्तै सोअनुसार भएका कामको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । प्रदेशको आवधिक योजना कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना अनुसार प्रदेशको आर्थिक, सामाजिक विकासमा अपेक्षित परिणाम देखिने गरी कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार काम गर्न गराउन आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

४. **अनुगमन तथा मूल्याङ्कन निर्देशिका** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ अनुसार अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य जिम्मेवारी आयोगलाई तोकेको छ। आयोगले सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ तयार गरी लागू गरेको छ। निर्देशिकाले तोके अनुसार अनुगमन सम्बन्धी कार्यका लागि विद्युतीय अनुगमन प्रणाली लगायत अनुगमनका विभिन्न प्रणाली कार्यान्वयन गर्दै तोकिएको ढाँचामा विभिन्न फाराम प्रयोगमा ल्याई निर्देशिकाको बुँदा नं. २२ बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको विष्लेषण गरी त्यसमा देखिएका कमी कमजोरीमा सुधारका लागि आवश्यक कारबाही गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन। अनुगमन तथा मूल्याङ्कन निर्देशिकामा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

५. **कार्य सम्पादन करार** - बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी प्रदेश सरकारको २०७८।७९ बजेट वक्तव्यको बुँदा नं. २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख छ । सो अनुसार कार्यसम्पादन करार गरेको छैन । कानुनी व्यवस्था अनुसार कार्यसम्पादन गरी प्रतिफलको सुनिश्चितता हुनुपर्दछ ।

६. **दरबन्दी तथा पदपूर्ति** - कार्यालयको काम प्रभावकारी रुपले सञ्चालन गर्न स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ । कार्यालयमा १८ स्थाई दरबन्दी रहेकोमा ३ स्थायी र करारबाट ७ सहित १० पदपूर्ति भई अधिकृत स्तरका ३, सहायकस्तर ५ समेत कुल ८ दरबन्दी रिक्त रहेको पाइएकोले रिक्त दरबन्दी पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ ।

७. **दीगो विकास लक्ष्य** - आयोगले दीगो विकासका लक्ष्यहरूको आधार सूचकाँक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छैन । दीगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी मध्यकालीन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी योजना कार्यान्वयनको अवस्था मूल्यांकन गर्नुपर्दछ ।

८. **आयोजनाको वर्गिकरण र आयोजना बैंक** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ दफा १५क मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना

प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसारको कार्य आयोगबाट गरेको देखिएन । ऐनले तोके अनुसार आयोजना बैंक तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मक रुपमा उच्च प्रतिफल र परिणाम हासिल हुन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनुपर्दछ ।

९. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी. एल. एम. बी. आई. एस.) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राबिधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यबस्था छ । जिल्ला स्तरीय आयोजना, आर्थिक मामिला मन्त्रालयको नीति भित्र रही सम्बन्धित मन्त्रालयका सचिब र प्रदेश स्तरिय आयोजना आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । तर उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ ।

१०. **आवधिक योजनाको समीक्षा -** प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना प्रदेश सरकारबाट २०७८।७९ देखि कार्यान्वयनमा आउने गरी २०७९।५।३० मा स्वीकृत भएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्षको लागि तोकिएका लक्ष्य पुरा गर्नुपर्दछ । आयोगले यो वर्षका लागि तोकिएका सूचक र सोको प्रगतिको समीक्षा गरेको छैन । वार्षिक रुपमा तोकिएका सूचक बमोजिम नतिजा हासिल गर्न नसकेमा योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू पुरा हुनसक्ने देखिदैन । कार्ययोजना बमोजिम तोकिएका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष आयोगको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

परिच्छेद-४
प्रतिवेदन कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३५(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ र २०७९ प्रदेश सभामा पेस नभएको तथा वार्षिक प्रतिवेदन २०७७ र २०७८ प्रदेश सभामा पेस भएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन, २०७७ उपर प्रदेश लेखा समितिमा मिति २०७९।३।२६ देखि २०७९।५।१४ मा छलफल सम्पन्न भएको छ । अन्य प्रतिवेदनसमेत समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १४४ (विनियोजन तर्फ १ समितिको वक्यौता समेत) निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रू.८१ करोड १६ लाख ५१ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ६ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई लगती दफा १६ बाट रू.५९ लाख ७० हजार फर्स्यौंट भई रू.८० करोड ५६ लाख ८१ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १३ निकायको रू.११ करोड ५८ लाख ९ हजारमा २ निकायको प्रतिक्रियाबाट रू.१९ लाख १७ हजार फर्स्यौंट गरेकोले रू.११ करोड ३८ लाख ९२ हजार बेरुजु बाँकी रहेको छ ।

गत वर्ष प्रदेश सरकारी निकाय र अन्य संस्था तथा समितितर्फको रू.१ अर्ब ५४ करोड ९६ लाख २० हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रू.७ करोड ७२ लाख ३३ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ४७ करोड २३ लाख ८७ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोवारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउन सकिन्छ । प्रदेश कार्यालयहरू संञ्चालनको सुरुवाति चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना नभएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सार्वजनिक खरिद लगायत विद्यमान कानुनको पालनामा कमजोरी रहेको, अनुगमन तथा मूल्याङ्कन कमजोर देखिएकोले बेरुजु आउने गरेको पाइन्छ। माथिका पक्षहरूलाई विचार गरी प्रचलित कानुनहरूको प्रभावकारी पालना, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको पालना, गुणस्तरीय खरिद तथा निर्माण, कर्मचारीमा जिम्मेवारी र जवाफदेहिता वहनको स्थितिमा बढोत्तरीको माध्यमबाट आर्थिक अनुशासन, मितव्ययीता, पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गरी बेरुजु न्यून गर्न सकिन्छ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन लगायतका कार्यहरु गर्नुपर्दछ । प्रदेश सरकार गठन भई पाँच वर्षको अवधि पुरा गरेकोमा स्रोत साधन प्राप्ति, उपयोग तथा परिचालन र सोबाट प्राप्त प्रतिफलमा अध्ययन विश्लेषण गर्दा केही सकारात्मक सुधारहरु देखिएका छन् । सोलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारका कार्य सञ्चालन गर्न देहायका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **कानुन तर्जुमा र कार्यान्वयन -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका कानुनहरु तर्जुमा गरेको छ । सोका अतिरिक्त अझैपनि केही कानुनहरु तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । आवश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

२. **कानुनको कार्यान्वयन -** विद्यमान प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता, पारदर्शिता कायम गर्ने गरी प्रदेशले कार्यसञ्चालन गर्नुपर्दछ । कानुन पालना नगर्ने कर्मचारी एवं पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

३. **सेवा र सुविधा -** कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्नुहुँदैन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ ।

- **संगठन तथा मानव संशाधन व्यवस्थापन**

४. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माण लगायतका कार्यसम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ । तसर्थ दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

५. **संगठन संरचना –** संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागि समेत प्रदेशले छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

६. **सेवा प्रवाह -** सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वकतवरले सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था

कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहमा सुधार गर्दै जानुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको छनोट तथा प्राथमिकीकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च तथा बजेटबीच तादाम्यता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ ।

८. **अध्ययन प्रतिवेदन** – संगठनको जनशक्तिबाट नै तयार गर्न सकिने कार्य समेत परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

९. **बजेट तर्जुमा** - क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवाला तथा जनसहभागिता लगायत पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

१०. **बजेट अनुशासन** - बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोही अनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा अधिक बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

११. **विनियोजन दक्षता** - बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरुको विनियोजन दक्षता कमजोर देखिन्छ । क्षमता विश्लेषण गरी बजेट विनियोजन गर्नुका साथै बजेट कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ।

१२. **अनुदानको उपयोग** - प्रदेशले अनुदान प्रदान गर्दा उद्यमशीलता, क्षमता विकास, व्यावसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धन जस्ता नीति लिइनु पर्दछ । उत्पादन र उत्पादकत्व अभिवृद्धिमा आधारित भई नतिजा आकलन पश्चात मात्र अनुदान दिने व्यवस्था गरिनुपर्दछ ।

१३. **चालु खर्चमा नियन्त्रण** - प्रदेश सरकारको चालु खर्च वर्सेनि बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना तयार गर्नुका साथै फजुल खर्च नियन्त्रण गर्नुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१५. **नर्म्स** - निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ । प्रदेश सरकारले तयार गरेको नर्म्सका आधारमा खर्च गर्नेतर्फ मन्त्रालयहरुको ध्यान जानुपर्दछ ।

१६. **खरिद सम्झौता कार्यान्वयन** - खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तर्निकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमन प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

१७. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिद प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्वन गर्नुपर्दछ ।

१८. **निर्माण कार्य सम्पन्न** - निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट वञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्ने, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमन प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

१९. **उपभोक्ता समितिबाट कार्य** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाईका साथ नियन्त्रण गरिनुपर्दछ ।

२०. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

- **सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण**

२१. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा अतिक्रमण हुन नदिई संरक्षण गर्नुपर्दछ ।

- **राजस्व परिचालन**

२२. **आन्तरिक राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य गर्नुहुँदैन ।

२३. **विभाज्य कोष** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलन प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

- **भौतिक पूर्वाधार विकास**

२४. **पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२५. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

- **संघीयता कार्यान्वयन**

२६. समन्वय – विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकण गर्नुपर्दछ ।

२७. **प्रदेश समन्वय परिषद** – प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषदले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

- **वित्तीय प्रशासन तथा आर्थिक अनुशासन**

२८. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणबीच समन्वय बढाउनुपर्दछ ।आन्तरिक लेखापरीक्षणमा औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नेगरी निकायहरुले भूमिका खेल्नुपर्दछ ।

२९. **आचारसंहिता** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृति अनुरुपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३०. **जिम्मेवारी र जवाफदेहिता** - आर्थिक कार्यविधि ऐन अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, राजस्व दाखिला, आय-व्यय तथा पेस्की फर्स्यौटका प्रमाणहरू व्यक्तिको जिम्मा रहने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३१. **प्रतिवेदन कार्यान्वयन -** संवैधानिक निकायले पेस गरेका प्रतिवेदन संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिक लगायतका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराको सम्बन्धमा सयममा कारवाही टुङ्गो लगाई प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्दछ ।

३२. **अनुगमन र मुल्याङ्कन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	**मन्त्रालय / निकायको नाम**	**कार्यालय सङ्ख्या**	**बेरुजु भएका कार्यालयको सङ्ख्या**	**बेरुजु**
१	प्रदेश सभा सचिवालय	१	१	७९५
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	३५३
३	सामाजिक विकास मन्त्रालय	३८	२९	३२४४५
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (१ बक्यौता समेत)	३०	२२	८२६०४
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	२८००८२
६	आर्थिक मामिला मन्त्रालय	११	५	२१३
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	२७	२३२२१९
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२९	२५	१७६८२८
९	प्रदेश लोक सेवा आयोग	१	१	१४२
१०	प्रदेश नीति तथा योजना आयोग	१	१	०
	जम्मा	**१४४**	**११४**	**८०५६८१**

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०७८।७९

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	संख्या
सरकारी कार्यालयतर्फ		
१.	**प्रदेश सभा सचिवालय**	**१**
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	४
२.१.	मन्त्रिपरिषद् सचिवालय	१
२.२.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१
२.३.	प्रादेशिक सुशासन केन्द्र	१
२.४.	ग्रामीण विकास प्रशिक्षण केन्द्र	१
३.	**सामाजिक विकास मन्त्रालय**	४८
३.१.	मन्त्रालय	१
३.२.	शिक्षा विकास निर्देशनालय	१
३.३.	स्वास्थ्य निर्देशनालय	१
३.४.	शिक्षा तालिम केन्द्र	१
३.५.	स्वास्थ्य तालिम केन्द्र	१
३.६.	स्वास्थ्य आपूर्ति केन्द्र	१
३.७.	व्यवसायिक तथा सीप विकास तालिम केन्द्र	२
३.८.	स्वास्थ्य कार्यालयहरू	९
३.९.	आयुर्वेद केन्द्र	९
३.१०.	अस्पताल विकास समिति	९
३.११.	सामाजिक विकास कार्यालयहरू	९
३.१२.	जनस्वास्थ्य प्रयोगशाला	१
३.१३.	प्रदेश खेलकुद परिषद्	१
३.१४.	प्रदेश युवा परिषद्	१
३.१५.	प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र	१
४.	**उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय**	**३०**
४.१.	मन्त्रालय	१
४.२.	प्रदेश वन निर्देशनालय	१
४.३.	उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
४.४.	वन अनुसन्धान तालिम केन्द्र	१
४.५.	प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई	१
४.६.	घरेलु तथा साना उद्योग कार्यालय	९
४.७.	डिभिजन वन कार्यालयहरू	१०
४.८.	भू- जलाधार व्यवस्थापन कार्यालयहरू	२
४.९.	पर्यटन विकास समिति (एक बक्यौता समेत)	४

५.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
६.	**आर्थिक मामिला मन्त्रालय**	**११**
६.१.	मन्त्रालय	१
६.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
६.३.	प्रदेश लेखा इकाई	८
६.४.	स्वरोजगार विकास कोष	१
७.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**३०**
७.१.	मन्त्रालय	१
७.२.	यातायात पूर्वाधार विकास निर्देशनालय	१
७.३.	यातायात व्यवस्था कार्यालय	४
७.४.	पूर्वाधार विकास कार्यालय	६
७.५.	शहरी विकास तथा भवन कार्यालय	३
७.६.	खानेपानी तथा सरसफाई डिभिजन	४
७.७.	जलस्रोत तथा सिँचाइ विकास डिभिजन	९
७.८.	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन	१
७.९.	सिँचाइ व्यवस्थापन कार्यालय	१
८.	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२९**
८.१.	मन्त्रालय	१
८.२.	कृषि विकास निर्देशनालय	१
८.३.	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१
८.४.	पशु तालिम केन्द्र	१
८.५.	कृषि व्यवसाय प्रवर्द्धन तथा सहयोग तालिम केन्द्र	१
८.६.	बाली संरक्षण प्रयोगशाला	१
८.७.	बिउबिजन प्रयोगशाला	१
८.८.	माटो तथा मल परीक्षण प्रयोगशाला	१
८.९.	कृषि ज्ञान केन्द्र	९
८.१०.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	९
८.११.	मत्स्य विकास केन्द्र	१
८.१२.	तरकारी विउ तथा जर्मप्लाज्म सम्वर्द्धन केन्द्र	१
८.१३.	रजिष्ट्रार अधिकारीको कार्यालय	१
९.	**प्रदेश लोकसेवा आयोग**	**१**
१०.	**प्रदेश नीति तथा योजना आयोग**	**१**
जम्मा		**१५६**

द्रष्टव्य — सामाजिक विकास मन्त्रालयको एक अस्पतालको सरकारी कार्यालय तर्फ र समिति तर्फ गरी २ प्रतिवेदन जारी भएकोले लेखापरीक्षण गरिएका कार्यालय संख्या १५७ कायम भएको छ ।

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०७८।७९

(रू.हजारमा)

क्रसं.	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१४१७९५	१	१४१७९५	१	१५८	१	१५८	१	१९७५	१	१९७५	१	८	१	८	१४३९३६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२	९८१४०	२	९८१४०	२	१२४	२	१२४	२	१३०३	२	१३०३	२	४०७७७	२	४०७७७	१४०३४४
३	आर्थिक मामिला मन्त्रालय	११	२०३८२४७	११	२०३८२४७	११	९१११९९६	११	९१११९९६	११	३०५१	११	३०५१	११	१७९३७	११	१७९३७	१११७१२३१
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३१	१७४९९२५	३०	१७४५१८३	३०	३३९९०	३०	३३९९०	३०	७६०४१२	३०	७६०४१२	३०	८३३४०	३०	८३३४०	२६२२९२५
५	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२९	२२०९६३१	२९	२२०९६३१	२९	२२०१३	२९	२२०१३	२९	६२०१९	२९	६२०१९	२९	१२३१७७	२९	१२३१७७	२४१६८४०
६	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	५४२७९९	१	५४२७९९	१	२२१५	१	२२१५	१	१५०८०	१	१५०८०	१	३२३९८७	१	३२३९८७	८८४०८१
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	९०१९६९८	३०	९०१९६९८	३०	२३८३१९	३०	२३८३१९	३०	१२०८५९४	३०	१२०८५९४	३०	४१४१	३०	४१४१	१०४७०७५२
८	सामाजिक विकास मन्त्रालय	३८	३६७५०८१	३८	३६७५०८१	३८	१०८९६	३८	१०८९६	३८	२१९४७७	३८	२१९४७७	३८	३३९३	३८	३३९३	३९०८८४७
९	प्रदेश नीति तथा योजना आयोग	१	२१४९४	१	२१४९४	१	०	१	०	१	०	१	०	१	०	१	०	२१४९४
१०	प्रदेश लोकसेवा आयोग	१	५०३६९	१	५०३६९	१	२७९३१	१	२७९३१	१	१७९	१	१७९	१	०	१	०	७८४७९
	जम्मा	१४५	१९५४७१७९	१४४	१९५४२४३७	१४४	९४४७६४२	१४४	९४४७६४२	१४४	२२७२०९०	१४४	२२७२०९०	१४४	५९६७६०	१४४	५९६७६०	३१८५८९२९

द्रष्टव्यः उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको १ निकायको २०७७।७८ को बक्यौंता लेखापरीक्षण अङ्क समेत समावेश गरिएको छ ।

अनुसूची- २)क(

(प्रतिवेदनको परिच्छेद ३ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण बक्यौता रहेका निकायहरूको विवरण -

२०७८।७९

(रू.हजारमा)

सि.नं.	मन्त्रालय	कार्यालय	बक्यौदा रहेको वर्ष	विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
	सरकारी कार्यालयतर्फ							
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	शहरी विकास तथा भवन कार्यालय, डोटी	२०७७।७८	१०४४७७	८	७४५६	०	१११९४१
	समितितर्फ							
१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७७।७८	०	०	०	नखुल्ने	नखुल्ने
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	बडिकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७८।७९	४७४२	०	०	नखुल्ने	४७४२
		जम्मा		**१०९२१९**	**८**	**७४५६**	**०**	**११६६८३**

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता बर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था)	११	११	११	११	३५७१६१९	
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समिति तथा अन्य संस्था)	२	२	२	२	१८९८१३	
	जम्मा	**१३**	**१३**	**१३**	**१३**	**३७६१४३२**	

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

आय व्यय हिसाव तयार गर्ने समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
२०७८।७९

(रू.हजारमा)

क्र.स.	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा											यो वर्षको मौज्दात	वर्षान्तको मौज्दात
					बर्षको शुरुको मौज्दात	आय				व्यय							
						बिक्री र सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
सामाजिक विकास मन्त्रालय																	
१	जिल्ला अस्पताल, डोटी	२०७८/७९	२४३१९७	२७८१९	७७७९	१२०७१	१०३४३७	६४९४	१२२००२	६३०७८	३४४३१	२३६८३	३	१२११९५	८०७	८५८६
२	जिल्ला अस्पताल, दार्चुला	२०७८/७९	१८१९८५	८६५	४१४५	१४१३१	७६२७५	५५५	९०९६१	०	९०५७६	०	४४८	९१०२४	-६३	४०८२
३	जिल्ला अस्पताल, बाजुरा	२०७८/७९	१५७२२६	६२१२	३३६३	१३४९३	५८७७६	१००४१	८२३१०	८१३७	११८७२	३८५१७	१६३९०	७४९१६	७३९५	१०७५७
४	जिल्ला अस्पताल, बैतडी	२०७८/७९	२०३९९५	१५८७	५४७६	१५९०३	८६२५२	४६४	१०२६१९	०	१४९९७	०	८६३७९	१०१३७६	१२४३	६७१९
५	टिकापुर अस्पताल, कैलाली	२०७८/७९	४६५३७९	९०९२	१७६३८	९६७३९	१३८२७०	४५९	२३५४६८	१३८२७०	९१६४१	०	०	२२९९११	५५५६	२३१९५
६	प्रदेश खेलकुद परिषद धनगढी	२०७८/७९	१३४७५२	७५७९	११२५	११५	६६७१५	८३	६६९१३	१८८४९	३७५७३	४६९३	६७२४	६७८३९	-९२६	१९९
७	प्रदेश युवा परिषद धनगढी	२०७८/७९	६२८०२	९०	०	०	८२७	३०५९०	३१४१७	१५४८	२६७५७	२२५३	८२७	३१३८५	३१	३२
८	महाकाली अस्पताल, कञ्चनपुर	२०७८/७९	१८९९४५	२९	१७७४२	०	०	९४६७८	९४६७८	०	०	०	९५२६७	९५२६७	-५८८	१७१५४
९	सेती प्रादेशिक अस्पताल, धनगढी	२०७८/७९	१६३६११४	३५४२६	२६१९७	१४२७०	५०३११७	३०४२२५	८२१६१२	१७७०४६	१९११७१	१४७४७६	२९८८०९	८१४५०२	७१०९	३३३०७
१०	जिल्ला अस्पताल, अछाम	२०७८/७९	१६१९५	१३६७	३१९१	४४४२	२५०	३३६१	८०५३	३३७८	११७३	२५३८	१०५३	८१४२	-८९	३१०२
११	जिल्ला अस्पताल, बझाङ्ग	२०७८/७९	२८००२९	१४८९६	४००४	२०१७८	११९४९२	१५०	१३९८२०	१८६३१	१२१२३४	०	३४४	१४०२०९	-३८९	३६१५
	जम्मा		**३५७१६१९**	**१०४९६२**	**९०६६०**	**१९१३४२**	**११५३४११**	**४५११००**	**१७९५८५३**	**४२८९३७**	**६२१४२५**	**२१९१६०**	**५०६२४४**	**१७७५७६६**	**२००८६**	**११०७४८**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय									०							०
१२	प्रादेशिक सुशासन केन्द्र डोटी	२०७८/७९	१७९७४५	८८७२	०	०	८९२२१	११८८	९०४०९	१८३५०	७००१६	८५६	११४	८९३३६	१०७४	१०७३
१३	ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी	२०७८/७९	१००६८	५८	०	१०३	५०३४	०	५१३७	०	३७०	४६६४	०	५०३४	०	१०३
	जम्मा		**१८९८१३**	**८९३०**	**०**	**१०३**	**९४२५५**	**११८८**	**९५५४६**	**१८३५०**	**७०३८६**	**५५२०**	**११४**	**९४३७०**	**१०७४**	**११७६**
	कुल जम्मा		३७६१४३२	११३८९२	९०६६०	१९१४४५	१२४७६६६	४५२२८८	१८९१३९९	४४७२८७	६९१८११	२२४६८०	५०६३५८	१८७०१३६	२११६०	१११९२४

अनुसूची-५

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.५ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	गत बर्षसम्मको बाँकी	२०७७।७८ सम्मको मोबिलाइजेशन समायोजन	२०७७।७८ सम्मको बाँकी	यो वर्ष फर्स्यौट	गत बर्षसम्मको बाँकी	यो बर्ष थप	लगती जम्मा	यस वर्षको म्याद ननाघेको मोविलाइजेशन पेस्की	कुल जम्मा
१	सरकारी कार्यालयतर्फ	१००८०७५	६५२३२४	३५५७५१	४२२६५	३१३४८६	९७४७२	४१०९५८	५१५७४५	९२६७०३
२	समिति तथा अन्य संस्थातर्फ	२८१५८	८२९४	१९८६४	०	१९८६४	५०	१९९१४	०	१९९१४
जम्मा		**१०३६२३३**	**६६०६१८**	**३७५६१५**	**४२२६५**	**३३३३५०**	**९७५२२**	**४३०८७२**	**५१५७४५**	**९४६६१७**

अनुसूची-६
(प्रतिवेदनको परिच्छेद २ को दफा ३.६ सँग सम्बन्धित)

कुल असुली विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	मन्त्रालय / निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कुल जम्मा
१	सरकारी कार्यालयतर्फ	५२२२	३५५	२९९६	८६७३
२	समिति तथा अन्य संस्थातर्फ	०	०	७३९	७३९
जम्मा		**५२२२**	**३५५**	**३७३५**	**९३१२**

अनुसूची-७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७८।७९

(रू.हजारमा)

सि.नं.	मन्त्रालय / निकायको नाम	असुल गर्नुपर्ने		असुल भएको		असुल गर्न बाँकी रकम
		कार्यालय सङ्ख्या	रकम	कार्यालय सङ्ख्या	रकम	
१	सरकारी कार्यालयतर्फ	१६	१६९४	०	०	१६९४
२	समिति तथा अन्य संस्थातर्फ	२	१३९	०	०	१३९
जम्मा		**१८**	**१८३३**	**०**	**०**	१८३३

अनुसूची-८

(प्रतिवेदनको परिच्छेद १ को दफा ७ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०७८।७९

(रू.हजारमा)

राजश्व संकेत	राजश्व शीर्षक	रकम
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	४०६३४६
११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	६१५१८५१
११४२१	बाँडफाँटबाट प्राप्त हुने अन्तः शुल्क	१९१९४६९
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	३४६०३४
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	८७१
११६२१	व्यावसाय बाहेक अन्यले भुक्तानी गर्ने	५
१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	४१२
१४१५३	बाँडफाँट भई प्राप्त वन रोयल्टी	४९०९०
१४१५४	बाँडफाँट भई प्राप्त खानी तथा खनिजसम्बन्धी रोयल्टी	२५६
१४१५६	बाँडफाँट भई प्राप्त विद्युतसम्बन्धी रोयल्टी	१०२३२
१४१५७	बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	३४६२
१४१५८	बाँडफाँट भई प्राप्त पर्वतारोहणबापतको रोयल्टी	११
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	११६४८
१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	९३७
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	१४३
१४२२१	न्यायिक दस्तुर	३१
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	४५७
१४२२४	परीक्षा शुल्क	६४९
१४२२५	यातायात क्षेत्रको आम्दानी	२५१२६
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४७३६३
१४२५३	व्यवसाय रजिष्ट्रेशन शुल्क	२६६२९
१४२५६	चालक अनुमतिपत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर	१८५२९४
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	२९३
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	२७०३
१४३१३	धरौटी सदरस्याहा	१८४२
१४५११	बीमादावी प्राप्ती	२६०
१४५२९	अन्य राजश्व	१०२६
१५१११	बेरुजु	३२१४१
१५११२	निकाशा फिर्ता	४८६
१५११३	अनुदान फिर्ता	२२४३३५
	प्रदेश सञ्चित कोषतर्फको जम्मा	**९४४९४०२**
३३३४१	सवारी साधन कर	५६४४५२
३३३६१	वन क्षेत्रको रोयल्टी	१६४४४८
	विभाज्य कोष तर्फको जम्मा	**७२८९००**
	जम्मा	**१०१७८३०२**

अनुसूची-९

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण

२०७८।७९

(रू.हजारमा)

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू						
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेश्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	प्रदेश सभा सचिवालय	२५	६	७९५	०	०	०	२५	६	७९५	५१५	२२१	६०	०	०	२८१	०
२	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३१	६	४८८८	०	२	४५३५	३१	४	३५३	३	३३६	१४	०	०	३५०	०
३	आर्थिक मामिला मन्त्रालय	५२	१६	४९२	०	१	२७९	५२	१५	२१३	०	०	२१३	०	०	२१३	०
४	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	१४८	१०५	८२६०४	०	०	०	१४८	१०५	८२६०४	२८९७	२१४२४	५४१४६	०	०	७५५७०	४१३७
५	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२२३	२७२	१७७२७८	०	२	४५०	२२३	२७०	१७६८२८	१०६६२	१०८०२	१५०८६३	०	०	१६१६६५	४५००
६	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३७	५७	२८००८२	०	०	०	३७	५७	२८००८२	१४७७	१२९५	२७३६५६	०	०	२७४९५१	३६५४
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	४९७	३६६	२३२९१७	०	७	६९८	४९७	३५९	२३२२१९	२०२५९	५५००४	८८८२५	०	०	१४३८२९	६८१३१
८	सामाजिक विकास मन्त्रालय	१६९	६६	३२४५३	०	४	८	१६९	६२	३२४४५	३२१२	४९४३	७२४०	०	०	१२१८३	१७०५०
९	प्रदेश नीति तथा योजना आयोग	१४	०	०	०	०	०	१४	०	०	०	०	०	०	०	०	०
१०	प्रदेश लोकसेवा आयोग	९	३	१४२	०	०	०	९	३	१४२	०	०	१४२	०	०	१४२	०
	जम्मा	**१२०५**	**८९७**	**८११६५१**	**०**	**१६**	**५९७०**	**१२०५**	**८८१**	**८०५६८१**	**३९०२५**	**९४०२५**	**५७५१५९**	**०**	**०**	**६६९१८४**	**९७४७२**

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

आय व्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजु वर्गिकरण

२०७८।७९

(रू.हजारमा)

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू						जम्मा पेश्की
		दफा संख्या			दफा संख्या			दफा संख्या			असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने				जम्मा	
		सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम		अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको		
सामाजिक विकास मन्त्रालय																	
१	जिल्ला अस्पताल, डोटी	१३	३०	२७८६४	०	३	४५	१३	२७	२७८१९	७२१	१११२५	१५९७३	०	०	२७०९८	०
२	जिल्ला अस्पताल, दार्चुला	६	३	८६५	०	०	०	६	३	८६५	७३	०	७९२	०	०	७९२	०
३	जिल्ला अस्पताल, बाजुरा	१४	१९	६२१२	०	०	०	१४	१९	६२१२	१२२०	५४८	४४४४	०	०	४९९२	०
४	जिल्ला अस्पताल, बैतडी	३७	७	१५८७	०	०	०	३७	७	१५८७	८३	१५०४	०	०	०	१५०४	०
५	टिकापुर अस्पताल, कैलाली	१८	९९	१०९६४	०	२	१८७२	१८	९७	९०९२	४०७२	१३४	४८८५	०	०	५०१९	०
६	प्रदेश खेलकुद परिषद धनगढी	२१	२६	७५७९	०	०	०	२१	२६	७५७९	११८	६३०३	११५८	०	०	७४६१	०
७	प्रदेश युवा परिषद धनगढी	९	३	९०	०	०	०	९	३	९०	५	०	८५	०	०	८५	०
८	महाकाली अस्पताल कंचनपुर	१	१	२९	०	०	०	२१	५	२९	०	०	२९	०	०	२९	०
९	सेती प्रादेशिक अस्पताल, धनगढी	२४	६२	३५४२६	०	०	०	२४	६२	३५४२६	७३४७	३४५६	२४५७३	०	०	२८०२९	५०
१०	जिल्ला अस्पताल, अछाम	५	२	१३६७	०	०	०	५	२	१३६७	०	२२१	११४७	०	०	१३६८	०
११	जिल्ला अस्पताल, बझाङ	९	४०	१४८९६	०	०	०	९	४०	१४८९६	३६५	१४५०५	२६	०	०	१४५३१	०
	समिति तर्फ जम्मा	१५७	२९२	१०६८७९	०	५	१९१७	१७७	२९१	१०४९६२	१४००४	३७७९६	५३११२	०	०	९०९०८	५०
मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय																	
१२	प्रादेशिक सुशासन केन्द्र डोटी	६	३३	८८७२	०	०	०	६	३३	८८७२	२००	८४७	७८२५	०	०	८६७२	०
१३	ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी	२	३	५८	०	०	०	२	३	५८	५८	०	०	०	०	०	०
	जम्मा	८	३६	८९३०	०	०	०	८	३६	८९३०	२५८	८४७	७८२५	०	०	८६७२	०
	कुल जम्मा	१६५	३२८	११५८०९	०	५	१९१७	१८५	३२३	११३८९२	१४२६२	३८६४३	६०९३७	०	०	९९५८०	५०

अनुसूची- ११

(प्रतिवेदनको परिच्छेद २ को दफा २ सँग सम्बन्धित)

बेरुजु फर्स्यौट तथा सम्परीक्षणको अद्यावधिक विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	गत वर्षसम्मको बाँकी	सम्परीक्षण भएको	गत बर्षसम्मको बाँकी	यो बर्षको थप	पाँचौ प्रतिवेदनसम्मको बाँकी बेरुजु	पाँचौ प्रतिवेदनसम्मको बाँकी बेरुजुमध्ये पेस्की
१	सरकारी कार्यालयतर्फ	१२१६२२६	७६४९४	११३९७३२	८०५६८१	१९४५४१३	४१०९५८
२	समिति तथा अन्य संस्थातर्फ	३३३३९४	७३९	३३२६५५	११३८९२	४४६५४७	१९९१४
जम्मा		**१५४९६२०**	**७७२३३**	**१४७२३८७**	**९१९५७३**	**२३९१९६०**	**४३०८७२**

अनुसूची- १२

(प्रतिवेदनको परिच्छेद १ को दफा ६ सँग सम्बन्धित)

प्रदेश सरकारले सङ्घीय कार्यालयलाई दिएको बजेटको खर्च विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	जिल्ला	कार्यालय	चालु खर्च	पूँजीगत खर्च	जम्मा खर्च	कैफियत
१.	अछाम	जिल्ला समन्वय समितिको कार्यलय, अछाम	८४०	०	८४०	
२.		नापी कार्यालय, अछाम	४७७	०	४७७	
३.		मालपोत कार्यालय, अछाम	२२५	०	२२५	
४.		जिल्ला प्रहरी कार्यालय, अछाम	०	७२६६	७२६६	
५.	कंचनपुर	जिल्ला समन्वय समितिको कार्यालय, कंचनपुर	१२६०	०	१२६०	
६.		नापी कार्यालय, कंचनपुर	३७०	०	३७०	
७.		नापी कार्यालय, बेलौरी, कंचनपुर	३७०	०	३७०	
८.		भूमि सुधार तथा मालपोत कार्यालय, कंचनपुर	४२५	०	४२५	
९.		मालपोत कार्यालय, बलौरी कंचनपुर	३९९	०	३९९	
१०.		जिल्ला प्रहरी कार्यालय, कंचनपुर	०	७९१४	७९१४	
११.		शुक्लाफाँटा पोलिटेक्निक इन्स्टिच्युट, कंचनपुर	१४७२०	३६८४	१८४०४	
१२.	कैलाली	जिल्ला समन्वय समितिको कार्यालय, कैलाली	२१००	०	२१००	
१३.		नापी कार्यालय, धनगढी, कैलाली	९९८	०	९९८	
१४.		नापी कार्यालय, टिकापुर, कैलाली	३५५	०	३५५	
१५.		भूमि सुधार तथा मालपोत कार्यालय, धनगढी, कैलाली	८४६	०	८४६	
१६.		मालपोत कार्यालय, टिकापुर कैलाली	४१९	०	४१९	
१७.		जिल्ला प्रहरी कार्यालय, कैलाली	०	७५८०	७५८०	
१८.		टिकापुर पोलिटेक्निक इन्स्टिच्युट, कैलाली	४२८७८	३२३८	४६११६	
१९.	कैलाली	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्	१५८३०७	२३४९७	१८१८०४	
२०.	डडेल्धुरा	जिल्ला समन्वय समितिको कार्यालय, डडेलधुरा	४१८	०	४१८	
२१.		नापी कार्यालय, डडेल्धुरा	१९९	०	१९९	
२२.		मालपोत कार्यालय, डडेल्धुरा	२९५	०	२९५	
२३.	डोटी	जिल्ला समन्वय समितिको कार्यालय डोटी	४२०	०	४२०	
२४.		नापी कार्यालय, डोटी	३००	०	३००	
२५.		मालपोत कार्यालय, डोटी	२४४	०	२४४	
२६.		जिल्ला प्रहरी कार्यालय, डोटी	०	१९७११	१९७११	
२७.		सेती प्राविधिक शिक्षालय डोटी	४५९०२	५३०१	५१२०२	
२८.	दार्चुला	जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला	४१६	०	४१६	
२९.		नापी कार्यालय, दार्चुला	२१६	०	२१६	
३०.		मालपोत कार्यालय, दार्चुला	३२५	०	३२५	
३१.		जिल्ला प्रहरी कार्यालय, दार्चुला	०	४४४१	४४४१	
३२.	बझाङ	जिल्ला समन्वय समितिको कार्यालय बझाङ	४२०	०	४२०	
३३.		नापी कार्यालय, झोता भैरव बझांग	१५५	०	१५५	

३४.		नापी कार्यालय, बझांग	१२०	०	१२०	
३५.		मालपोत कार्यालय, झोता भैरव, बझांग	१६०	०	१६०	
३६.		मालपोत कार्यालय, बझांग	२५५	०	२५५	
३७.		शहिद वृष बहादुर सिंह पोलिटेक्निक इन्स्टिच्युट, बझांग	१५१५३	७०६०	२२२१२	
३८.	बाजुरा	जिल्ला समन्वय समितिको कार्यालय, बाजुरा	४२०	०	४२०	
३९.		नापी कार्यालय, बाजुरा	१२५	०	१२५	
४०.		मालपोत कार्यालय, बाजुरा	९७	०	९७	
४१.		जिल्ला प्रहरी कार्यालय, बाजुरा	०	२४८३	२४८३	
४२.	बैतडी	जिल्ला समन्वय समितिको कार्यालय बैतडी	४२०	०	४२०	
४३.		नापी कार्यालय, बैतडी	२२३	०	२२३	
४४.		मालपोत कार्यालय, बैतडी	१९४	०	१९४	
४५.		जिल्ला प्रहरी कार्यालय, बैतडी	०	२५९४	२५९४	
४६.		भिमदत्त पोलिटेक्निक इन्स्टिच्युट,बैतडी	१८२७०	४३५२	२२६२२	
		जम्मा	३०९७३४	९९१२१	४०८८५५	

अनुसूची-१३

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित)

लेखाउत्तरदायी अधिकृतहरूको विवरण र सो अवधिको बेरुजु स्थिति

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरूको नामावली	अवधि		आ.व. २०७८/७९ को बेरुजु	लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			देखि	सम्म		
१	प्रदेश सभा सचिवालय, धनगढी	श्री राम सिंह धामी	२०७८।४।१	२०७८।१०।२९	७९५	०.५५
		श्री दोजेन्द्र राज काफ्ले	२०७८।११।२	२०७८।१२।१२		
		श्री देव बहादुर बोगटी	२०७८।१२।१३	२०७९।३।३२		
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी	श्री मधुसुदन बुर्लाकोटी	२०७८।४।१	२०७८।९।२५	९२८३	२.८१
		श्री रामेश्वर दंगाल	२०७८।१०।२७	२०७९।३।३२		
३	सामाजिक विकास मन्त्रालय, धनगढी	श्री रघुराम विष्ट	२०७८।४।१	२०७८।७।१७	१३७४०७	१.८४
		श्री गणेश बहादुर सिंह	२०७८।७।१८	२०७८।९।२५		
		श्री रीता भण्डारी जोशी	२०७८।९।२६	२०७८।१२।१६		
		श्री दीपक लामिछाने	२०७८।१२।१६	२०७९।३।३२		
४	उद्योग, पर्यटन, वनतथा वातावरण मन्त्रालय धनगढी	श्री यज्ञनाथ दाहाल	२०७८।४।१	२०७८।५।३१	८२६०४	३.१५
		श्री देवेशमणी त्रिपाठी	२०७८।६।१०	२०७९।३।३२		
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी	श्री चुडामणि पौडेल	२०७८।४।१	२०७८।६।३१	२८००८२	३१.६८
		श्री विश्वदिप वेस्रा	२०७८।८।१६	२०७८।१२।१५		
		श्री कमलराज ढकाल	२०७८।१२।१६	२०७९।३।३२		
६	आर्थिक मामिला मन्त्रालय, धनगढी	श्री झलकराम अधिकारी	२०७८।४।१	२०७८।७।१	२१४	०.००२
		श्री जितेन्द्र बस्नेत	२०७८।६।२५	२०७९।३।३२		
७	भौतिकपूर्वाधार विकास मन्त्रालय, धनगढी	श्री ईन्द्रदेव भट्ट	२०७८।४।१	२०७८।८।१९	२३२२१९	२.२२
		श्री तुलसिराम भट्टराई	२०७८।८।२०	२०७९।३।३२		
८	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, धनगढी	डा.किसन लाल भट्ट	२०७८।४।१	२०७८।६।११	१७६८२८	७.३२
		डा.मदन सिंह धामि	२०७८।६।१२	२०७९।३।३२		
९	प्रदेश लोक सेवा आयोग, धनगढी	श्री दुर्गा दत्त विष्ट	२०७८।४।१	२०७८।११।१५	१४२	०.१८
		श्री टुव राज पोखरेल	२०७८।११।१६	२०७८।१२।१		
		श्री रामहरी ज्ञवाली	२०७८।१२।२	२०७९।३।३२		
१०	प्रदेश नीति तथा योजना आयोग, धनगढी	श्री नारायण प्रसाद पौडेल	२०७८।४।१	२०७९।२।३०	०	०
		श्री कुमारी भुवनेश्वरी धामी	२०७९।३।१५	२०७९।३।३२		
	जम्मा				**९१९५७३**	**२.६१**

अनुसूची-१४



सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली
प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण

प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली

आर्थिक वर्ष - [illegible]

विवरण	टिप्पणी नं.	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	२	३	४	५=३+४	६	७	८=६+७
१. राजस्व, अनुदान र अन्य प्राप्ती		[illegible]	[illegible]	[illegible]	[illegible]	०	[illegible]
१.१. राजस्व		[illegible]	०	[illegible]	[illegible]	०	[illegible]
क. कर		[illegible]		[illegible]	[illegible]		[illegible]
ख. अन्य राजस्व		[illegible]		[illegible]	[illegible]		[illegible]
१.२. अनुदान		[illegible]	[illegible]	[illegible]	[illegible]	०	[illegible]
क. द्विपक्षीय वैदेशिक अनुदान			[illegible]	[illegible]			
ख. बहुपक्षीय वैदेशिक अनुदान				०.००			
ग. अन्तरसरकारी वित्तीय हस्तान्तरण		[illegible]	०	[illegible]	[illegible]	०	[illegible]
१.३. बेरुजु तथा अन्य प्राप्ती		[illegible]		[illegible]	[illegible]		[illegible]
२. वित्तीय व्यवस्थापनाट प्राप्ती							
२.१. ऋण लगानी फिर्ता		०	०	०	०	०	०
क. आन्तरिक ऋण लगानी फिर्ता		०	०	०	०	०	०
ख. वैदेशिक ऋण लगानी फिर्ता		०	०	०	०	०	०
२.२. शेयर बिक्री		०	०	०	०	०	०
क. आन्तरिक शेयर बिक्री		०	०	०	०	०	०
ख. वैदेशिक शेयर बिक्री		०	०	०	०	०	०
२.३. वैदेशिक ऋण प्राप्ती		०	०	०	०	०	०
क. बहुपक्षीय		०	०	०	०	०	०
ख. द्विपक्षीय		०	०	०	०	०	०
ग. अन्य		०	०	०	०	०	०
२.४ आन्तरिक ऋण		०	०	०	०	०	०
क. राष्ट्रिय बचतपत्र		०	०	०	०	०	०
ख. नागरिक बचतपत्र		०	०	०	०	०	०
ग. विकास ऋणपत्र		०	०	०	०	०	०
घ. वैदेशिक रोजगार बचतपत्र		०	०	०	०	०	०
ङ. विशेष ऋणपत्र		०	०	०	०	०	०
च. ब्याजमा आधारित ट्रेजरी बिल		०	०	०	०	०	०
छ. बट्टामा आधारित ट्रेजरी बिल		०	०	०	०	०	०
ज. अन्य		०	०	०	०	०	०
४. यस वर्षको खुद प्राप्ती (१+२+३)		[illegible]	[illegible]	[illegible]	[illegible]	०	[illegible]
५. भुक्तानी		[illegible]	[illegible]	[illegible]	[illegible]	०.०	[illegible]
५.१. संचित कोष मार्फत व्यवहार हुने रकमबाट खर्च		[illegible]	०	[illegible]	[illegible]	०	[illegible]
क. चालु खर्च		[illegible]		[illegible]	[illegible]		[illegible]
ख. वित्तीय खर्च		०		०	०		
५.२. विनियोजन ऐनद्वारा भएको खर्च		[illegible]	[illegible]	[illegible]	[illegible]	०	[illegible]
क. चालु खर्च		[illegible]	[illegible]	[illegible]	[illegible]		[illegible]
ख. पूँजीगत खर्च		[illegible]		[illegible]	[illegible]		[illegible]
ग. वित्तीय खर्च		०		०			
६. विनियमबाट वा अन्य समायोजन		०	०	०	०	०	०
७. यस वर्षको जम्मा भुक्तानी (५+६)		[illegible]	[illegible]	[illegible]	[illegible]	०.०	[illegible]
८. यस अवधिको कोषमा भएको खुद घट (+/-) (४-७)		[illegible]		[illegible]	[illegible]		[illegible]
९. आर्थिक वर्षको शुरुवातको मौज्दात		[illegible]		[illegible]	[illegible]		[illegible]
१०. आर्थिक वर्षको अन्त्यको मौज्दात (८+९)		[illegible]	०.००	[illegible]	[illegible]	०.००	[illegible]

[illegible]

तयार गर्नेको सही
नाम
मिति

प्रदेश लेखा नियन्त्रकको सही
नाम
पद

प्रदेश लेखा नियन्त्रक

महालेखा परीक्षकको सही
नाम
मिति

४. समिक्षात्मक टिप्पणी

- यस प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइको रुपमा समेत काम गरि रहेका संघिय कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट आ.व. २०७८/७९ को सुदूर पश्चिम प्रदेशका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरि तयार भएको प्रतिवेदनहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

- २०७८/७९ मा प्रदेश सरकारको कुल निकासा खर्च रकम रु. २०८७३५९०९७।५३ भएकोमा आन्तरिक लेखापरीक्षणको बेरुजू अंक २९४४३९९५।२३ देखिन आएको छ । निकासा खर्चको अनुपातमा बेरुजु १.४१ प्रतिशत हुन आउँछ ।

- कुल बेरुजू मध्ये पेश्की बाँकी बेरुजू अंक २१४६३४२६७।०० अर्थात ७२.८९% रहन गएको छ।

- कुल बेरुजू मध्ये नियमित गर्नु पर्ने बेरुजू अंक ७४१९५९७४।८७ अर्थात १.३१% रहन गएको ।

- कुल बेरुजू मध्ये असुल गर्नु पर्ने बेरुजू अंक ५६१३७५३।३६ अर्थात १.९०% रहन गएको ।

- जिल्लागत बेरुजू अंक हेर्दा कुल बेरुजुको सबैभन्दा बढी बझाङ जिल्लाको रु. ९८१५८६३८। अर्थात १४.५५ प्रतिशत र सबैभन्दा घटि बैतडी जिल्लाको ०.०० प्रतिशत देखिन्छ ।

- मन्त्रालयगत बेरुजू अंक हेर्दा कुल बेरुजुको सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको रु. १९७४२६५९० अर्थात ६७ प्रतिशत र सबैभन्दा घटि आर्थिक मामिला तथा योजना मन्त्रालयको बेरुजू रु. ११०३ देखिन्छ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूको आधारमा आन्तरिक लेखापरीक्षण सम्बन्धी ज्ञान, सीप र अनुभवको लागि लेखा परिक्षण सम्बन्धी तालिमको अनिवार्य आवस्यकता छ ।प्रचलित ऐन तथा नियममा भएका परिवर्तन समेत लाइ हेरेर अन्तरक्रिया र गोष्टी संचालन गर्नु पर्ने देखिन्छ ।

- प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने महत्वपूर्ण कार्य मध्ये प्रदेश सञ्चित कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने हो भने आन्तरिक लेखापरीक्षण गर्ने कार्य दोस्रो महत्वपूर्ण कार्य हो । आगामी दिनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण लाइ वस्तुनिष्ठ र प्रभावकारी बनाउन लेखापरीक्षणका मापदण्डहरू लागु गरि सुधारका कियाकलापहरू गर्नुपर्ने देखिन्छ ।

वासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक